## परिच्छेद : एक

# शोध परिचय

### १.१ विषय परिचय

लीलबहादुर क्षेत्री साहित्यका बहुविध विधामा कलम चलाएर नेपाली साहित्यको फाँटमा उज्ज्वल नक्षत्रका रूपमा चर्चित व्यक्तित्व हुन् । भारतको आसाममा जन्मिएर पनि आफ्नो पुर्खौली थलो नेपाललाई बनाई नेपाली साहित्य भनेपछि हुरुक्क हुने क्षेत्रीले नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूको दुःख र पीडालाई हृदयस्पर्शी रूपमा अभिव्यक्ति दिन सफल देखिन्छन् । बहुविधामा कलम चलाएर नेपाली साहित्यको शब्द भण्डार भरी नेपाल र नेपालीहरूलाई बिर्सिनसक्नु गुन लगाएर अमीट छाप राख्न सफल क्षेत्री नेपालीहरूका प्रेरणाका प्रतिमूर्ति हुन् । कक्षा नौमा अध्ययनरत छँदादेखि नै 'विरह' उपन्यास लेखेतापनि विधिवत् रूपमा सन् १९४९ सालमा प्रकाशित 'शिवस्तुति' कविताबाट नेपाली साहित्यमा लेखनको सुरुवात गरेका साहित्यकार क्षेत्री कथा, नाटक, कविता, निबन्ध, उपन्यास आदि साहित्यका सबै विधामा कलम चलाएका छन् र उनको सिर्जनशीलता आजसम्म निरन्तर छ । उनका कृतिहरू **बसाइँ** (२०१४), **अतृप्त** (२०२६), **ब्रह्मपुत्रको छेउछाउ** (२०४३), **प्रतिध्वनिहरू विस्मृतिमा** (२०६१) उपन्यास **दोबाटो** (वि.सं.२०२४), **माँग** (सन् १९६७) , **शुरुको शुरु** (वि.सं. २०४४) र **पञ्चामृत** (सन् १९७२) नाटक, 'शिवस्तुति' (सन् १९४९), 'जीवन चक्र' (सन् १९५६) कविता, 'कर्तव्य' (सन् १९५२), 'सानिको आमा' (सन् १९५२), 'जीवनको बत्ती निभ्यो' (सन् १९५५), 'गोठालोको सपना' (सन् १९५५), 'वास्वविकता' (सन् १९५६), 'मुगाको चोलो' (सन् १९५६), 'अन्तर्विरोधी' कथा र अनेकौं फुटकर निबन्धहरू र फुटकर लेखरचनाहरू लेखेका छन् । यसरी विविध विधामा कलम चलाए पनि सफल व्यक्तित्वका धनी लीलबहादुर क्षेत्री उपन्यासकारका रूपमा चिनिन्छन् । जीवनजगत्को भोगाइ, ज्ञान र अनुभवले यिनको सिर्जनात्मक व्यक्तित्व उर्वर बनेको छ । बाँचेको युग, भोगेको जीवन र उनका कृतिगत जीवनलाई हेर्दा लीलबहादुर क्षेत्री युग द्रष्टा, भोक्ता र प्रवक्ता हुन् भन्न सकिन्छ । प्रस्तुत शोधकार्य **ब्रह्मपुत्रको छेउछाउ**मा पात्र विधानको औचित्य निरुपणसँग संवन्धित छ ।

## १.२ शोधको समस्या

प्रस्तुत शोधको विषय आफैँमा एउटा मूल प्राज्ञिक समस्या हो तापनि यस विषय-सँग गाँसिएर आउने मूलमूल समस्याहरूलाई बुँदागत रूपमा यसरी देखाउन सकिन्छ :

क. **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पात्रविधान के कसरी भएको छ ? के कस्ता पात्रहरू छन् ?

ख. पात्रविधानका दृष्टिले **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पात्रको भूमिका के कस्तो छ ?

ग. **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको पात्रविधानको औचित्य के हो ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको मूल उद्देश्य **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको पात्रविधानका केन्द्रित रही शोध समस्यामा उठाइएका समस्याहरूको खोजी गर्नु हो । प्रस्तुत शोधपत्रको उद्देश्य निम्नानुसार रहेने छ :

क. **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पात्रहरूको प्रकार स्पष्ट पार्नु ।

ख. **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा प्रयुक्त पात्रको भूमिका निरूपण गर्नु ।

ग. **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको पात्रविधानको औचित्य निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

लीलबहादुर क्षेत्रीद्वारा लिखित **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासका बारेमा विभिन्न विद्वान्हरूले विविध दृष्टिले अध्ययन गरेका छन् तापनि प्रस्तुत उपन्यासको पात्रविधानका बारेमा कसैले पनि अध्ययन गरेको देखिँदैन । यति हुँदाहुँदै पनि प्रस्तुत शोध कार्यका मूल प्राज्ञिक जिज्ञासासँग सम्बद्ध हुन आउने औपन्यासिक कृतिका बारेमा र प्रस्तुत शोधका मूल समस्यासँग जोडिएर आउने अध्ययनहरू जे जति भएका छन् तिनको कालक्रमिक अध्ययन तल प्रस्तुत गरिएको छ ।

दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको संक्षिप्त इतिहास** (२०४३) मा लीलबहादुर क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ** नाममात्र उल्लेख गरेका छन् ।

देवीचरण सेढाईंले ''लीलबहादुर क्षेत्रीको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन'' (२०४५) नामक स्नातकोत्तर अप्रकाशित शोधपत्रमा **ब्रह्मपुत्रको छेउछाउ** क्षेत्रीको तेस्रो र चर्चित उपन्यास हो जुन सन् १९८८ मा भारतीय साहित्य अकादमी पुरस्कारले पुरस्कृत भएको कृति हो भनेका छन् ।

धीरकुमार श्रेष्ठले ''उपन्यासकार लीलबहादुर क्षेत्री र ब्रह्मपुत्रको छेउछाउ'' (२०५४) शीर्षक **गरिमा**मा प्रकाशित लेखमा उपन्यासमा ब्रह्मपुत्रका छेउछाउबाट प्रस्तुत गरिएका सामाजिक, राजनैतिक, ऐतिहासिक यथार्थ क्षेत्रीको औपन्यासिक यात्राको प्रमुख पक्ष रहेको छ भनी समालोचना गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०५९) मा लीलबहादुर क्षेत्रीलाई यथार्थवादी उपन्यासकार मान्दै सामाजिक र वैयक्तिक जीवनलाई मुर्त्याउने यथार्थ पृष्ठभूमिमा क्षेत्री न पूर्णतया तटस्थ छन्, न त प्रत्यक्ष आरोपित भनेका छन् ।

कमलादेवी शर्माले स्नातकोत्तर शोधपत्रमा ''उपन्यासकार लीलबहादुर क्षेत्री र ब्रह्मपुत्रको छेउछाउ'' (२०५५) मा उपन्यासकार लीलबहादुर क्षेत्रीले बाध्यतावश देश छोड्ने तथा प्रलाभित आकांक्षा र सपना साँचेर रोजगारको खोजीमा आसाम पुग्ने नेपालीहरूको दुर्दशा तथा उत्पीडनहरूको यथार्थ अवगत गराउन **ब्रह्मपुत्रको छेउछाउ**को रचना गरिएको बताएकी छन् ।

**ब्रह्मपुत्रको छेउछाउ** (२०५९) भन्ने आफ्नो कृतिमा स्वयम् लीलबहादुर क्षेत्रीले **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा दुःखान्त भई पराजित नियति भोग्न अभिषापित कर्मप्रति उत्तरदायी यो समाज, यी ठुलाठालु मान्छेका व्यक्तिगत स्वार्थ, विधि विधान नाङ्गिन्छन् भनेका छन् ।

घटराज भट्टराईले **समकालीन साहित्य** (वर्ष १५, अङ्क १ पूर्णाङ्क ५५, २०६१) मा प्रकाशित ''उपन्यासकार लीलबहादुर क्षेत्री र उनको पछिल्लो उपन्यास प्रतिध्वनिहरू विस्मृति'' शीर्षकको लेखमा **ब्रह्पपुत्रको छेउछाउ** उपन्यासमा नेपालीहरूले के-कसरी जीवनयात्रा चलाएका छन् ? कसरी दुःखमय क्षणहरू बिताउँछन् ? नेपालबाट सुखको खोजमा त्यहाँ पुग्ने नेपालीको अवस्था कस्तो छ ? त्यसको कारुणिक चित्र उतार्न यो उपन्यासले सफलता पाएको छ भनी आसाममा पुगेका नेपालीहरूको वस्तुस्थिति बताएका छन् ।

खुमराज पाण्डेले "लीलबहादुर क्षेत्रीका आख्यानात्मक कृतिमा निहित सामाजिक यथार्थवाद" शीर्षक अप्रकाशित शोधपत्र (२०६६)मा लीलबहादुर क्षेत्री सामाजिक यथार्थवादी उपन्यासकार भएकाले आसामतिरकै सामाजिक वस्तुस्थिति अँगालेर यो उपन्यास देखिएको बताएका छन् ।

यसरी विभिन्न समयमा विभिन्न विद्वान्हरूले **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको विविध दृष्टिकोणबाट अध्ययन गरेका देखिन्छ । यी अध्ययनहरूमा कसैले इतिहास लेखनका क्रममा उपन्यासकार र उपन्यासको नामोल्लेख मात्र गरेका छन् भने कसैले जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा प्रस्तुत उपन्यासको चर्चा मात्र गरेका छन् । यस्तै कतिपयका समीक्षाको सैद्धान्तिक वा वैचारिक धरातल नै प्रस्तुत शोधपत्रमा उठाइएका समस्यादेखि निकै टाढा देखिन्छ । यसबाट प्रस्तुत शोधपत्रको मूल प्राज्ञि जिज्ञासासँग सम्बद्ध हुन आउने कृतिको सङ्केतात्मक सूचना, सर्वेक्षणात्मक वा प्रभावपरक अध्ययन भए पनि मूल समस्यासँग सम्बन्धित विषयमा कसैले पनि अध्ययन नगरेको कुरा उपर्युक्त विवरणले स्पष्ट पार्छ । अतः यस परिप्रेक्षमा प्रस्तुत शोधकार्यको औचित्य वयम् स्पष्ट हुने देखिन्छ ।

## १.५ अध्ययनको औचित्य

पूर्वकार्यको समीक्षाबाट के स्पष्ट हुन्छ भने लीलबहादुर क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको बारेमा पात्रविधानमा केन्द्रित भई विशिष्ट अध्ययन हुन सकेको छैन । त्यसैले यस उपन्यासका पात्रविधानको गहन अध्ययन हुन नसकेको अवस्थामा यस उपन्यासको प्रयुक्त पात्रहरूको विश्लेशण गरिने हुनाले उक्त शोधकार्य स्वतः औचित्यपूर्ण देखिन्छ । यसै गरी यस उपन्यासको पात्रविधानका दृष्टिले अध्ययन गर्न चाहने पाठकहरूलाई समाग्री उपलब्ध गर्नमा पर्याप्त सहयोगी हुने देखिएकाले यो शोधकार्य औचित्यपूर्ण हुने ठानिएको छ ।

## १.६ शोधको सीमाङ्कन

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको पात्रविधानको प्रकृति निरूपणमा यो अध्ययन केन्द्रित छ । यसका निम्ति पात्र विधानको सैद्धान्तिक आधार नै यस शोध पत्रको सैद्धान्तिक आधार रहेको छ । यसरी पात्रविधानको सैद्धान्तिक आधारमा प्रस्तुत उपन्यासमा विधान गरिएको पात्रको स्वरूप र प्रकृति निरूपणमा केन्द्रित हुनु नै प्रस्तुत शोधको सीमा हो ।

## १.७ शोधविधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रका लागि आवश्यक पर्ने प्राथमिक सामग्रीका रूपमा लीलबहादुर क्षेत्रीका उपन्यासहरू रहेका छन् भने तिनका बारेमा गरिएका समालोचनात्मक लेख तथा सैद्धान्तिक ग्रन्थहरू शोधकार्यका लागि द्वितीयक सामग्री भएका छन् । यी सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएका छन् ।

### १.७.२ अध्ययन विधि

प्रस्तुत शोधपत्रमा **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको पात्रविधानको प्रकृति निरूपणमा केन्द्रित भएको हुँदा यसमा पात्रविधानको सैद्धान्तिक अवधारण यस अध्ययनको आधार भएको छ । यसका साथै प्रस्तुत शोधकार्यको सामग्री सङ्कलन गर्ने क्रममा पत्रपत्रिका, लेख रचना आदिलाई आधार बनाएर सङ्कलित सामग्रीहरूको व्याख्या विश्लेषण गर्ने क्रममा वर्णनात्मक, विश्लेषणात्मक पद्धति अपनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

परिच्छेद १ : शोध परिचय

परिच्छेद २ : उपन्यासकार लीलबहादुर क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्व

परिच्छेद ३ : उपन्यासकार लीलबहादुर क्षेत्रीको औपन्यासिक यात्रा र प्रवृत्ति ।

परिच्छेद ४ : पात्रविधानको सैद्धान्तिक आधार

परिच्छेद ५ : **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पात्रविधान

परिच्छेद ६ : निष्कर्ष

सन्दर्भ सामग्री सूची

परिच्छेद : दुई

# उपन्यासकार लीलबहादुर क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्व

## २.१ विषय प्रवेश

समाजिक यथार्थवादी उपन्यासकार लीलबहादुर क्षेत्री भारतवर्षको पूर्वाञ्चल राज्यहरूको केन्द्रविन्दु तथा आसाम राज्यको मुख्य सहर गुवाहाटीमा वि.सं. १९८९ फागुन १८ गते पिता स्व. प्रेमबहादुर क्षेत्री र माता पवित्रादेवीका पुत्ररत्नका रूपमा जन्मेका थिए। प्रारम्भिक शिक्षा शिलाङको गोर्खा पाठशालाबाट सुरु गरी आसामको उच्च शिक्षाको केन्द्र मानिने गुवाहाटी विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर पूरा गरेका क्षेत्री अर्थशास्त्र विषयका अध्यक्ष समेत भई प्राध्यापन कार्यबाट निवृत्त भएका छन् । अर्थविज्ञानको छात्र, साहित्य र दर्शनको विषयमा रुचि राख्ने क्षेत्री नेपाली वाङ्मयका प्रायः सबै विधामा कलम चलाएर प्रसिद्धि कमाएका एकजना विशिष्ट प्रतिभा हुन् । लेखनारम्भ **विरह** नामक उपन्यासबाट सुरु गरेका र वि.सं.१९४९ मा 'शिवस्तुति' कविताबाट प्रकाशनारम्भ गरेका क्षेत्री उपन्यासकारकै रूपमा बढी परिचित छन् । कथा, कविता, नाटक, निबन्ध र उपन्यासजस्ता विधामा परिपक्व देखिएका क्षेत्रीको बहुमुखी स्रष्टा व्यक्तित्वले यी विविध विधाहरूमध्ये उपन्यासको क्षेत्रमा बढी मौलाएको छ । विषयगत व्यापकता र विस्तृतता उनका कृतिहरूले क्रमबद्ध रूपमा अँगालेका छन् । अनेक विधामा छरिएर मूलतः उपन्यासमा नै चर्चित र सम्मानित हुन पुगेका क्षेत्री नेपाली उपन्यास सिर्जनाद्वारा वेदनिधि पुरस्कार र सम्मानद्वारा सम्मानित हुनु नेपाल र नेपालीहरूको गौरवको विषय बनेको छ । अतः यहाँ लीलबहादुर क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको गति प्रकृति के कस्तो रहेको छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

### २.१.१ जन्म र बाल्यकाल

उपन्यासकार लीलबहादुर क्षेत्रीको जन्म भारतवर्षको पूर्वाञ्चल राज्यहरूको केन्द्रविन्दु तथा आसाम राज्यको मुख्य सहर गुवाहाटीमा वि.सं. १९८९, फागुन १८ गते भएको देखिन्छ । क्षेत्री स्व. प्रेंमबहादुर क्षेत्री र माता पवित्रा देवीका सुपुत्र हुन् । उनको पुख्यौली घर धनकुटा पूर्वी नेपालबाट गुवाहाटी पुगेका प्रेमबहादुर क्षेत्री आसाम पुलिसमा भर्ना भई

विभिन्न स्थानहरूमा सरुवा हुँदै अन्त्यमा गुवाहाटीमा स्थायी रूपले बसोबास गर्न थालेको जानकारी पाइन्छ । आसाम पुलिसमा डी.एस.पी. सम्म भएका स्व.प्रेमबहादुर क्षेत्री आसाम पुलिस विभागमा राष्ट्रपति पुलिस पदक पाउने पहिलो नेपाली थिए । उनले आफ्ना छोरा लीलबहादुरलाई विभिन्न ठाउँमा स्थानान्तरण हुँदा पनि आफूसँगै राखेर शिक्षा आर्जन गर्ने व्यवस्था मिलाइदिएका थिए भन्ने  जानकारी पाइन्छ । पिताकै सत्प्रयास तथा प्रेरणाबाट र आफ्नो एकाग्रताका कारण नै लीलबहादुर क्षेत्री शिक्षाका क्षेत्रमा सफलता प्राप्त गर्न सक्षम भएका देखिन्छन् ।

## २.१.२ शिक्षादीक्षा

लीलबहादुर क्षेत्रीको आक्षरिक ज्ञानको थालनी घरैबाट भए पनि प्रारम्भिक शिक्षाको सुरुवात शिलांगको गोर्खा पाठशालाबाट भएको देखिन्छ । क्षेत्रीले निम्न माध्यमिक परीक्षा यसै स्कुलबाट उत्तीर्ण गरी शिलांगकै मोखार क्रिश्चियन हाइ स्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेको देखिन्छ । यसपछि उच्च शिक्षाको लागि गुवाहाटी गई त्यहीँको कटन महाविद्यालयबाट आइ.ए तथा स्नातक (बी.ए.) परीक्षा सफलतापूर्वक उत्तीर्ण भई आसामको उच्च शिक्षाको केन्द्र मानिने गुवाहाटी विश्वविद्यालयबाट अर्थशास्त्र विषयमा स्नातकोत्तर (एम.ए.)को अध्ययन पूरा गरेको देखिन्छ । यसरी क्षेत्रीले आसाम तथा शिलांगका विभिन्न विद्यालय र महाविद्यालय अनि विश्वविद्यालयबाट शिक्षा आर्जन गरेको पाइन्छ  भने स्नातक (बी.ए.) शिक्षा हासिल गर्ने बित्तिकैदेखि विभिन्न सरकारी र गैरसरकारी निकायहरूमा काम गर्दै आएको जानकारी पनि पाइन्छ । यसरी क्षेत्रीले स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा हासिल गरेको देखिन्छ ।

## २.१.३ पारिवारिक अवस्था

आफ्नो जीवनयात्राको क्रममा लीलबहादुर क्षेत्रीले दुईवटा विवाह गरेको पाइन्छ। प्रथम विवाहिता पत्नी धनमाया क्षेत्रीबाट सन्तान नभएकाले दोस्रो विवाह लावण्य क्षेत्रीसँग गरेको र कान्छी श्रीमतीबाट दुई छोरा र एक छोरीको जन्म भई आफू बाबु बन्ने सौभाग्य क्षेत्रीले प्राप्त गरेको देखिन्छ । त्यसैले सानो परिवार सुखी परिवारका रूपमा क्षेत्रीको सांसारिक जीवन डुङ्गा सरी बगिरहेको पाइन्छ । वर्तमान आफ्नो पारिवारिक तथा सांसारिक

जीवनलाई दरिलो राख्दै आसाम लगायत सर्वभारतीय स्तरका विभिन्न साहित्यिक, सामाजिक संस्थासँग सम्पर्क राखी क्षेत्रीले जीवन व्यतित गरिरहेका छन् ।

### २.१.४ आर्थिक अवस्था

बाबु स्व. प्रेमबहादुर क्षेत्री नै भारत सरकारको सरकाली जागिरे भएका र आफूले पनि उच्च शिक्षा प्राप्त गरी सरकारी महाविद्यालयको प्राध्यापक समेत भएका क्षेत्रीको वर्तमान आर्थिक अवस्था सम्पन्न रहेको पाइन्छ । महाविद्यालयको प्राध्यापक भएका र सेवा-निवृत्त भई बसेका क्षेत्रीले दुःख र विपन्नताको सामना कहिल्यै गर्नु परेको छैन भन्ने बुझिन्छ । गुवाहाटी महानगरीको बी. बरुवा रोड महाखलीमा क्षेत्रीको सुव्यवस्थित बास भवन रहेको छ, जुन आसामको प्रख्यात नेहरू स्टेडियमको नजिकै अवस्थित छ । यो सम्पन्नता लीलबहादुर क्षेत्रीको सर्जक व्यक्तित्व निर्माणमा सहायक परिस्थिति बनेको देखिन्छ ।

### २.१.५ व्यक्तिगत रुचि

साहित्य र दर्शनको विषयमा रुचि राख्ने लीलबहादुर क्षेत्री आफूलाई अर्थ विज्ञानको छात्र भन्न बढी मन पराउँथे । त्यस्तै क्षेत्रीका रुचि खेलकुद, भ्रमण, साहित्य, सङ्गीतको साधना, धार्मिक कार्य र अध्ययन-चिन्तनमा रहेको देखिन्छ । यी मध्ये पनि अध्ययन लेखन, र चिन्तनमा उनको झुकाव बढी रहेको देखिन्छ । उनले कक्षा ९ मा अध्ययनरत हुँदा नै **विरह** उपन्यासबाट आफ्नो साहित्यिक जीवनको सुरु गरे । कथा, निबन्ध, नाटक लेखे तापनि उनको कलम बढी उपन्यास विधामा सफल देखिन्छ । साकाहारी भोजन रुचाउने क्षेत्री खानामा दाल, भात, रोटी, तरकारी दूध, दही र चिया मन पराउँछन् भने कहिलेकाँहीँ मांसाहारी भोजन पनि मन पराउँछन् ।

अनेक विधामा छरिएर मूलतः उपन्यासमा नै चर्चित र सम्मानित हुन पुगेका क्षेत्रीले नेपाली उपन्यास सिर्जनाद्वारा वेदनिधि पुरस्कार प्राप्त गर्न सफल भएका छन् । भारतीय साहित्य अकादमी पुरस्कार, भानु पुरस्कार, दुलिचन्द्र पुरस्कारहरूद्वारा विभूषित र विभिन्न संघ -संस्थाद्वारा सम्मानित हुन पुगेका छन् ।

## २.१.६ मान-सम्मान तथा भ्रमण

मानिस चेतनशील प्राणी हो । त्यसैले उसका धेरै इच्छा र चाहनाहरू हुन्छन् । नयाँ ठाउँ घुम्ने, बुझ्ने, जानकारी बटुल्ने आदि हरेक मानिसका रुचि हुन्छन् । त्यस्तै प्रकारले उपन्यासकार लीलबहादुर क्षेत्रीमा पनि भ्रमण गर्ने रुचि असाध्यै भएकाले उनले थोरै समयमा धेरै मुलुकको भ्रमण गर्ने चाहनालाई पूरा गरेको देखिन्छ । उनले निजी भ्रमणको सिलसिलामा नेपाल, भारत, चीन, भुटान आदि मुलुकको देशाटन गरिसकेको कुरा उनी गौरवसँग बताउँछन् ।[1]

लीलबहादुर क्षेत्रीले जम्मा चारवटा उपन्यास लेखेर आफूलाई नेपाली उपन्यास साहित्यमा स्थापित गराएको देखिन्छ । उनी पनि नेपाली साहित्यमा थोरै कृति लेखेर बढी ख्याति कमाउने साहित्यकारको कोटीमा पर्दछन् । **बसाइँ** (२०१४), **अतृप्त** (२०२६), **ब्रह्मपुत्रको छेउछाउ** (२०४३) र **प्रतिध्वनिहरू विस्मृतिमा** (२०६१) का माध्यमबाट उनले सामाजिक, राजनैतिक, ऐतिहासिक यथार्थलाई उजागर गरेका छन् । हिन्दी भाषामा र असमिया भाषामा उनका कृतिहरू अनूदित छन् । उनका कविता तथा गीतहरूको संगालोका रूपमा प्रतिध्वनिमा छापिएका छन् । काठमाडौं २०६६ मा भएको नेपाली साहित्य सम्मेलनमा वरिष्ठ उपन्यासकारको रूपमा दोसल्ला ओढाएर सम्मान गरिनु उनको सफलता एवम् सम्मान हो भनेर भन्न सकिन्छ ।

## २.२ लीलबहादुर क्षेत्रीको व्यक्तित्व

उपन्यासकार लीलबहादुर श्रेत्रीको परिचयलाई निखार्न उनले नेपाली साहित्य र समाजका विभिन्न क्षेत्रमा छोडेका छापहरूलाई उनको व्यक्तित्व मार्फत विभिन्न शीर्षकहरूमा प्रकाश पारिएको छ । कक्षा ९ मा अध्ययनरत रहँदा नै **विरह** उपन्यास (पूरा हुन नसकेको) लेखे तापनि विधिवत् रूपमा सन् १९४९ सालमा प्रकाशित 'शिवस्तुति' कविताबाट नेपाली साहित्यमा लेखनको सुरुवात गरेका साहित्यकार लीलबहादरु क्षेत्री प्रारम्भमा पद्य विधातर्फ आकर्षित भएका थिए । साहित्यका प्राय: सबै विधामा कलम चलाएका क्षेत्रीका साहित्य अन्तर्गतका विविध व्यक्तित्वको बारेमा संक्षिप्त रूपमा प्रकाश पारिएको छ ।

---

[1] लीलबहादुर, क्षेत्रीसँगको कुराकानीमा आधारित ।

### २.२.१ शारीरिक व्यक्तित्व

उपन्यासकार लीलबहादुर क्षेत्रीको शारीरिक व्यक्तित्वलाई नियाल्दा उचाई साँढे पाँच फुट, हँसिलो, गहुँगोरो वर्णको, मुस्कानयुक्त वाणी, तेजस्वी आँखा, गम्म परेका खाइलाग्दो शरीर आदि बाह्य पक्षले उनको बाह्य व्यक्तित्व उच्च र आकर्षक देखिन्छ । कुराकानीको क्रममा प्रायः हँसमुख देखिने क्षेत्री सरल  र प्रष्ट वक्ताको रूपमा चिनिन्छन् । परिस्थिति अनुसार व्यङ्ग्यात्मक भाषालाई पनि प्रयोग गर्न सिपालु क्षेत्री हरेक वर्ण, तह, तप्काका मानिसलाई सम व्यवहार गर्न रुचाउँछन् ।

### २.२.२ स्रष्टा व्यक्तित्व

नेपाली साहित्यका प्रायः सबै विधामा आफ्नो उपस्थिति गराइसकेका लीलबहादुर क्षेत्री नेपाली साहित्यिक फाँटमा स्रष्टा व्यक्तित्वको रूपमा चिनिन्छन् । पद्य विधामा त्यति जम्न नसकेका क्षेत्री दोस्रो चरणमा गद्य विधामा चाहिँ दरिलो रूपमा प्रस्तुत भएका छन् । जसलाई उनले आजसम्म निरन्तरता दिइरहेका छन् । गद्य विधातर्फका कृतिहरूमा चारवटा उपन्यास, पाँचवटा कथा, सातवटा निबन्ध, एउटा निबन्धसङ्ग्रह, चारवटा नाटक र केही फुटकर कविता, कथा र निबन्धहरू प्रकाशित भएका छन् र प्रकाशित हुने अवस्थामा पनि छन् ।

मानव जीवनसँग साहित्यको नङ मासुको जस्तो सम्बन्ध रहेको हुन्छ भन्ने मान्यता राख्ने उपान्यासकार क्षेत्रीको सबै विधाको साहित्य पाठकसमक्ष पुगेपछि पाठकका निम्ति आदेशमूलक र प्रेरणादायी हुन्छ भन्ने विश्वास राख्दछन् । सन् १९४९ देखि नै साहित्य यात्रामा होमिएका क्षेत्रीले प्रसिद्धि चाहिँ वि.सं. २०१४ मा **बसाइँ** उपन्यास प्रकाशित पश्चात् मात्र प्राप्त गर्दछन् । त्यसपछि, **अतृप्त** (२०२६) **ब्रह्मपुत्रको छेउछाउ** (२०४३), **प्रतिध्वनिहरू विस्मृतिमा** (२०६१) उपन्यास प्रकाशित भए पछि उनको उपान्यासकार व्यक्तित्व अझ उचाइमा पुगेको पाइन्छ । स्रष्टा व्यक्तित्व भएको कारणले साहित्यलाई उनी विविध प्रकारले अर्थ्याउँछन् । साहित्यले जीवनको यथार्थ चित्रण गर्नुपर्छ । मानव जीवनका सबै पक्षलाई साहित्यले प्रस्तुत गर्नुपर्छ । साहित्य वर्गीय हुनुहुँदैन भन्ने उनको मान्यता देखिन्छ । सबै प्रकारका पाठकले यसलाई आत्मसात गर्नसक्ने हुनुपर्दछ । साहित्यको भाषा पनि सबै

प्रकारका पाठकको लागि बोधगम्य हुनुपर्छ, क्लिष्ट भाषा हुनुहुँदैन । समाजमा व्याप्त कुरीति, अन्याय, शोषण, भ्रष्टाचार एवम् विकृति आदि पक्षलाई उजागर गर्न साहित्य नै बढी प्रभावशाली र स्थायित्व हुने भएकाले उनी गद्य साहित्यतर्फ प्रेरित भएका देखिन्छन् ।[२] जे होस् लीलबहादुर क्षेत्रीको साहित्यतर्फ विविध विधामा कलम चलेको हुँदा यिनको साहित्यिक व्यक्तित्व सफल छ । जसको सङ्क्षिप्त अध्ययन यहाँ गरिएको छ ।

समाजमा दिन प्रतिदित घटेका घटनाहरू, समाजमा देखिएका चुनौती र समस्याहरूलाई साहित्यकारले प्रत्यक्ष अनुभव गरेर भोगेका अभिव्यक्ति दिन सफल साहित्य साधक लीलबहादुर क्षेत्रीको साहित्यिक व्यक्तित्व सफल मानिन्छ ।

लीलबहादुर क्षेत्रीले साहित्यमा रुचि र संलग्नता सानै उमेरदेखि राखेको पाइन्छ । यिनी विद्यार्थी जीवनबाटै भाषा साहित्यतर्फ उन्मुख रहेका देखिन्छन् । क्षेत्रीले बाल्यकालदेखि नै भजन गीतहरू लेख्ने गरेको जानकारी पाइन्छ । सन् १९४९ मा बुकलेटको रूपमा प्रकाशित 'शिवस्तुति' नामक कविता (प्रार्थना) क्षेत्रीको पहिलो प्रकाशित रचना रहेको पाइन्छ । यसपछि सन् १९५२ मा **युगवाणी** पत्रिकामा प्रकाशित 'कर्तव्य' नामक कथाबाट उनको साहित्यिक लेखनको सुरुवात भएको पाइन्छ ।[३] यसरी क्षेत्रीले कथा, नाटक, कविता, निबन्ध, उपन्यास आदि साहित्यका सबै विधामा कलम चलाउँदै आएको देखिन्छ ।

## क. कथाकार व्यक्तित्व

बहुमुखी प्रतिभाका धनी लीलबहादुर क्षेत्रीले 'कर्तव्य' नामक कथाबाट साहित्यिक जीवन सुरु गरेको देखिन्छ । क्षेत्रीका कथाहरूमा 'कर्तव्य' (सन् १९९२), 'सानीकी आमा' ( सन् १९५२), वाराणसीबाट प्रकाशित हुने **युगवाणी** पत्रिकामा 'जीवनको बत्ती निभ्यो' र 'गोठालाको सपना' (सन् १९५५), कालिम्पोंगबाट प्रकाशित हुने **गोर्खा** मा 'वास्तविकता' (सन् १९५६), 'मुगाको चोलो' (सन् ९५६), तेजपुरबाट प्रकाशित हुने **प्रभात** मा 'मेरो आत्मिय भूत' काठकाडौँबाट प्रकाशित हुने **मधुपर्क** (२०५०) मा 'आदि' कथा छापिएका पाइन्छन् । उनका अरू कथाहरू पनि विभिन्न पत्र-पत्रिकामा प्रकाशित भइरहेका छन् । लीलबहादुर क्षेत्रीको **तीन दशक : बीस अभिव्यक्ति** (सन् १९८३) नामक कथा संकलन रहेको

---

[२] लीलबहादुर क्षेत्रीसँगको कुराकानीमा आधारित ।

[३] ऐजन, पृ. २ ।

छ । क्षत्रीको यस कथा संकलनका लागि सन् १९८५ को पश्चिम बंगाल दार्जिलिङ साहित्य अकादमीद्वारा भानु पुरस्कारले पुरस्कृत गरिएको छ । यसमा जम्मा बीसवटा कथाहरू रहेका छन् । क्षेत्रीका प्रायः सबै कथाहरूमा विवश भारतीय नेपाली जीवनका पीडा व्यथाका गाथा नै अभिव्यक्त भएको पाइन्छ ।

## ख. निबन्धकार व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाउने र नेपाली साहित्य साधनामा समर्पित रहेका लीलबहादुर क्षेत्रीका प्रकाशित निबन्धहरूमा **नेपाली साहित्यमा देशप्रेम** (सन् १९६५), **पूर्वाञ्चलमा नेपाली पत्रकारिता** (हाम्रो ध्वनि, वर्ष ६, अङ्क ५६), **तीज, आसामको नेपाली जनजीवन र भानुभक्त कवि पद्मप्रसाद ढुङ्गाना र तिनका रचनाहरू, अलवेयर कामु** (सन् १९६७) आदि उल्लेख्य रहेका छन् ।[५] सन् १९६१ मा प्रकाशित **आसाममा नेपाली भाषाको साह्रोगाह्रो** क्षेत्रीको निबन्ध सङ्ग्रह हो । यस सङ्ग्रहमा क्षेत्रीले तत्कालीन आसाममा नेपाली भाषाको स्थिति दर्शाउँदै नेपाली भाषासाहित्यको विकासमा देखिएका समस्याहरूको चर्चा गरेको पाइन्छ । पूर्वाञ्चल भारतीय नेपाली कथासाहित्य र पत्रकारिताको इतिवृत्त (सन् १९९६) उनको अर्को प्रसिद्ध निबन्ध रहेको छ ।

## ग. नाटककार व्यक्तित्व

बुहविध साहित्य विधामा कलम चलाउने स्रष्टा लीलबहादुर क्षेत्रीले नाटक तथा एकाङ्की विधामा पनि कलम चलाएको पाइन्छ । मूलतः साहित्यका दुई विधाहरू श्रव्य र दृश्य मध्ये श्रव्य विधामा उनी जति सशक्त छन्, दृश्य विधामा त्यति सशक्तता हासिल गर्न सकेका छैनन् । तापनि उनको **दोबाटो** (वि.सं.२०२४) **माँग** (सन् १९६९) **शुरुको शुरू** ( वि.सं.२०४४), **पञ्चामृत** (सन् १९७२) आदि आफैँमा सफल नाटक तथा एकाङ्की देखिन्छन् । यस विधातर्फ पनि उनको सामाजिक दृष्टिकोण नै रहेको पाइन्छ ।

---

[५] लक्ष्मीप्रसाद पराजुली, 'पूर्वाञ्चल भारतमा नेपाली साहित्यको विकास, चिन्तन', **साहित्यिक संकलन**, (वर्ष २, अंक २, (सन् १९६५), पृ. १०४ ।

## घ. कवि व्यक्तित्व

लीलबहादुर क्षेत्रीले गद्य विधाका साथसाथै पद्य विधामा पनि कलम चलाएको देखिन्छ । सन् १९४९ मा बुकलेटको रूपमा प्रकाशित 'शिवस्तुति' नामक कविता (प्रार्थना) उनको पहिलो प्रकाशित रचना हो । कविता विधाबाट साहित्यको क्षेत्रमा उदाएका कवि क्षेत्रीले कवितालाई भन्दा कथा, नाटक, निबन्ध, उपन्यासलाई बढी प्राथमिकता दिएको पाइन्छ । त्यस्तै 'जीवनचक्र' (सन् १९५६) पनि उनको अर्को कविता रहेको पाइन्छ भने उनका अन्य कविताहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भइरहेका छन् ।

## ङ. उपन्यासकार व्यक्तित्व

लीलबहादुर क्षेत्रीका हालसम्ममा चारवटा उपन्यास प्रकाशित भएका छन् । क्षेत्रीको पहिलो प्रकाशित कृति नै **बसाइँ** (२०१४) उपन्यास रहेको छ । यस रचनाको बारेमा स्वयम् क्षेत्रीको भनाइ यस्तो रहेको छ– "पहाडको गाउँले वातावरणसित साधारण परिचय गराउने उद्देश्य लिएर उपन्यास लेख्न आरम्भ गरेँ । नेपालको पहाड छोडेर प्रतिवर्ष नेपालीहरू मधेस तथा मुङ्लान झर्छन् । के ती रहरले आफ्नो थातबास छाड्छन् ? कतिको रहर पनि हुन सक्छ तर धेरैजसोको कुरा अर्कै छ । त्यसको मूलमा छिपेको वेदना र रहस्यलाई नै मैले **बसाइँ**को कथावस्तु छानेँ ।"[5] यसरी क्षेत्रीले यस उपन्यासमा नेपाल र नेपालीहरूकै जीवन र समाजलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन् । **अतृप्त** (२०२६) क्षेत्रीको दोस्रो उपन्यास हो । यस उपन्यासमा मानव मनको अतृप्ततालाई देखाइएको छ । क्षेत्रीको **अतृप्त** नायकको रोगी मनको विश्लेषणमा आधारित यथार्थवादी उपन्यास मानिन्छ । संवत् २०४३ मा प्रकाशित क्षेत्रीको तेस्रो उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** हो । यो उपन्यास सन् १९८८ मा भारतीय साहित्य अकादमी पुरस्कारले पुरस्कृत भएको छ । क्षेत्रीको यस उपन्यासले भारतको पूर्वीभेग आसाममा बसोबास गर्ने नेपाली जनजीवनको यथार्थ चित्रण गरेको पाइन्छ । वि.सं २०६१ मा प्रकाशित क्षेत्रीको चौथो उपन्यास **प्रतिध्वनिहरू विस्मृतिमा** हो । क्षेत्रीको यस उपन्यासले ध्वनिभित्र सत्यतथ्य पनि छ, असत्य अतथ्य पनि छ, वास्तव पनि छ, कतै अवास्तव पनि लाग्छ, यी सबै कुरा प्रतिध्वनित छन् । यो उपन्यास विस्मृतिमा छरिएका ध्वनिहरूको हो र यो हृदयस्पर्शी छ भन्ने कुराको चित्रण गरेको पाइन्छ । यिनै चारवटा उपन्यासहरूले

[5] लीलबहादुर क्षेत्री, 'मेरो प्रयास' **बसाइँ**, (काठमाडौँ : साझा प्रकाशन, २०५६) पृ. ३ ।

क्षेत्रीलाई नेपाली साहित्य जगत्मा एकजना सफल तथा श्रेष्ठ उपन्यासकारका रूपमा स्थापित गराएका छन् ।

### २.२.३ संस्थागत संलग्नता

### क. संघ-संस्थागत व्यक्तित्व

लीलबहादुर क्षेत्रीले विभिन्न संघ-संस्थामा आवद्ध भएर काम गरेको पाइन्छ । आसामे नेपालीहरूका आर्थिक सामाजिक र राजनैतिक समस्या समाधानका साथै शैक्षिक तथा सांस्कृतिक विकासको निम्ति जन्म भएको आसाम गोर्खा लिग र पछि सन् १९६६को अप्रिल १० का दिनदेखि सुरू भएको आसाम गोर्खा सम्मिलन नामको बृहत् आसामे नेपाली संघको स्थायी सदस्यका रूपमा पनि क्षेत्री रहेका पाइन्छन् । त्यसैगरी क्षेत्री 'असम नेपाली साहित्य परिषद्'का अध्यक्ष पदमा रही आसामे नेपालीहरूको आर्थिक-सामाजिक, सांस्कृति, साहित्यिक, शैक्षिक र राजनैतिक समस्याहरूको समाधानका लागि पनि सधैँ प्रयत्नशील रहेको पाइन्छन् । आसामका नेपालीहरूमा समय समयमा देखा परेका विभिन्न समस्याहरूलाई सामूहिक सामाधानार्थ विभिन्न संघ संस्थासँग सम्बद्ध रहेर पनि क्षेत्रीले कार्य गरेको देखिन्छ । आसामे नेपालीहरूको संरक्षण र सम्बर्द्धन गर्न वर्तमान जेजति संघसंस्थानहरू सक्रिय छन्; प्रायः सबैसँग क्षेत्रीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेर आफ्नो जातीय हक र हितका लागि काम गरेको पाइन्छ ।

### ख. समाजसेवी व्यक्तित्व

मानिस चेतनशील सामाजिक प्राणी भएकाले समाजमा रहेर विविध कार्यहरू गर्दछ । मानिसको समाजसँग प्रत्यक्ष सम्बन्ध हुने भएकाले एक अर्कामा नङ र मासुको जस्तो सम्बन्ध रहेको हुन्छ । यस्तै विचारबाट प्रेरित भएर लीलबहादुर क्षेत्री पनि सामाजिक सेवामा प्रवृत्त भएका देखिन्छन् । प्रवासमै जन्मी-हुर्की गरेका साहित्यकार लीलबहादुर क्षेत्रीले आफ्नो समाज तथा आसामे नेपालीहरूका उत्थान र विकासका निम्ति महत्वपूर्ण कार्यहरू गरेको देखिन्छ । आसाममा बसेका नेपालीलाई संगठित गरेर आफ्नो चौतर्फी विकासको लागि सोच्नुलाई र आफ्ना पीरमर्काहरू बुझ्नलाई अनि एक अर्कासँग सम्बन्ध स्थापित गर्नका निम्ति पनि क्षेत्रीको योगदान महत्वपूर्ण रहेको मानिन्छ ।

## ग. जागिरे व्यक्तित्व

हरेक मानिसले आफ्नो आर्थिक स्थिति मजबुत पार्नका लागि र आफ्नो अनि परिवारको जीविकोपार्जनको लागि जागिर खाने क्रममा प्रवासी नेपाली क्षेत्रीले पनि सन् १९५९ देखि लिएर १९६७ सम्म अलइन्डिया रेडियोमा नैमित्तिक कलाकारका रूपमा कार्य गरेको जानकारी पाइन्छ । यसै समयदेखि क्षेत्रीले गुवाहाटी आर्यविद्यापीठ कजेजमा प्राध्यापन कार्य गरेर अर्थशास्त्र विषयका अध्यक्ष समेत भई सन् १९९४ मा त्यस प्राध्यापन कार्यबाट निवृत्त भएका छन् ।

## घ. धार्मिक व्यक्तित्व

पुर्ख्यौली घर धनकुटाको त्रेहथुम भए तापनि भारतको आसाम राज्यको मुख्य सहर गुवाहाटीमा जन्मिएका लीलबहादुर क्षेत्री धर्मप्रति आस्थावान् व्यक्तित्व हुन् उनलाई बाबुआमाको धार्मिक कार्यले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । हालका दिनमा विभिन्न मठमन्दिरमा गई पूजा गर्ने, उपवास बस्ने, हिन्दूधर्मग्रन्थहरू गीता, रूद्री, चण्डी, रामायण, वेद, महाभारत आदि ग्रन्थका विषयमा ज्ञान हासिल गरेको बुझिन्छ । धर्मकर्ममा रुचि भएकै कारण उनी विभिन्न धार्मिक संघसंस्थामा आवद्ध भई हिन्दूधर्मको जर्गेनामा लागिपरेको देख्न सकिन्छ ।[6]

## ङ. बहुमुखी व्यक्तित्व

लीलबहादुर क्षेत्रीको मातृभाषा नेपाली भए तापनि भारतको आसाम राज्यको मुख्य सहर गुवाहाटीमा जन्मेर हुर्केका कारण हिन्दी भाषाको राम्रो ज्ञान रहेको पाइन्छ । उच्च शिक्षा हासिल गरेका कारण र आफ्नो जागिर र साहित्य सिर्जनाको सिलसिलामा प्रायः देशविदेश घुमेकाले अङ्ग्रेजी भाषामा पनि राम्रो दख्खल रहेको बुझिन्छ । सुरुसुरुमा हिन्दी भाषामा केही रचना गरेको र पछि नेपाली भाषामा पनि रचनाहरू सिर्जना गरेको पाइन्छ । त्यसैले उनमा नेपाली, हिन्दी, उर्दू, अङ्ग्रेजी आदि भाषाको ज्ञान रहेको बुझिन्छ ।

उनी बहुमुखी व्यक्तित्व भए पनि आफ्नो मातृभाषा अनि राष्ट्रभाषा नेपालीको संरक्षण र सम्बर्द्धन गर्न विशेष रुचि राख्दछन् । नेपाली भाषा अखण्ड नेपालको माध्यम भाषा भएको र नेपाली भाषा नै नेपालको अस्तित्व हो भन्ने राष्ट्रवादी सोच भएका लीलबहादुर

[6] लीलबहादुर क्षेत्रीसँगको कुराकानीमा आधारित ।

क्षेत्री नेपाली भाषाको विस्तार र जगेर्ना गर्न सबै नेपाली लागि पर्नुपर्ने कुरामा जोड दिन्छन् ।[7]

यसरी लीलबहादुर क्षेत्रीले आसामका विभिन्न संघसंस्थानहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रही आसामे नेपालीहरूको आर्थिक, सामाजिक, राजनैतिक समस्याहरूसँग परिचित हुँदै समस्या समाधानको पथमा अग्रसर रही आएको पाइन्छ । असमिया साहित्यप्रति पनि उनको सेवा रहेको कुरा **जोनाकी असम वाणी** आदि पत्रपत्रिकाहरूमा प्रकाशित कथा, कवितादिका साथै कलेज मेगाजिनहरूमा प्रकाशित लेख निबन्धहरूबाट पाउन सकिन्छ । लीलबहादुर क्षेत्रीले आफ्नो आजसम्मको जीवनयात्राको क्रममा आसामका विभिन्न जातीय संघसंस्थानहरूमा सक्रिय रही आसामे नेपालीका साथै समग्र आसामवादी जनसमुदायका सुख-दुःखमा सहभागी बन्दै उनीहरूको कल्याणका लागि आफ्नो सेवा कार्य अटुट राखेका छन् । क्षेत्रीले आसाम लगायत भारतका अन्य राज्यहरू र नेपालका विविध साहित्यिक र सांस्कृतिक क्षेत्रमा सेवाको कार्य गर्दै आएका छन् । यिनै कार्यहरूद्वारा आफ्नो व्यक्तित्वको विकास, समाज तथा राष्ट्रको विकास गर्दै लैजान उनी सक्षम देखिन्छन् ।

## २.३ लीलबहादुर क्षेत्रीको कृतित्व

नेपाली साहित्याकाशमा थोरै कृति लेखेर बढी चर्चा कमाउने साहित्यकारमध्ये प्रवासी नेपाली भनेर चिनिने लीलबहादुर क्षेत्री पनि पर्दछन् । उनले नेपाली साहित्यको विविध विधामा कलम चलाएको पाइन्छ । लीलबहादुर क्षेत्रीको व्यक्तित्वभित्र साहित्यभित्रका उनको व्यक्तित्वको संक्षिप्त जानकारी दिइसकेको हुनाले यहाँ केवल उनका कृतिको बारेमा जानकारी गराइन्छ ।

### २.३.१ उपन्यास विधा

नेपाली उपन्यासका क्षेत्रमा निकै प्रसिद्धि कमाएका लीलबहादुर क्षेत्रीले लेखेका उपन्यासहरूले नेपाली उपन्यासको फाँटलाई उर्वर बनाएका छन् । बौद्धिक, उर्जाशील व्यक्तित्व क्षेत्री उपन्यास लेखनमा सिद्धहस्त मानिन्छन् । सन् १९४९ देखि नै साहित्य यात्रामा होमिएका क्षेत्रीले प्रसिद्धि चाहिँ वि.सं.२०१४ मा **बसाइँ** उपन्यास प्रकाशित पश्चात् मात्र प्राप्त गर्दछन् । वि.सं. २०२६ मा **अतृप्त**, वि.सं. २०४३ मा **ब्रह्मपुत्रको छेउछाउ** र वि.सं. २०६१ मा **प्रतिध्वनिहरू विस्मृतिमा** गरी चारवटा उपन्यासहरू लेखेर उपन्यासमा उच्च

[7] ऐजन ।

स्थान ओगट्न सफल व्यक्तित्व बनेका हुन् । सरल,सरस, सहज भाषाशैलीमा चोटिलो पाराले सामाजिक यथार्थतालाई छर्लङ्ग पार्नु उनको औपन्यासिक विशेषता हो । सामाजिक यथार्थवादी उपन्यासकार क्षेत्री आफ्ना उपन्यासमा सामाजिक बेथितिहरू, शोषण, उत्पीडन, सामाजिक तथा आर्थिक समस्याहरूका कारण विस्थापित नेपालीहरूको जीवन भोगाइ र मानव मनको यथार्थ चित्रण गर्नु क्षेत्रीको औपन्यासिक विशेषता हो । नेपालभित्र र बाहिरको नेपाली समाज, नेपाली जीवन नै क्षेत्रीको औपन्यासिक कर्मभूमि हो ।

## २.३.२ निबन्ध विधा

लीलबहादुर क्षेत्रीले निबन्ध विधामा पनि ख्याति कमाएका छन् । सन् १९४८ देखि नै साहित्य साधनामा तल्लीन रहेका क्षेत्री नेपाली साहित्यमा 'देशप्रेम' (सन् १९६५) निबन्ध लिएर नेपाली साहित्यको निबन्ध विधामा देखा परेका हुन् । नेपाली साहित्यका अनुरागी क्षेत्रीले नेपाललाई मातृभूमि  ठान्दछन् । नेपाल र नेपालीको उन्नति र भलाइका लागि समर्पित देखिन्छन् । 'आसाममा नेपाली भाषाको साह्रो-गाह्रो' (सन् १९६१) 'पूर्वाञ्चल भारतीय नेपाली कथा साहित्य र पत्रकारिताको इतिवृत्त' (सन् १९९६) 'तीज' (सन् १९६७) 'आसामको नेपाली जनजीवन' र 'भानुभक्त' (सन् १९६७) 'कवि पद्मप्रसाद ढुङ्गाना र तिनका रचनाहरू' (सन् १९६७) 'अलवेयर कामु' (सन् १९६७) 'पूर्वाञ्चलमा नेपाली पत्रकारिता' (हाम्रो ध्वनि, वर्ष ६, अङ्क ५६) निबन्धहरू लिएर देखा परेका क्षेत्री सुप्रसिद्ध निबन्धकार पनि हुन् । उनका निबन्धहरूमा प्रवासी नेपालीहरूलाई आसाममा गएर भाषामा देखिएका समस्या र समाधानलाई विषयवस्तु बनाएका छन् । त्यस्तै भारतको पूर्वाञ्चल क्षेत्रमा नेपालीहरूको वस्तुस्थितिलाई छर्लङ्ग्याउने काम क्षेत्रीले निबन्धहरूमा गरेका छन् ।

## २.३.३ नाटक विधा

लीलबहादुर क्षेत्री नाटककार पनि हुन् । कक्षा नौमा पढ्दादेखि नै साहित्य साधनामा लागि परेका क्षेत्री नाटक तथा एकाङ्की विधामा पनि सफलता प्राप्त गर्न सफल भएका छन् । साहित्यका दुई विधा श्रव्यकाव्य र दृश्यकाव्य हुन् । श्रव्यकाव्यमा सफलता हासिल गरेका क्षेत्रीले दृश्यकाव्यमा पनि सफलता हात पारेका छन् । तुलनात्मक रूपमा क्षेत्रीले दृश्यकाव्यमा त्यति उच्च स्थान प्राप्त गर्न नसकेकको देखिन्छ । **'दोबाटो'** (वि.सं. २०२४), **'माँग'** (सन् १९६७), **'शुरूको शुरू'** (वि.सं. २०४४) र **'पञ्चामृत'** (सन् १९७२) उनका नाट्यकृतिहरू हुन् । समाजमा घटेका घटनाहरूलाई नाटकमार्फत स्पष्ट पार्ने काम क्षेत्रीले

गरेको पाइन्छ । समाजका विकृति र विसङगतिलाई हटाएर सुधारात्मक समाजको निर्माण गर्नुपर्ने सन्देश उनको नाटकले दिएको पाइन्छ ।

## २.३.४ कथा विधा

लीलबहादुर क्षेत्री गद्य विधातर्फ सन् १९५२ मा प्रकाशित 'कर्तव्य' नामक कथाबाट उदाएका देखिन्छन् । मुख्यतः 'कर्तव्य' कथाबाट क्षेत्रीको लेखनारम्भ भएपछि थुप्रै कथाहरू प्रकाशित भएका छन् । 'सानीकी आमा' (सन् १९५२), 'जीवनको बत्ती निभ्यो' (सन् १९५५) 'गोठालोको सपना' (सन् १९५५) 'वास्तविकता' (सन् १९५६) 'मुगाको चोलो' (सन् १९५६) 'अन्तर्विरोधी' आदि उनका प्रमुख कथाहरू हुन् । क्षेत्रीको **तीन दशक : बीस अभिव्यक्ति** ( सन् १९५६) कथासङ्ग्रहमा २० वटा कथाहरू सङगृहीत छन् । यस सङ्ग्रहका लागि (सन् १९८५) को पश्चिम बङ्गाल दार्जिलिङ्ग साहित्य अकादमीद्वारा 'भानु पुरस्कार' ले पुरष्कृत हुने पहिलो प्रवासी नेपाली क्षेत्री हुन् । क्षेत्रीका प्रायः सबै कथाहरूमा विवश भारतीय नेपाली जीवनका पीडा व्यथाको गाथा नै रहेको पाइन्छ ।

## २.३.५ कविता विधा

लीलबहादुर क्षेत्रीले साहित्यमा रुची र संलग्नता सानै उमेरदेखि राखेको पाइन्छ । विद्यार्थी जीवनबाटै भाषा साहित्यतर्फ उन्मुख रहेका क्षेत्रीले सन् १९४९ मा बुकलेटको रूपमा प्रकाशित 'शिवस्तुति' नामक कविता (प्रार्थना) प्रकाशित गरी लेखनारम्भको श्रीगणेश गरे । सन् १९५६ मा प्रकाशित 'जीवन चक्र' उनको अर्को कविता हो । पद्य विधाबाट लेखनारम्भ सुरु गरेका क्षेत्री पद्य विधामा मात्रै सीमित रहन सकेनन् । भगवान्प्रति आस्थावान् क्षेत्री ईश्वर महिमा गाउँदै कविता रच्न पुग्छन् । यो सृष्टि भगवानको लीला हो र शिव भगवान् सबैभन्दा ठूला भगवान् हुन् भनी शिवस्तुति रच्न अनि गाउन पुग्छन् । बाल्यकालदेखि नै भजन र गीतहरू लेख्ने गरेका क्षेत्री 'शिवस्तुति' कविता लिएर नेपाली साहित्यको फाँटमा देखा पर्दछन् ।

## २.३.६ फुटकर रचना

उपन्यासकार लीलबहादुर क्षेत्रीले आसामे नेपालीहरूको र समग्र भारतवासीहरूको समसामयिक विषयहरूमा समेत विभिन्न पुस्तक तथा पत्र-पत्रिकामा फुटकर लेख रचना प्रकाशित गराएको देखिन्छ । तेजपुरबाट प्रकाशित हुने **प्रभात** मा 'मेरो आत्मिय भूत',

काठमाडौँबाट प्रकाशित हुने **मधुपर्क** (२०५० मंसिर) मा आदि कथा प्रकाशित भएका छन् भने कविता, कथा, निबन्ध सम्बन्धी रचनाहरू पनि विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका देखिन्छन् ।

## २.४ जीवनी, व्यक्तित्व र कृतित्वको अन्तः सम्बन्ध

उपन्यासकार लीलबहादुर क्षेत्रीको जन्म वि.सं. १९८९ फागुन १८ गते भारतको पूर्वाञ्चल राज्यहरूको केन्द्रविन्दु तथा आसाम राज्यको मुख्य सहर गुवाहाटीमा भई आक्षरिक ज्ञानको थालनी घरैबाट र प्रारम्भिक शिक्षाको सुरुवात शिलांगको गोर्खा पाठशालाबाट पूरा गरेको देखिन्छ । क्षेत्रीले निम्नमाध्यमिक परीक्षा यसै स्कुलबाट उत्तीर्ण गरी शिलांगकै मोखार क्रिश्चियन हाइस्कुलबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेको पाइन्छ । उच्च शिक्षाको लागि गुवाहाटीको कटन माहाविद्यालयबाट आई.ए. पूरा गरेका क्षेत्रीको पारिवारिक स्थिति सम्पन्न रेहेको देखिन्छ । आकर्षक व्यक्तित्वका धनी क्षेत्री सरकारी र बेसरकारी निकायहरूमा काम गर्दै आएको जानकारी पाइन्छ ।

सानैदेखि साहित्यमा रुचि राख्ने क्षेत्री सन् १९४९ देखि नेपाली साहित्यमा 'शिवस्तुति' नामक कविता लिएर देखा पर्छन् । कविता लेखनबाट सुरु भएको उनको साहित्यिक यात्रा पछिल्लो समयमा आएर गद्य लेखनमा विकसित भएको पाइन्छ । हालसम्म **कर्तव्य** (सन् १९५२), **सानीकी आमा** (सन् १९५२), **जीवनको बत्ती निभ्यो** (सन् १९५५), **गोठालोको सपना** (सन् १९५५), **वास्तविकता** (सन् १९५६), **मुगाको चोलो** (सन् १९५६) कथा र **तीन दशक : बीस अभिव्यक्ति** (सन् १९८३) कथा सङ्ग्रह, **जीवन चक्र** (सन् १९५६) कविता; **नेपाली साहित्यमा देशप्रेम** (सन् १९६५), **आसाममा नेपाली भाषाको साह्रो-गाह्रो** (सन् १९६१), **पूर्वाञ्चल भारतीय नेपाली कथा साहित्य र पत्रकारिताको इतिवृत्त** (सन् १९९६), **तीज** (सन् १९६७), **आसामको नेपाली जनजीवन र भानुभक्त** (सन् १९६७), **कवि पद्मप्रसाद ढुङ्गाना र तिनका रचनाहरू** (सन् १९६७), **अलवेयर कामु** (सन् १९६७), **पूर्वाञ्चलमा नेपाली पत्रकारिता** (हाम्रो ध्वनि, वर्ष ६, अङ्क ५६) निवन्धसङ्ग्रह; **दोबाटो** (वि.सं. २०२४), **माँग** (सन् १९६७), **शुरूको शुरू** (वि.सं. २०४४), **पञ्चामृत** (सन् १९७२) नाटकहरू; **बसाइँ** (वि.सं.२०१४),**अतृप्त** (वि.सं.२०२६), **ब्रह्मपुत्रको छेउछाउ** (वि.सं.२०४३), **प्रतिध्वनिहरू विस्मृतिमा** (वि.सं.२०६१) उपन्यासहरू र फुटकर रूपमा कथा, कविता, नाटक

विभिन्न पत्र–पत्रिकामा प्रकाशित देखिएका छन् । करिब सात दशक लामो जीवनयापन गरेका लीलबहादुर क्षेत्रीको जीवन विभिन्न परिवेशका माभ्कबाट हुर्केको देखिन्छ ।

लामो जीवनावधिमा विभिन्न अनुकूल, प्रतिकूल परिस्थिति, देशाटनका विभिन्न अध्ययन, पेसा, संघसंस्थाहरूसँगको संलग्नताका अनुभवले यिनको व्यक्तित्व निर्माण भएको छ। जीवनजगत्को भोगाइ, ज्ञान र अनुभवले यिनको सिर्जनात्मक व्यक्तित्व उर्वर बनेको देखिन्छ । साहित्य युग र युगीन प्रवृत्ति विशेषताको अभिव्यक्ति मात्र होइन, त्यस युग र क्षणका प्रभावबाट प्रभावित स्रष्टाको वैयक्तिकताको साधारणीकृत सौन्दर्यात्मक अभिव्यक्ति पनि हो । यस तथ्यलाई आधार मानेर लीलबहादुर क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको युग र जीवनसँग सापेक्ष सम्बन्ध राखेको देखिन्छ । जीवन, समाज, परिवेश, ज्ञान-अनुभव र साधनाको अन्तर्सम्बन्ध यिनका कृतिमा देखिन्छ ।

उनले बाँचेको युग र भोगेको जीवन प्रत्यक्ष र उनका कृतिगत जीवनलाई हेर्दा लीलबहादुर क्षेत्री युगद्रष्टा, भोक्ता र प्रवक्ता जस्ता पनि देखिन्छन् । कविता, कथा, नाटक, निबन्ध र उपन्यासका सर्जक लीलबहादुर क्षेत्रीको अनुभूति, विचार, दर्शन एवम् युगको चित्रणमा कलात्मक सौष्ठुभ सृष्टि भएको छ ।

## परिच्छेद : तीन

# उपन्यासकार लीलबहादुर क्षेत्रीको औपन्यासिक यात्रा र प्रवृत्ति

## ३.१ विषय प्रवेश

उपन्यासकार लीलबहादुर क्षेत्री बहुआयामिक व्यक्तित्व हुन् । उनको बहुआयामिक व्यक्तित्वमध्ये सर्वाधिक महत्त्वपूर्ण व्यक्तित्व हो, साहित्यिक व्यक्तित्व । त्यही व्यक्तित्वको माध्यमबाट उनी आज उपन्यासकार कहलिन सफल भएका छन् । नेपाली आख्यान साहित्यमा छुट्टै पहिचान बनाउन सफल उपन्यासकार क्षेत्री आफ्नो औपन्यासिक कृतिमा नयाँ शैली, शिल्प तथा सूक्ष्म प्रयोगात्मक लेखनको प्रयोग गर्न रुचाउँछन् । क्षेत्रीको पृथक आख्यानकारिताले आधुतिक नेपाली उपन्यास फाँटमा नवीनता ल्याएको देखिन्छ र उनी त्यसमा निकै हदसम्म सफल भएको देखिन्छन् ।

### ३.१.१ पूर्वपरम्परा र क्षेत्री

नेपाली सहित्यको आधुनिक कालका उन्यासकारहरूमध्ये लीलबहादुर क्षेत्री पनि एक हुन् । यस अवधिका केही प्रमुख उपन्यासकारहरूमा क्षेत्रीको नाम पनि उल्लेखनीय देखिन्छ । उनको औपन्यासिक यात्रालाई हेर्ने क्रममा नेपाली उपन्यासको के कस्तो क्षितिजमा रहेर उनले आफ्नो रचना रचेका छन् । यसको समेत चर्चा गर्नु सान्दर्भिक हुने हुनाले क्षेत्रीपूर्व विकसित परम्पराको औपन्यासिक पृष्ठभूमिलाई पनि कोट्याउने जमर्को गरिएको छ ।

रुद्रराज पाण्डेको रूपमती (वि.सं.१९९१) र रूपनारायण सिंहको भ्रमर (१९९३) बाट नेपाली उपन्यासले आधुनिकताको पूर्ण प्रतिष्ठा प्राप्त गरेको हो । नेपाली उपन्यासलाई आधुनिकताको पूर्ण प्रतिष्ठा दिनका लागि यी दुबै उपन्यासको महत्त्वपूर्ण स्थान रहेको छ यद्यपि उपन्यासको रूप, संगठन, भाषाशैली, चरित्र आदि सबै दृष्टिले **रूपमती** भन्दा **भ्रमर** अगाडि छ । यी दुई उपन्यासले पारिवारिक एवम्, आदर्श शैक्षिक चेतना, सामाजिक सुधार, प्रणय भावना, सांगठनिक एवम् वस्तुविन्यासमा कुशलता, आकर्षक भाषा आदिलाई स्पर्श गर्दै पाठकलाई सुधारात्मक दृष्टिकोण दिएका छन् । यहाँबाट नेपाली उपन्यासका क्षेत्रमा क्रमशः आदर्शोन्मुख यथार्थवादी धारा र स्वच्छन्दतावादी धाराको प्रारम्भ भएको छ । यस पछिको महत्त्वपूर्ण खुड्किलोका रूपमा लैनसिंह वाङ्देलको **मुलुक बाहिर** (२००४) उपन्यास आएको छ । यसले आर्थिक विपन्नताका कारण बाध्य भएर जीवन निर्वाहका लागि मुगलान

पस्नु पर्ने र कतिपय व्यक्तिहरू सदाका लागि मङ्लान बन्ने निम्न वर्गीय नेपाली समाजको यथार्थलाई प्रस्तुत गरेको छ । यसको यथार्थ वास्तविक जीवनको नजिकमा छ । **रूपमती** र **भ्रमर**ले स्पर्शसम्म नगरेको आर्थिक विषयमा पनि यसले चासो राखेको पाइन्छ । नेपालीहरू आफ्नो प्राण जतिकै प्यारो मातृभूमिलाई छोडेर त्यसदेखि बाहिरिनु पर्ने बाध्यतालाई यसले छर्लङ्ग्याएको छ । कथा शिल्पका दृष्टिले पनि यो उपन्यास **रूपमती** र **भ्रमर** भन्दा भिन्न छ । यसलाई चार खण्डमा प्रस्तुत गरिएको छ । ती खण्डहरू आफैँमा एक एकवटा उपन्यासजस्ता छन् यद्यपि तिनलाई अन्विति गर्ने काम उपन्यासकारले गरेका छन् । आधुनिक नेपाली उपन्यासको प्रचलित परम्परामै नवीनता ल्याउने यस उपन्यासबाट नेपाली उपन्यासका क्षेत्रमा सामाजिक यथार्थवादी धाराको प्रारम्भ भएको छ । यसरी क्षेत्रीको आगमन पूर्व नै नेपाली उपन्यासलाई सामाजिक यथार्थवादले स्पर्श गरेको पाइन्छ ।

यसप्रकार **रूपमती** र **भ्रमर**को परिवारिक एवम् नारी आदर्श, शैक्षिक चेतना, सामाजिक सुधार, प्रणय भावना र **मुलुक बाहिर** र **माइतघर**को सामाजिक यथार्थ तथा आर्थिक चासो आदि जस्ता विषयवस्तुले निर्माण गरेका उपन्यासहरू देखा परिसेकाका थिए भने वाङ्देलद्वारा निर्माण गरिएको गोरेटोको अनुसरण गर्दै लीलबहादुर क्षेत्री २०१४ सालतिर नेपाली उपन्यासका फाँटमा आएका छन् । उनका अहिलेसम्म **बसाइँ** (२०१४), **अतृप्त** (२०१६), **ब्रह्मपुत्रको छेउछाउ** (२०४३) र **प्रतिध्वनिहरू विस्मृतिमा** (२०६१) गरी चार उपन्यासहरू प्रकाशित भइसेकेका छन् । यिनै उपन्यासहरूद्वारा वाङ्देलको यथार्थवादी धारालाई अझ सशक्त र दरिलो पार्ने काम लीलबहादुर क्षेत्रीले गरेका छन् । पाण्डे र सिंह आधुनिक उपन्यासका प्रथम स्रष्टाका रूपमा चिनिन्छन् भने वाङ्देल र लीलबहादुर क्षेत्री सामाजिक यथार्थवादी उपन्यास परम्पराका प्रवर्तक र सम्बर्धकका रूपमा रहेका छन् ।

## ३.१.२ लीलबहादुर क्षेत्री र समकालीन उपन्यासकारहरू

यहाँ समकालीन उपन्यासकारहरूसँग क्षेत्रीलाई हेर्ने क्रममा प्रवृत्तिगत समानता र सामयिक समानताका आधारमा तुल्य देखा पर्ने उपन्यासकारहरूसँग तुलनात्मक विश्लेषण गरी हेर्ने प्रयास गरिएको छ ।

लीलबहादुर क्षेत्रीको प्रवृत्तिसँग मेल खाने उपन्यासहरूमा वाङ्देललाई सर्वप्रथम लिन सकिन्छ । लीलबहादुर क्षेत्रीको **बसाइँ**को कथावस्तुमा नेपालकै पहाडी गाउँले समाजको चित्रण गरिएको छ र आफ्नो आर्थिक विपन्नताका कारण उनीहरूले भोग्नु परेका

समस्याहरूलाई देखाइएको छ भने **मुलुक बाहिर**मा वाङ्देलले नेपाल बाहिर प्रवासमा बसेका नेपालीहरूको आर्थिक स्थिति तथा सामाजिक समस्याहरूलाई देखाएका छन् । वाङ्देल आफ्नो उपन्यासका लागि बहिर्मुखी पात्र नै चयन गर्छन् भने लीलबहादुर क्षेत्रीले पनि बहिर्मुखी पात्रलाई नै आत्मसात गरेका छन् । समस्यामुलक उपन्यासका दृष्टिले पनि क्षेत्रीका **बसाइँ ब्रह्मपुत्रको छेउछाउ** र वाङ्देलको **मुलुक बाहिर** यी तीनै उपन्यासमा समानता रहेको पाइन्छ । रने, म्याउची, माहिला भुजेल, धने, झुमा, बैदार, केशवबहादुर गुमाने आदि वर्गीय पात्र हुन् तीनवटै उपन्यासले प्रवासी नेपाली तथा नेपालभित्रकै नेपालीहरूको आर्थिक, सामाजिक समस्याहरूलाई विषयवस्तु बनाएका छन् । **मुलुक बाहिर** र **ब्रह्मपुत्रको छेउछाउ** मा विदेशिएका र विदेशमै रैथाने भएका नेपालीहरूको दुःख-दुर्गाति देखाएका छन् भने **बसाइँ** मा पनि आर्थिक तथा सामाजिक समस्याका कारण भोग्नुपरेको समस्या र यिनै समस्याहरूका कारण विदेशिन बाध्य हुनुपर्ने जस्ता कुराहरूलाई देखाइएको छ । कामको मेलोमेसोमा बर्सेनि नेपालबाट दार्जिलिङ, कालिम्पोङ सर्ने र त्यही बसोबास गर्ने नेपालीहरूको चित्रण **मुलुक बाहिर**मा गरिएको छ भने **बसाइँ** र **ब्रह्मपुत्रको छेउछाउ**मा नेपालीहरू नेपालबाट विदेशिनु पर्ने आर्थिक तथा सामाजिक समस्याहरूलाई देखाउनुका साथै विदेशिएर आसाम पुगेका नेपालीहरूको सामाजिक, आर्थिक, राजनैतिक, अवस्थाहरूका र त्यहाँका नेपालीहरूका विभिन्न समस्याहरूलाई यी उपन्यासमा देखाउने प्रयास गरिएको पाइन्छ । यसरी परम्पराको रूपमा वाङ्देललाई यथार्थवादी प्रवृत्तिका उद्गमस्थल मानेर यसै धारामा जन्मेका क्षेत्री अर्का उपन्यासकार हुन् ।

वाङ्देलको यथार्थवादी आरम्भ लीलबहादुरमा आएर अझ स्पष्ट र फराकिलो बन्न पुग्छ । औपन्यासिक शिल्प सचेतता प्रशस्त भएका क्षेत्री उपन्यास रचनाका दृष्टिले शंकर कोइराला, इन्द्रबहादुर राई, पारिजात, आदिका पूर्ववर्ती उपन्यासकारका रूपमा देखिएर समकालीन मानिन्छन् । शंकर कोइरालाको **खैरेनीघाट** (२०१८), इन्द्रबहादुर राईको **आज रमिता छ** (२०२१), पारिजातको **शिरीषको फूल** (२०२२) आदि क्षेत्रीको **बसाइँ** पछि देखा पर्छन् । यसरी पछि देखापरेका उपन्यासहरूको प्रभाव पनि क्षेत्रीमा परेको पाइन्छ । क्षेत्री, कोइराला, राई आदि सामाजिक यथार्थतालाई नै विषयवस्तु बनाएर उपन्यास लेख्ने गर्दछन् । पूर्वी नेपालको पहाडी गाउँहरूमा बसोबास गर्ने गरिब किसानहरूले भोग्नु परेका आर्थिक र सामाजिक समस्याहरूलाई देखाउने प्रयास क्षेत्रीले **बसाइँ**मा गरेका छन् भने **खैरेनीघाट**मा पनि कोइरालाले निर्वासित भई बाँच्नु परेको पहाडी गाउँले जीवनमा आउन थालेका

विचलन, परिवर्तन, अबोधता, सरलता, दुर्बलता र कमारोपनको यथार्थिक चित्रण प्रस्तुत गरेका छन् । अवश्य कोइरालाको **खैरेनीघाट** नेपालीको प्रथम आञ्चलिक उपन्यास मानिन्छ र यसको प्रभाव क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ**मा धेरै मात्रामा परेको पाइन्छ । क्षेत्रीले **ब्रह्मपुत्रको छेउछाउ**मा आसामको ब्रह्मपुत्र नदीको छेउछाउमा बसेका नेपालीहरू र उनीहरूका विभिन्न आर्थिक, सामाजिक, राजनैतिक समस्याहरूलाई समाविष्ट रूपमा हेर्ने प्रयास गरेको पाइन्छ । **खैरेनीघाट**मा कोइरालाले पूर्वी २ नं. रामेछापअन्तर्गत पर्ने कोथपे गाउँ र त्यहाँ बोसोबास गर्ने माझीहरूको रहनसहन, रीतिस्थिति, चेतनाको स्तर र जीविकालाई जस्ताको त्यस्तै प्रस्तुत गरेका छन् भने क्षेत्रीले **ब्रह्मपुत्रको छेउछाउ**मा ब्रह्मपुत्र नदीको छेउछाउमा पर्ने कछुगाउँ, बयरआँटी, पहुमारा, महखुटी, मछुवापाडा, सँधिया आदि गाउँहरूको सेरोफेरो डुल्दै त्यहाँ वर्षौंदेखि गाई-भैँसी, गोठ र खेतीपातीलाई नै आफ्नो प्रधान व्यवसाय बनाएर बसेका नेपालीहरूको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, राजनैतिक आदि विभिन्न पक्षको यथार्थ चित्रण गरेका छन् । यसरी क्षेत्रीको **बसाइँ** पछिको कोइरालाको **खैरेनीघाट** र त्यसपछिको क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ**मा प्रवृत्तिगत समानता परिलक्षित हुन्छ ।

इन्द्रबहादुर राई यथार्थवादी उपन्यासकार हन् । समाजमा जे जस्ता कुराहरू देखिन्छन्, भोगिन्छन् त्यसलाई फोटोग्राफी रूपमा आफ्नो उपन्यासमा उतार्न सिपालु छन्, राई । नेपाली उपन्यास साहित्यकै इतिहासमा राईको उपन्यासकारिता नवीनतम् प्राप्ति हुने गरेको छ । राईको उपन्यासका पात्र-पात्रा वर्गीय प्रतिनिधि भएर उभिएका देखिन्छन् । त्यसै गरी क्षेत्रीका पात्र-पात्रा पनि वर्गीय र व्यक्तिगत गरी दुई किसिमका रहेका पाइन्छन् । क्षेत्री समाजमा रहेका गरिब-दु:खीहरूका विपन्नता र विभिन्न समस्याहरूका साथै सामन्ती शोषक वर्गको अन्याय अत्याचारलाई देखाउँछन् अनि व्यक्ति मनको कमिकमजोरीहरूलाई पनि आफ्ना उपन्यासहरूमा प्रस्तुत गर्छन् भने राई समाजकै सम-विषम प्रकृति, गतिविधिलाई आत्मसाथ गरेर उपन्यास लेख्छन् । राईले आफ्ना उपन्यासमा समाजको चित्रण गर्ने क्रममा पात्रहरूलाई उभ्याएका छन् भने क्षेत्रीका उपन्यास नै एउटा समाजका रूपमा देखा परेका छन् । क्षेत्रीले व्यक्ति मनको यथार्थलाई पनि देखाउने प्रयास गरेका छन् जुन **अतृप्त**को नायक मेघराजबाट भएको पाइन्छ । यसरी लीलबहादुर क्षेत्री र इन्द्रबहादुर राई बीच पनि प्रवृत्तिगत आधारमा मेल देखिन्छ ।

विजय मल्ल फ्रायडवादी उपन्यासकार हुने भने क्षेत्री सामाजिक यथार्थवादी उपन्यासकार हुन् । लीलबहादुर क्षेत्री यथार्थलाई आधार मानेर उपन्यास लेख्छन् तर विजय मल्ल फ्रायडवादकै पृष्ठभूमिमा रहेर उपन्यास लेख्छन् । लीलबहादुर क्षेत्रीका पात्र-पात्रा आफ्नै मानसिक कमी-कमजोरी, हिनता र मानसिक विकृतिजन्य कारणले गर्दा पीडित तथा मनोविकार, असन्तुलित मानसिकता, यौनविकृतिका शिकार भएका छन् भने मल्लका पात्र-पात्रा परम्परावादी रूढीग्रस्त मान्यताको अन्त गरेर नयाँ मान्यता र मूल्यको स्थापना गर्न चाहन्छन् । मल्ल फ्रायडवादी मनोविश्लेषणात्मक उपन्यासकारका रूपमा सर्वश्रेष्ठ मानिन्छन् भने क्षेत्री वाङ्देल पछिका सामाजिक यथार्थवादी उपन्यासकारहरू मध्येका एकजना विशिष्ट उपन्यासकार मानिन्छन् ।

त्यसै गरी क्षेत्रीका समवर्ती उपन्यासकारहरूमा हामी दैलतविक्रम विष्टलाई पनि लिन सक्छौँ । विष्ट सामाजिक दायित्वप्रति सजग देखिन्छन् । विष्टको **एक पालुवा अनेकौं याम**मा सात सालपूर्वको सामन्ती व्यवस्था, मानसिक द्वन्द्व, विवशता, सामाजिक संक्रान्ति र राजनैतिक उष्णताको विक्षब्धी, विरोध र विचलन रहेको पाइन्छ र विष्टकै **भोक र भित्ताहरू**मा  समाजमा बढ्दो बैमानी, कुत्सित नियम र विडम्बनाहरूको कारणबाट विफल र विवश हुनेहरूको यथार्थता रहेको पाइन्छ । क्षेत्री पनि सामाजिक यथार्थवादी उपन्यासकार भएकाले आफ्ना उपन्यासहरूमा उनले पनि व्यक्तिका समस्या, सामाजिक अन्याय, शोषण आदि जस्ता विषयलाई बढी जोड दिएर मान्छेका व्यक्तिगत स्वार्थ, विधि विधान, विडम्बना, विवशता आदिलाई खोतल्ने गरेका छन् । यसरी क्षेत्रीका समवर्तीका रूपमा ताना शर्मा, ध.च गोतामे, विनोदप्रसाद धिताल आदिलाई पनि लिन सकिन्छ । धितालको **उज्यालो हुनु अघि**मा पञ्चायती प्रजातान्त्रिक व्यवस्थामा पनि लोकलाई दण्डित र बहिष्कृत हुनुपर्ने कुरीति, दुर्भाग्य, विवशता, सामाजिक अन्याय जस्ता कुराहरूको वर्णन रहेको पाइन्छ भने क्षेत्रीले चाहिँ **बसाइँ** र **ब्रह्मपुत्रको छेउछाउ**मा पूर्वसमयदेखि वहिर्गमन गर्दै आएका नेपाली सामाजिक यथार्थको परिप्रेक्षलाई र धेरथोर चारित्रिक सरलता, दुर्वलताहरूको, निरीक्षण अनि वाध्यतावश देश छाड्ने तथा प्रलोभित आकांक्षा र सपना साँचेर कामको खोजीमा आसाम पुग्ने नेपालीहरूको  दुर्दशा उत्पीडनहरूको यथार्थताको प्रस्तुतीकारण गरेका छन् । यसरी लीलबहादुर क्षेत्री प्रवृत्तिगत आधारमा पनि अन्य धेरै उपन्यासकारहरूका समानान्तर देखिन्छन् ।

### २.१.३ लीलबहादुर क्षेत्री र उत्तरवर्ती उपन्यासकारहरू

लीलबहादुर क्षेत्रीभन्दा पछि धेरै उपन्यासकारहरू देखा परेका छन् । अवश्य नेपाली सामाजिक यथार्थवादी धारामा सबैभन्दा बढी उपन्यासहरू लेखिएका छन् । वाङ्देल पछि नै **बसाइँ** लिएर यस धारामा देखिएका क्षेत्रीको नेपाली उपन्यास परम्पराको क्षेत्रमा महत्त्वपूर्ण स्थान रहेको छ । क्षेत्रीले यस धारालाई अझ यथार्थता, प्रौढता, प्रखरताका साथै व्यापकता र विविधता दिने काम गरेका छन् । अझ आसामे नेपाली उपन्यास लेखनका दृष्टिले क्षेत्री पहिलो उपन्यासकार भएकाले यस क्षेत्रमा उनको योगदान सर्वोच्च मानिन्छ । त्यसैले आसामे नेपाली उपन्यासकारहरूका निम्ति क्षेत्रीले यस विधाको ढोका उघारिदिने काम गरेका छन् । क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ**लाई तेस्रो उपन्यास मानेर त्यस पछि देखा परेका उपन्यासकारहरूमा परशु प्रधान, सुस्मिता नेपाल, संगीता स्वेच्छा आदिलाई लिन सकिन्छ । यिनीहरूका उपन्यासमा पनि समाजको चित्रण गर्ने क्रममा सामान्यत निम्नवर्गीय गाउँले जीवनको संस्कार आदिलाई नै प्रस्तुत गरेको पाइन्छ । त्यसैगरी आसामे नेपाली उपन्यासकारहरूमा हरिप्रसाद शर्मा खनाल, के.बी.नेपाली, मोहनबहादुर श्रेष्ठ आदि रहेका छन् । के.बी नेपाली **मेरो घर मेरो संसार** (सन् १९६५) मा **बसाइँ**कै समस्यालाई अघि सारिएको छ । चन्द्रशमशेर दुवेका दुबै उपन्यास **देशको माटो** र **जिन्दगीको बाटो** (सन् १९७८) मा पनि नेपालीहरूकै जीवन, कथा-व्यथाहरूलाई देखाउन खोजिएको पाइन्छ । हाम्रा सामाजिक, आर्थिक तथा शोषण पीडन र व्यक्तिमनको कमी-कमजोरीहरूका कारण भोग्नु पर्ने विभिन्न समस्याहरूको यथार्थ चित्रण क्षेत्रीले आफ्ना उपन्यासहरूमा गरेका छन् । चरित्र, भाषाशैली, कथावस्तुका दृष्टिले पनि क्षेत्रीको नेपाली उपन्यास साहित्यमा महत्वपूर्ण प्रभाव पारेको पाइन्छ । त्यसमा पनि आसामे नेपाली उपन्यासकारहरूमा क्षेत्रीको प्रभाव अत्यन्त महत्त्वपूर्ण रहेको छ । वाङ्देलको सामाजिक यथार्थवादी धारालाई मलजल गरेर सशक्त र प्रभावकारी बनाउनमा क्षेत्रीको योगदान उल्लेखनीय रहेको छ । अतः सामाजिक यथार्थवादी वर्णनविश्लेषण गर्ने उपन्यासकारका रूपमा लीलबहादुर क्षेत्री विशिष्ट मानिन्छन् ।

## ३.२ लीलबहादुर क्षेत्रीको औपन्यासिक यात्रा र चरण विभाजन

लीलबहादुर क्षेत्री नेपाली उपन्यासको क्षेत्रमा आधुनिक कालमा देखा परेका उपन्यासकार हुन् । वि.सं. २०१४ मा **बसाइँ** उपन्यासबाट उपन्यास लेखनारम्भ गरेका क्षेत्रीले हालसम्म **अतृप्त** (२०२६), **ब्रह्मपुत्रको छेउछाउ** (२०४३) र **प्रतिध्वनिहरू विस्मृतिमा**

(२०६१) गरी चारवटा उपन्यास प्रकाशित गराएका छन् । उनले साहित्य यात्रामा चार दशक लामो समय उपन्यास लेखनमा खर्चेको देखिन्छ । **बसाइँ** उपन्यासले क्षेत्रीलाई नेपाली औपन्यासिक जगत्मा प्रतिष्ठापित गरेको छ भने **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासले भारतीय साहित्य अकादमी पुरस्कारद्वारा विभूषित गराएको छ ।

उपन्यासकार लीलबहादुर क्षेत्रीले स्कुले विद्यार्थीजीवनदेखि नै नेपाली साहित्य साधनामा लाग्दै आएको पाइन्छ । क्षेत्रीको औपन्यासिक यात्राको विश्लेषण गर्ने क्रममा आजसम्म प्रकाशित भएका क्षेत्रीका चारवटा उपन्यास **बसाइँ** (२०१४), **अतृप्त** (२०२६), **ब्रह्मपुत्रको छेउछाउ** (२०४३) र **प्रतिध्वनिहरू विस्मृतिमा** (२०६१) लाई लिइन्छ । यिनै चारवटा उपन्यासका आधारमा उनको औपन्यासिक यात्रालाई चरण विभाजन गरी हेर्नु पर्ने हुन्छ । क्षेत्रीको औपन्यासिक यात्राको कालाबधि प्रायः चार दशक लामो रहेको पाइन्छ । क्षेत्रीका चारवटै उपन्यासहरू भिन्नभिन्न विषयवस्तु र दृष्टिकोणलाई लिएर लेखिएका हुनाले प्रत्येक उपन्यासलाई एक-एकवटा चरणमा राखेर हेर्नुपर्ने देखिन्छ । क्षेत्रीका औपन्यासिक चरण वा मोडहरूलाई निम्नानुसार विभाजन गर्न सकिन्छ ।

क. प्रथम चरण (वि.सं. २०१४ देखि वि.सं.२०२५ सम्म

ख. द्वितीय चरण (वि.सं. २०२६ देखि वि.सं.२०४२ सम्म

ग. तृतीय चरण (वि.सं. २०४३ देखि वि.सं.२०६० सम्म

घ. चतुर्थ चरण (वि.सं. २०६१ देखि हालसम्म

## क. प्रथम चरण (वि.सं. २०१४ देखि वि.सं.२०२५ सम्म

**बसाइँ** (वि.सं. २०१४) लीलबहादुर क्षेत्रीको प्रथम चरणको उपन्यास हो । अहिले-सम्म उनन्तीसौं संस्करणसम्म छापिइसकेको यो उपन्यास ७२ पृष्ठमा संरचित लघु आकारको उपन्यासको रूपमा रहेको देखिन्छ । नेपाल तथा प्रवास (आसाम)को आई.ए. तहमा पाठ्यपुस्तकका रूपमा रहेकाले यो उपन्यास क्षेत्रीका अन्य उपन्यास भन्दा चर्चित तथा लोकप्रिय बन्न पुगेको छ । **बसाइँ** उपन्याससम्बन्धी स्वयम् लीलबहादुरको धारण यस्तो रहेको पाइन्छ– "साहित्यकारहरू माझ आज **बसाइँ** र लीलबहादुर क्षेत्री पर्यायवाची शब्द जतिकै बन्न पुगेका छन् । यसभन्दा ठूलो पुरस्कार मेरो निम्ति अरू केही हुन सक्तैत र म

गौरवान्वित छु"[8] नेपालको पूर्वी पहाडी क्षेत्रमा बसेका गाउँले गरिब गुरुवाहरूका आर्थिक तथा सामाजिक समस्या र सामन्ती वर्गले उनीहरूमाथि गरेको शोषण-पीडन तथा हेपाइको प्रतिफल स्वरूप बसाइँ हिँड्न बाध्य भएका लाखौं नेपालीहरूको चित्रण **बसाइँ** उपन्यासमा गरिएको छ । यो उपन्यास समग्र नेपाल तथा प्रवासी नेपाली पाठकहरूका बीच व्यापकरूपमा परिचित तथा लोकप्रिय बन्न पुगेको पाइन्छ ।

निम्नवर्गीय समाजको प्रतिनिधित्व गरेको धनबहादुर बस्नेतको पारिवारिक कथा तथा सहयोगी कथानकका रूपमा धनेकै बहिनी झुमाको कथालाई लिएर लेखिएको **बसाइँ** लाई उपन्यासमा मूल रूपमा आर्थिक विपन्नता र सामाजिक व्यवस्थाका कारणले गर्दा कसरी **बसाइँ** जान बाध्य हुनुपरेको छ भन्ने कुरालाई उपन्यासकार लीलबहादुर क्षेत्रीले देखाउन खोजेको पाइन्छ । खास गरेर **बसाइँ** उपन्यासमा नेपालीहरूले बसाइँ हिँड्नुपर्ने बाध्यता र विवशताहरू जस्ता समस्याहरूलाई उपन्यासकारले मर्पस्पर्शी ढङ्गले प्रस्तुत गरेका छन् । कथावस्तुको संयोजन, विषयवस्तुको प्रस्तुतीकरण, सरल तथा कोमल भाषाशैली, पात्रअनुरूपको सम्वाद, वातावरण आदि सबै दृष्टिले **बसाइँ** सर्वसमादृत भएको पाइन्छ । "**बसाइँ** ले पाठकहरूलाई मनोरञ्जन नहोला, कारण यसको उद्देश्य त्यो होइन, यसमा त नेपाल पहाडभित्रका गाउँहरूको चित्र दिने मात्र प्रयास गरिएको छ । पहाडी जीवन गाउँहरूको सुख-दुःख र तिनको माझमा घट्ने घटनाहरू नै **बसाइँ**को सारांश हो "[9] भन्ने उपन्यासकारहरूको कथन उपन्यासले सार्थक तुल्याइदिएको छ ।

लीलबहादुर क्षेत्रीको **बसाइँ** दुर्भाग्यपूर्ण विधिको विधान मानिएको नेपालीहरूको विस्थापनमा घटित वास्तविकताको आधारमा घटनीय यथार्थको चित्राङ्कन मानिएको छ ।[10] वस्तुतः **बसाइँ** उपन्यास २५ वर्षे धनेको परिवारकै सेरोफेरोमा घुम्दछ । आधिकारिक कथावस्तु धनेकै जीवन संघर्षसँग जोडिएको छ । प्रासंगिक कथावस्तुका रूपमा देखिएको रिकुटे र झुमाको प्रणयिक सन्दर्भ पनि धनेकै विपन्नताको उपजका रूपमा आएको छ । पहाडी जीवनकै यथार्थ उद्घाटित गर्नका निम्ति पात्रहरूका विविध समस्या, विवशता, दुर्वलता र विपन्नताको चित्रण गर्दै मूलतः सामन्ती शोषण, भाग्यवाद र सामाजिक

[8] लीलबाहदुर क्षेत्री "**बसाइँदेखि ब्रह्मपुत्रको छेउछाउ**सम्म", **समकालीन साहित्य**, (वर्ष ३, अङ्क ३ पूर्णाङ्क ९, वि.सं. २०४९), पृ. ४० ।

[9] कृष्णचन्द्रसिंह प्रधान, पूर्ववत्, पृ. २६५ ।

[10] ईश्वर बराल (सम्पा.), **नेपाली साहित्यकोश**, (काठमाडौं : ने.रा.प्र.प्र, २०५५), पृ. १५० ।

सङ्कीर्णतामाभ्क अठ्याइएका दलित र शोषित मानिसहरूको यथार्थिक कथा नै **बसाइँ** उपन्यास हो ।

सामाजिक यथार्थवादी उपन्यास **बसाइँ**का माध्यमद्वारा क्षेत्रीले निश्चिय नै समकालीन समाजका वाध्यता, विवशता र जल्दाबल्दा आर्थिक समस्याहरूलाई केलाएर सर्वसाधारण जनताको मर्म र धुकधुकी छाम्ने गरेका छन् । **बसाइँ** आकारमा सानो भईकन पनि विषयवस्तुको दृष्टिले गहन तथा व्यापक, पहिलो भएर पनि सशक्त र आकर्षक छ । यसमा उपयुक्त किसिमले शैली-शिल्प आदिको समायोजन भएको पाइन्छ । जसले गर्दा लीलबहादुर क्षेत्री नेपाली उपन्यास साहित्यमा एउटा दरिलो माइलखुटी गाड्न सक्षम भएका छन् ।

## ख. द्वितीय चरण (वि.सं.२०२६ देखि २०४२ सम्म)

क्षेत्रीको औपन्यासिक यात्राको दोस्रो चरण **अतृप्त** (वि.सं. २०२६) बाट सुरू हुन्छ आत्मपरक शैलीमा लेखिएको यस उपन्यासमा क्षेत्रीले वैयक्तिक युवामानसिकताको यथार्थलाई उद्घाटित गर्न खोजेका छन् । **अतृप्त** उपन्यासको नायक मेघराज शिलांगको फौजी क्याम्पको वातावरणमा हुर्किएको एकजना शिक्षित युवा हो । फौजी दाजुसँग रहेर नारी संसर्गबाट टाढा भएको उसको असन्तुलित मानसिकता र हीनत्वभावनाको प्रतिफल स्वरूप मेघराजमा देखापरेको चारित्रिक विशेषताहरूको प्रस्तुतीकरण नै यस उपन्यासको मूल विषयवस्तु रहेको छ । सर्वगुण सम्पन्न एउटा सुन्दरी जीवन साथीको कल्पना गर्ने मेघराज आफ्नी विवाहिता पत्नी सुधाबाट सन्तुष्ट नभएर आफ्नो अतृप्तिलाई तृप्त पार्न धेरै नारीहरूसँग लहसिन पुग्दछ र अन्तिमसम्म पनि ऊ अतृप्तिकै अनुभूति गरिरहन्छ । यसरी असन्तुलित तथा असम्यमित युवामानसिकताका कारण यौनवासनाको शिकार गर्ने प्रयत्न उपन्यासकार क्षेत्रीले यस उपन्यासमा गरेको पाइन्छ । उपन्यासकार प्रमुख पात्र मेघराजसँग सम्बन्धित नारी चरित्र सुधा, रीता, जुनेली आदिको दोषगुणलाई देखाउनुका साथै उनीहरूसँग सम्बन्धित घटनाहरूको वर्णनको क्रममा आसामका अतिरिक्त काठमाडौं, दिल्ली, हरिद्वार, बद्री, केदार आदि ठाउँहरूको उल्लेख पनि गरेका छन् ।

मूलतः **अतृप्त** उपन्यास नायक मेघराजको माध्यमबाट उपन्यासकारले मानिसमा पाइने जीवनप्रतिको अतृप्ति वा अमिट तृष्णालाई संकेत गर्न चाहेको देखिन्छ । मानव जीवनको चारित्रिक वैचित्र्य र असन्तुलित मानसिकताको प्रदर्शन गर्ने काम **अतृप्त**मा भएको छ । व्यक्तिको आन्तरिक असन्तुष्टिले व्यवहारमा स्नायविक विकृति धारण गरी प्रकट भएको

अन्तर्मुखी जीवन नै **अतृप्त**को यथार्थ मानिन्छ ।"[11] यस सम्बन्धमा उपन्यासकार स्वयम्को आत्मस्वीकृति यस्तो रहेको छ– "सबैभन्दा ठूलो कुरा म मानिसका आन्तरिक स्थितिको चित्रण गर्न चाहन्थेँ । मानिसका स्वभाव प्रवृत्ति अनि उसको अन्तर्मनमा जन्माउने घातप्रतिघात देखाउने मेरो विचार थियो । यी यावत् पूर्वाग्रहको उपज हो, **अतृप्त** । हीनताबोध अथवा भनौँ लघुताभासलाई मैले यसमा अन्तर्मुखी चित्रणको सामग्री छानेँ । त्यस्तो लघुताभासको शिकार धेरथोर हुन सक्छ, म स्वयम् पनि छु । हीनताभावको अर्को रूप हो कायरप्रवृत्ति । प्रत्यक्ष रूपमा मैले मानिसमा पाइने हीनताभावको अध्ययन गरेँ ।"[12] यसरी हेर्दा क्षेत्रीले **अतृप्त** उपन्यासको मूल चरित्रका माध्यमद्वारा सम्पूर्ण मानवीय मनकै प्रतिनिधित्व गर्न वर्णन विश्लेषण गरेको भन्न सकिने देखिन्छ । यसरी क्षेत्रीको औपन्यासिक यात्राको दोस्रो चरणको **अतृप्त** प्रथम चरणको **बसाइँ** भन्दा भिन्न छ र विषयवस्तुका दृष्टिले पनि सामाजिक यथार्थ नभएर क्षेत्रीले मनोयथार्थलाई केन्द्रीय कथा बनाएका छन् ।

## ग. तृतीय चरण (वि.सं. २०४३ देखि वि.सं.२०६० सम्म)

झन्डै अठारवर्षको लामो प्रयासमा लेखिएको लीलबहादुर क्षेत्रीको तेस्रो उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** (वि.सं. २०४३) उनको कृतिमध्यको सर्वोत्कृष्ट कृति मानिन्छ । भारतीय साहित्य अकादमी पुरस्कारद्वारा पुरस्कृत यस उपन्यासबाट नै क्षेत्रीका औपन्यासिक यात्राको तेस्रो चरण सुरू भएको छ । वि.सं. २०४३ सालमा प्रकाशित यो उपन्यास १६८ पृष्ठमा आबद्ध छ । प्रवासी नेपाली जनजीवनमा केन्द्रित यथार्थ खास गरेर पुस्तौँ पुस्तादेखि बसोबास गर्दै आएका लाखौँको सङ्ख्यामा रहेका आसामे नेपालीहरूको जनजीवन, उनीहरूका सुख-दुःख, विभिन्न समस्या, विवशता, वाध्यताहरूका साथै सामाजिक, आर्थिक, राजनैतिक तथा सांस्कृतिक आदि पक्षहरूको वर्णन गर्ने उद्देश्यले लेखिएको पाइन्छ क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ** । त्यसैले यस उपन्यासमा वर्णन र विवरणको प्रधानता रहेको पाइन्छ । नेपालको तत्कालीन समयको आर्थिक तथा सामाजिक समस्याहरूको थिचोमिचोमा परी प्रवासिने क्रममा आसाम पुगेका र आसामको ब्रह्मपुत्र नदीको छेउछाउमा खेती-किसान र पशुपालन गरी जीविकोपार्जन गर्ने नेपालीहरूको साथै असमिया जाति र नेपालीहरूको बीचमा रहेका सम्पर्क तथा त्यहाँको प्रधान नदी ब्रह्मपुत्रले उनीहरूको जीवनमाथि पारेको तीतो-मीठो प्रभावको वर्णनलाई मुख्य विषयवस्तुका रूपमा लिएर लेखिएको **ब्रह्मपुत्रको**

[11] कृष्णचन्द्र सिंह प्रधान, पूर्ववत्, पृ. २६८ ।

[12] लीलबहादुर क्षेत्री, पूर्ववत्, पृ. ४१-४२ ।

**छेउछाउ** उपन्यासमा आसामका स्थानीय नेपालीहरूको सङ्घर्षशील जीवनलाई प्रस्तुत गरिएको पाइन्छ । आसामकै नेपालीहरूको विषयमा केन्द्रित रहेको ब्रह्मपुत्रको छेउछाउ उपन्याससम्बन्धी यसको भूमिकाद्वारा भवानी घिमिरेले यसरी सङ्केत गरेका छन्– "यसलाई आसामका नेपालीहरूको सङ्घर्षको औपन्यासिक शिलालेख भन्न सकिन्छ । यसमा निःसन्देह ब्रह्मपुत्रका छेउछाउका नेपालीको जीवनसंघर्ष टड्कारो भएर परिलक्षित छ ।"[13]

लीलबहादुर क्षेत्रीको औपन्यासिक प्रथम चरण र तेस्रो चरण नेपाली समाजकै यथार्थिक चित्रणको धरातलमा टेकेर उभिएको देखिन्छ । क्षेत्रीको **बसाइँ** नेपालको राणाकालीन समयलाई, कालीक परिवेशको रूपमा लिएर लेखिएको पाइन्छ भने उनको तेस्रो उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** भारतीय स्वाधीनता सङ्ग्रामको संक्रमणकालीन समयदेखि लिएर स्वाधीनोत्तर काल अर्थात् सन् १९४३-१९४४ देखि सन् १९६९-१९७० सम्मको समयावधिलाई यसको कालिक परिवेशको रूपमा लिइएको छ भन्ने कुरा उपन्यासकार आफैँले स्पष्ट पारका छन् । त्यसैले **बसाइँ ब्रह्मपुत्रका छेउछाउ**को पूर्वखण्ड र **ब्रह्मपुत्रको छेउछाउ बसाइँ**को उत्तरखण्ड हो भन्न सकिने देखिन्छ ।

यस सम्बन्धमा उपन्यासकार क्षेत्रीको आफ्नै भनाइ पनि यस्तो रहेको पाइन्छ– "मैले **ब्रह्मपुत्रको छेउछाउ**लाई मनमनै **बसाइँ**को दोस्रो खण्ड मानेँ । **बसाइँ** सरेर हिँडेपछि नेपालीहरूले भोगेको जीवन र उनीहरूका सङ्घर्षलाई यसमा चित्रण गर्ने अठोट गरेँ ।"[14] यसरी क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ**लाई नेपालबाट प्रवासिएका नेपालीहरूको संघर्षशील ऐतिहासिक जनजीवनको चित्रणका साथै सामाजिक तथा आर्थिक स्थितिको चित्रण मान्न सकिन्छ ।

नेपालको पूर्वी पहाड तेह्रथुममा बस्ने मानवीर कार्की तत्कालीन समयको समाजव्यवस्था दुःख र गरिबीको चापमा परेर विदेशिने क्रममा एकैपटक ब्रह्मपुत्र नदीको छेउछाउमा गोठालो हुन पुग्दछ । त्यहाँ मानवीरको परिवारले आ-आफ्नो जीवन धान्ने क्रममा भोगेका दुःख-सुख, जीवनसंघर्ष, विवशता, बाध्यताहरूका साथै आसामकै रैथाने नेपालीहरूको जीवनसङ्घर्ष र मानवीरको छोरो गुमानेको संघर्षशील जीवन भोगाइलाई प्रस्तुत उपन्यासको विषयवस्तुका रूपमा लिइएको छ । वास्तवमा आसाममा युगौँ पहिलेदेखि बस्दै आएका आसामे नेपालीहरूको सङ्घर्षशील जीवनका साथसाथै उनीहरूको सामाजिक,

---

[13] लीलबहादुर क्षेत्री, पूर्ववत्, पृ. ४३ ।

[14] ऐजन ।

सांस्कृतिक, ऐतिहासिक तथा राजनैतिक स्थितिको चित्राङ्कन अनि मानवीर तथा गुमानसिंहद्वारा नेपालको सामाजिक र आर्थिक परिस्थितिको र आसामका नेपाली जनजीवनका विभिन्न पक्षहरूको रेखाङ्कन स्पष्ट रूपमा गरिएको पाइन्छ ।

## घ. चतुर्थ चरण (वि.सं. २०६१ देखि हालसम्म )

झन्डै सत्र वर्षको लामो प्रयासमा लेखिएको लीलबहादुर क्षेत्रीको चौथो उपन्यास **प्रतिध्वनिहरू विस्मृतिमा** (वि.सं. २०६१) आजसम्मको सबैभन्दा पछिल्लो र सफल उपन्यास हो । २४८ पृष्ठमा आबद्ध भएको यस उपन्यासको विषय सन् १९२१ देखि १९८०-८५ सम्मको सामाजिक धरातलमा आधारित छ । आसाममा पुगेर गाईवस्तु पाल्ने नेपाली, घरभवन आदि बनाउने नेपाली, भाषा-संस्कृतिको जगेर्नामा सक्रिय बनाउने नेपाली अनि संस्थाबद्ध हुँदै एकताबद्ध हुने नेपालीका स्वभाव, क्रियाकलापको वर्णन पनि यथास्थान यसमा गरिएको छ । क्षेत्रीका पिता स्व.प्रेमबहादुर र माता पवित्रादेवीको स्मृतिमा समर्पित मात्र होइन उनीहरूकै जीवनयुद्ध र जीवनचक्रमा आधारित यस उपन्यास रहेको पाइन्छ । पितापुर्खाको उद्‌गमस्थल नेपालदेखि भारतको आसाम राज्यभरिको भौगोलिक क्षेत्र यस उपन्यासमा पाइन्छ । सेवानिवृत्त सैनिक प्रेमबहादुरको जीवनमा आधारित यस उपन्यासले काल्पनिक औपन्यासिकता होइन यथार्थमा आधारित वास्तविकतातर्फ विषयवस्तुलाई बढी केन्द्रित बनाएको छ । नेपालको धनकुटाबाट प्रेमबहादुर आसाम पुगे, अनि गाईवस्तुको हेरविचार गर्दै पुलिसमा भर्ना भई झन्डै पैँतीस वर्ष लामो सेवामय जीवन व्यतित गरे । निष्ठा र सेवाको उच्चताले उनी कमान्डिङ अफिसरसम्म बन्न पुगे । त्यहाँसम्म पुग्दाका कथा र व्यथा यस उपन्यासका विषय हुन् । त्यतिमात्र होइन, गुवाहाटीदेखि शिलांगसम्मका भौगोलिक, सामाजिक, ऐतिहासिक र सांस्कृतिक पक्षका विविध सन्दर्भलाई साँच्चै नै राम्ररी केलाउने र चर्चा गर्ने काम उपन्यासमा भएको छ ।

ऐतिहासिक दृष्टिले हेर्दा भारतमा अङ्ग्रेजको शासनकाल, त्यस बखतका ठूलाठूला घटनाहरू, त्यहाँका महाप्रलय, स्वतन्त्रता सङ्ग्राम, दोस्रो विश्वयुद्ध, त्यसपछि विशृङ्खलित समाज र ती सारा ऐतिहासिक सन्दर्भमा नेपालीहरूले के कस्तो दुःखको अनुभव गरे र आसाममा नेपालीले के कस्तो योगदान गरे त्यसको इतिवृत्त पनि उपन्यासमा भेटिन्छ । यस उपन्यासले **बसाइँ** र **ब्रह्मपुत्रको छेउछाउ**सित औपन्यासिक शृङ्खला जोड्ने काम गरेको छ । नेपाल र भारत दुबै देशलाई भोग्ने अनि प्रहरी प्रमुख समेत बन्ने व्यक्तिका जीवनमा

घटित घटना र भोगाइ नै यस उपन्यासको मुख्य विषय हो । आफ्ना पिता प्रेमबहादुरको जीवनकथालाई जीवित अवस्थामा नै जस्ताको तस्तै टिपेर, उतारेर राख्ने अनि त्यसलाई औपन्यासिक शिल्पमा आबद्ध गर्ने उत्साह र जाँगर देखाउने लीलबहादुरको यो प्रयास सार्थक रूपमा प्रस्तुत छ । उपन्यासको अन्त्यमा लीलबहादुर क्षेत्रीले भनेका कुरा– ध्वनिभित्र सत्यतथ्य पनि छ, असत्य अतथ्य पनि छ, वास्तव पनि छ, कतै अवास्तव पनि लाग्छ- यी सबै कुरा प्रतिबिम्बित छन् । यो उपन्यास विस्मृतिमा छरिएका ध्वनिहरूको हो र यो हृदयस्पर्शी छ ।'[15] यस भनाइमा सहमति जनाउन सकिन्छ ।

मूलतः नेपालीहरूकै जीवन भोगाइलाई मूल विषयवस्तुका रूपमा लिएर उपन्यास लेख्ने उपन्यासकार लीलबहादुर क्षेत्रीले आफ्ना उपन्यासहरूमा नेपाल तथा प्रवासका नेपालीहरूको आर्थिक र सामाजिक समस्याको चित्रण प्रस्तुत गरेका छन् । आर्थिक जटिलता, विकृतिपूर्ण सामाजिक संस्कार र शोषणका कारण आफ्नो जन्मभूमि छोडेर **बसाइँ** सर्न बाध्य भएका नेपालीहरूको कारूणिक छवि क्षेत्रीको पहिलो उपन्यास **बसाइँ** मा चित्रित छ । क्षेत्रीको दोस्रो उपन्यास **अतृप्त** मा आफ्नी विवाहिता पत्नीबाट यौन सन्तुष्टि नभएर आफ्नो अतृप्तिलाई तृप्त पार्न धेरै नारीहरूसँग यौनानन्द लिँदा पनि जीवनको अन्तिमसम्म पनि अतृप्तिकै अनुभव गरिरहने र आफ्नो जीवनकै अस्तित्व नै गुमाउन पुगेका मानवीय चरित्रको चित्रण पाइन्छ । उनको तेस्रो उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** मा गरिबी र आर्थिक स्थितिले झिटीझाम्टी भएर विदेशिन विवश भएका र विदेश अर्थात् प्रवासमा गएर पनि विभिन्न दुःख कष्ट झेल्दै बाँचेका र बाँच्न वाध्य भएका नेपालीहरूको जीवन यथार्थ अनि उनीहरूका सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा राजनैतिक मूल्यमान्यताको औपन्यासिक वर्णन रहेको पाइन्छ । क्षेत्रीको चौथो उपन्यास **प्रतिध्वनिहरू विस्मृतिमा** मा ध्वनिभित्र सत्यतथ्य पनि छ, असत्य अतथ्य पनि छ, वास्तव पनि छ, कतै अवास्तव पनि लाग्छ- यी सबै कुरा प्रतिध्वनिहरूको हो र यो हृदयस्पर्शी छ ।

यसरी क्षेत्रीले आफ्नो औपन्यासिक यात्राका चार चरणहरूमा एक एकवटा उपन्यास लेखेका छन् र यी चारवटै उपन्यास यथार्थवादी दृष्टिकोणले पठनीय छन् । क्षेत्रीका यी उपन्यासहरूमध्ये **ब्रह्मपुत्रको छेउछाउ** लाई सर्वोत्कृष्ट मानिन्छ र यसै उपन्यासले उनलाई

[15] ऐजन, पृ. २४८ ।

सफलताको हात लगाएको छ । त्यसैले क्षेत्रीको औपन्यासिक यात्राको तेस्रो चरणलाई उत्कृष्ट चरणका रूपमा मान्न सकिन्छ ।

## ३.३ लीलबहादुर क्षेत्रीका औपन्यासिक प्रवृत्ति

औपन्यासिक प्रवृत्तिगत दृष्टिले लीलबहादुर क्षेत्री यथार्थवादी उपन्यासकार ठहरिन्छन् । आधुनिक नेपाली उपन्यासको तेस्रो मोडमा अर्थात् लैनसिंह वाङ्देलको **मुलुक बाहिर**बाट सुरू भएको सामाजिक यथार्थवादी प्रवृत्तिलाई अझै दरिलो टेवा प्रदान गर्दै **बसाइँ** (२०१४) लिएर देखा परेका क्षेत्री यसै धाराका सफल उपन्यासकार मानिन्छन् । यथार्थवादले समाजका शोषित, पीडित र आर्थिक विपन्नवर्गका समस्याहरूका बारेमा यथार्थ चित्रण गर्दछ । विषयवस्तुगत यथार्थीकरण साथै बोलचालको भाषा समेत प्रयोग गरी त्यसलाई अझ स्वाभाविक बनाउने चेष्टा यथार्थवादले अँगाल्दछ । क्षेत्रीले **बसाइँ** र **ब्रह्मपुत्रका छेउछाउ**मा यथार्थको प्रयोग गरेका छन् । उनले समाजका तल्ला, पछौटे, निम्नवर्गीय मान्छेलाई लिएर उपन्यास लेखेको देखिन्छ । आर्थिक सवालले नै मानिसको सामाजिक अवस्थाको निर्धारण गर्दछ । त्यसैले मानिसको सामाजिक वर्गीय आधारलाई लिने उनको उद्देश्य देखिन्छ । क्षेत्रीले नेपाली समाजका दीनहीन गरिब वर्गका समस्या, शोषण, पीडन आदिका साथै विभिन्न सामाजिक कुसंस्कार आदिलाई आफ्ना उपन्यासहरूमा देखाउन खोजेको पाइन्छ । क्षेत्रीले **बसाइँ** र **ब्रह्मपुत्रका छेउछाउ**मा मुख्यतः निम्नवर्गीय नेपालीहरूका सामाजिक र आर्थिक समस्याहरूलाई टिपेर उनीहरूको यथार्थ जीवनलाई देखाउने प्रयास गरेका छन् ।

लीलबहादुर क्षेत्रीका यथार्थमा दुई पक्ष रहेका पाइन्छन् । सामाजिक यथार्थ र व्यक्तिमानसिकताको यथार्थ । **बसाइँ**को विषयवस्तु पहाडी जीवनको सामाजिक परिस्थितिसँग सम्बद्ध रहेको छ । त्यसैगरि **ब्रह्मपुत्रको छेउछाउ** मा पनि आसामे नेपालीहरूको सामाजिक आर्थिक, राजनैतिकका साथै ऐतिहासिक स्थितिको यथार्थ चित्रण र स्थानीयताको प्रस्तुतीकरण रहेको पाइन्छ । क्षेत्रीको **अतृप्त** मा चाहिँ व्यक्ति मानसिकताका यथार्थलाई उद्घाटन गर्ने जमर्को गरिएको पाइन्छ । क्षेत्रीको चौथो उपन्यास **प्रतिध्वनिहरू विस्मृतिमा** मा ध्वनिभित्र सत्यतथ्य कुराहरू रहेको यथार्थ देख्न सकिन्छ । यसरी यथार्थवादको प्रयोग क्षेत्रीले सामाजिक सन्दर्भमा मात्र नभएर वैयक्तिक यथार्थमा पनि गरेका छन् ।

मनोवैज्ञानिक यथार्थको प्रस्तुतीकरण पनि लीलबहादुर क्षेत्रीको एउटा प्रवृत्ति मानिन्छ । उनको **अतृप्त** समाजपरक नभएर मानसिक वृत्तिहरूको कथा मानिन्छ । यसमा

व्यक्ति मानसिकताको विश्लेषण गरिएको पाइन्छ । मनोविश्लेषणका सिलसिलामा **अतृप्त**का नायकको दिवास्वप्न नै विश्लेषणको प्रमुख आधार देखिएको छ । यस्तो दिवास्वप्न र तत्जन्य मनोवृत्तिको यथार्थ विश्लेषण नै **अतृप्त** उपन्यासको मूलभूत प्राप्ति हो भन्न सकिन्छ । अलौकिक कल्पना, अनिर्णित काँतर मनको द्वन्द्वस्थिति, संशय, विकृत वासनात्मक मनोवृत्ति अनि मानवीय चारित्रिक कमजोरी र स्नायविक विकारको चित्रण **अतृप्त**को नायक मेघराजका माध्यमबाट गरेको पाइन्छ । मेघराज जैशीको मानसिक स्थितिको विश्लेषण क्षेत्रीको यस उपन्यासमा राम्ररी भएको पाइन्छ । यसरी लीलबहादुर क्षेत्री सामाजिक मात्र नभएर मनोवैज्ञानिक यथार्थका विश्लेषणकर्ताका रूपमा पनि चिनिन्छन् । **प्रतिध्वनिहरू विस्मृतिमा** सामाजिक यथार्थता बोकेको उपन्यास हो । यस उपन्यासको विषयवस्तु सन् १९२१ देखि १९८०-८५ सम्म आसाममा पुगेर गाइवस्तु पाल्ने नेपाली, घरभवन आदि बनाउने नेपाली, भाषा संस्कृतिको जगेर्नामा सक्रिय बनाउने नेपाली अनि संस्थाबद्ध हुँदै एकताबद्ध हुने नेपालीका स्वभाव, क्रियाकलापको वर्णन हो ।

सामाजिक प्रवृत्तिमा लीलबहादुर क्षेत्रीको सामाजिकता करण स्पर्शले व्याप्त देखिन्छ । उनी प्रकृतिको दृश्यलाई स्याहार्दै त्यसमा करुणालाई उद्भूत्य गर्दै जान्छन् । क्षेत्रीका चार वटै उपन्यासमा करुण, दयावृष्टिको भाव संचार भएको पाइन्छ । **बसाइँ** र **ब्रह्मपुत्रको छेउछाउ** मा सामाजिक अन्तरसङ्घर्ष र द्वन्द्वमा करुणाको सृष्टि भएको पाइन्छ । कोमल-करुण भाव, दु:ख कष्ट, कमजोरी आदि मानवीय चारित्रिक यथार्थको अन्तर्तहबाट निस्केको अनुभूति तरंग क्षेत्रीका उपन्यासहरूमा तैरिएको पाइन्छ । **बसाइँ**मा आफ्नो सर्वस्व गुमाएर **बसाइँ** हिँड्न बाध्य भएको धनेको परिवार, रिकुटेको छलछाममा परेकी झुमा र मोटेकार्कीले समाजको भयबाट गाउँघर, श्रीसम्पत्ति सबैथोक मायामारी हिँड्नु परेको विवशता आदि जस्ता प्रसङ्गहरू अत्यन्त कारूणिक रहेका देखिन्छन् । त्यसैगरी **अतृप्त**को नायक मेघराजको अस्थिर मनस्थितिका कारण घर छोडी दिशाहीन भएर भौँतारिँदै र एक पछि अर्को गल्ती गरेर पश्चात्तापको आगोमा जलिरहेको जीवन पनि कम्ति मार्मिक देखिँदैन । **ब्रह्मपुत्रको छेउछाउ**मा त नेपालबाट उठ्ठीचिल्ली लागेको मानवीरको पारिवारिक स्थिति अनि टुहुरो गुमानेको जीवनकथा झन करूणाको कुञ्ज नै बनेको छ । बालख गुमानेको विजोग, युद्धमा घायल बनेको स्थिति र हरेनद्वारा मुर्छित पारिएको उसको अवस्था आदिले त मानिसलाई करुणाको सागरमा डुबाउँछ । लीलबहादुर क्षेत्रीको चौथो उपन्यास **प्रतिध्वनिहरू विस्मृतिमा** मा आफ्ना पिता स्व. प्रेमबहादुर र माता पवित्रादेवीको स्मृतिमा समर्पित मात्र होइन

उनीहरूकै जीवनयुद्ध, जीवनचक्रमा आधारित यस उपन्यासका आफ्नै आधार र विशेषता रहेका छन् । गरिब नेपालीहरूले नेपालदेखि आसामसम्म पुगेर पनि पाएका दु:ख र विदेशी भूमिमा गरेका नेपालीहरूका योगदानलाई यस उपन्यासले मूल विषयवस्तु बनाएको छ ।

यसरी लीलबहादुर क्षेत्री आफ्ना उपन्यासहरूमा असाधारण करुणाको सृष्टि गर्न सक्षम भएका पाइन्छन् र क्षेत्रीलाई करुण रस एवम् दु:खान्तका उपन्यासकार पनि हुन् भन्न सकिने देखिन्छ ।

लीलबहादुर क्षेत्रीले आफ्ना उपन्यासमा स्थान, समय, परिवेश अनुकूल प्रकृतिको वातावरणलाई पनि उनले प्रतिकात्मक रूपमा वर्णन गरेका छन् । प्रकृतिको सुन्दर चित्र उतार्नमा उनको सीप-शैली आकर्षक किसिमको रहेको देखिन्छ । उनका सबै उपन्यासहरूमा नेपाल तथा आसाम लगायत भारतका अन्य ठाउँहरू पनि मनोहारी प्रकृतिचित्रण तथा वर्णन रहेको पाइन्छ । यसप्रकार क्षेत्रीलाई प्रकृतिका चित्रकार पनि मान्न सकिन्छ ।

भाषा शैलीका दृष्टिले लीलबहादुर क्षेत्री यथार्थवादी नै रहेका पाइन्छन् । स्थानीय रंग ल्याउन, स्थानीयतालाई झल्काउन र ग्रामीण यथार्थको चित्रण प्रस्तुत गर्नका लागि भाषिकाको प्रयोग आफ्ना उपन्यासमा क्षेत्रीले गरेको देखिन्छ। उनका उपन्यासमा पात्रका सामाजिक, शैक्षिक, बौद्धिक स्तर अनुसारको भाषा, संवादमा अङ्ग्रेजी, हिन्दी, असमिया र नेपालीइतर स्थानीय भाषाका शब्दहरूको प्रयोग पनि भएको पाइन्छ । क्षेत्रीको भाषा कतै सोझो कतै तार्किक र बौद्धिक रहेको छ र कतै प्रतिकात्मक जस्ता मिश्रित शैलीको प्रयोग पनि भएको पाइन्छ । भाषिक प्रयोग अभिधात्मक भएकाले क्षेत्रीको भाषा अधिक सम्प्रेषणीय रहेको स्पष्ट हुन्छ । आलंकारिक भाषा-शैलीका साथै उनका उपन्यासमा प्रसाद गुण, माधुर्यगुणयुक्त शिल्प-शैलीको प्रयोग रहेको पाउन सकिन्छ । उखान, टुक्का र थेगाहरूको प्रयोगले पनि उनको औपन्यासिक भाषाशैलीलाई आकर्षक, रोचक र संक्षिप्तीकरणमा थप सहयोग पुऱ्याएको देखिन्छ ।

समष्टिमा भन्दा लीलबहादुर क्षेत्री सामाजिक यथार्थवादी उपन्यासकार भएकाले उनका मूल औपन्यासिक प्रवृत्तिहरूमा निम्नवर्गीय जीवनको चित्रण, आर्थिक तथा सामाजिक समस्याहरूको प्रस्तुतीकरण, गरिबीको चित्रण, शोषक र शोषित दुबै वर्गका पात्रहरूको मनोयथार्थको उद्घाटन, सरल, सहज भाषाको साथै भाषिकाहरूको प्रयोग, प्राकृतिक सौन्दर्यको वर्णन आदि रहेका छन् । यिनका अतिरिक्त करूण भावको सिर्जना गर्नु,

पात्रअनुरूप भाषाको प्रयोग आदिका साथै उनका उपन्यासहरूमा सुच्यात्मकता, दृश्यात्मकता, नाटकीयता र समाख्यानात्मकता जस्ता विशेषताहरूले गर्दा क्षेत्रीको औपन्यासिक शिल्पसौष्ठव बढी सशक्त र आकर्षक बन्न पुगेको पाइन्छ । यसरी क्षेत्रीको सिङ्गो उपन्यासकारितालाई हेर्दा उनी मूलतः यथार्थवादी उपन्यासकार हुन् भन्न सकिने तथ्य सिद्ध हुन्छ ।

## ३.४ निष्कर्ष

कविता लेखनबाट साहित्यमा प्रवेश गरेका लीलबहादुर क्षेत्री उपन्यासकारका रुपमा चर्चित छन् । साहित्यका बहुविध विद्यामा कलम चलाएर आधुनिक कालमा देखा परेका क्षेत्री पूर्व रुद्रराज पाण्डे **रुपमति** -वि.स.१९९१) रुपनारायणसिंह **भ्रमर** (वि.स.१९९३) र लैनसिंह वाङ्देल **मुलक बाहिर** (वि.स. २००४) देखा पर्दछन् । नेपाली उपन्यासलाई आधुनिकताको पूर्ण प्रतिष्ठा दिनको लागि यी उपन्यासको महत्वपूर्ण स्थान रहेको छ । **रुपमती** र **भ्रमर** उपन्यासमा पारिवारिक एवम् आदर्श शैक्षिक चेतना, सामाजिक सुधार र प्रणय भावना पाइन्छ भने **मुलुकबाहिर** मा आर्थिक विपन्नताका कारण वाध्य भएर जीवन निर्वाहका लागि मुग्लान् पस्नु पर्ने निम्नवर्गीय नेपाली समाजको यथार्थलाई प्रस्तुत गरिएको छ । शंकर कोइराला **खैरेनीघाट** (वि.स.२०१८), इन्द्रबहादुर राई **आज रमित छ ।** (वि.स.२०२१), पारिजाता **शिरीषको फूल (वि.स.२०२२)** आदि क्षेत्रीको **बसाइँ** पछि देखा पर्छन् । क्षेत्री, कोइराला, राई आदि सामाजिक यथार्थतालाई नै विषयवस्तु बनाएर उपन्यास लेख्ने गर्दछन् । त्यस्तै आसामे नेपाली उपन्यासकारहरुमा हरिप्रसाद शर्मा खनाल, के.सी, नेपाली, मोहनबहादुर श्रेष्ठ आदि रहेका छन् ।**ब्रह्मपुत्रको छेउछाउ** पछि परशुप्रधान, सुस्मिता नेपाल, संगीता स्वेच्छा आदि देखा पर्दछन् । कक्षा नौमा अध्ययनरत छँदादेखि नै उपन्यास लेख्दै आएका क्षेत्री वि.सं. २०१४ मा **बसाइँ** उपन्यास लिएर नेपाली साहित्यको फाँटमा पहिलो चरणमा देखा परे । जुन कृति आइ ए. तहको पाठ्यपुस्तकमा समावेश गरिनु हामी सबै नेपालीहरुको अहोभाग्य हो । **बसाइँ** उपन्यासले क्षेत्रीलाई नेपाली साहित्यको धरातलमा लोकप्रिय र चर्चित बनाएको छ निम्नवर्गीय समाजको प्रतिनिधित्व गरेको धनबहादुर बस्नेतको पारिवारिक कथा तथा सहयोगी कथानकका रुपमा धनेकै बहिनी झुमाको कथालाई लिएर लेखिएको **बसाइँ** उपन्यासमा सामाजिक शोषण र आर्थिक विपन्नताका कारण बसाइँ सर्न बाध्य भएका पहाडी नेपालीहरुको कारुणिक चित्र उतारिएको छ । आकारमा सानो भएर पनि सरल, सहस, सहज भाषाशैली र् विषयवस्तुको गहनता तथा व्यापकताले **बसाइँ**

उपन्यास पहिलो भएर पनि सशक्त र आकर्षक छ । क्षेत्रीको दोस्रो चरणको **अतृप्त** - वि.सं.२०२६) उपन्यासमा वैयक्तिक युवामानसिकताको यथार्थलाई उदाङ्गो पारिएको छ । **अतृप्त** उपन्यासको नायक मेघराज आफ्नी विवाहित पत्नीबाट सन्तुष्ट नभएर आफ्नो अतृप्तिलाई तृप्त पार्न धेरै नारीहरुसित लाग्दा पनि अन्तिमसम्म अतृप्तिकै अनुभूति गरिरहन्छ । **अतृप्त** उपन्यासको माध्यमबाट उपन्यासकारले मानिसमा पाइने जीवनप्रतिको अतृप्ति वा अमीट तृष्णालाई संकेत गरेका छन् । विषयवस्तुका दृष्टिले **अतृप्त** मनोयथार्थवादी उपन्यास हो । (वि.सं.२०४३) सालमा उपन्यासको तेस्रो चरणमा देखा परेका क्षेत्रीले **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासबाट भारतीय साहित्य अकादमी पुरस्कारबाट पुरस्कृत हुने सौभाग्य पाए । ब्रह्मापुत्र नदीको छेउछाउमा बस्ने प्रवासी आसामे नेपालीहरुको जनजीवन, उनीहरुका सुख-दु:ख, विभिन्न समस्या,विवहशता, बाध्यताहरुका साथै सामाजिक , आर्थिक , राजनैतिक तथा सांस्कृतिक आदि पक्षहरुको वर्णन **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पाइन्छ । नेपालको तत्कालिन समयको अर्थिक तथा सामाजिक  समस्याहरुको थिचोमिचोमा परी प्रवासिने नेपालीहरु आसाममा पुगेर पनि आर्थिक तथा सामाजिक समस्याहरुको थिचोमिचोमा नै परेका देखिन्छन् क्षेत्रीको औपन्यासिक प्रथम चरण र तेस्रो चरणमा नेपाली सामाजकै यथार्थिक चित्रण पाईन्छ । क्षेत्रीको चौथो चरणको उपन्यास **प्रतिध्वनिहरु विस्मृतिमा** आफ्नै यथार्थमा आधारीत वास्तविकतालाई उद्घाटन गरिएको छ । सामाजिक यथार्थ र व्यक्तिमानसिकताको यथार्थलाई उद्घाटन गर्नु क्षेत्रको औपन्यासिक प्रवृति हो ।

# परिच्छेद : चार

# पात्रविधानको सैद्धान्तिक आधार

## ४.१ विषयप्रवेश

उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महत्त्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । त्यस्तै, पात्रउपर नै स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ । उपन्यासका विभिन्न तत्त्वहरूमध्ये महत्त्वपूर्ण तत्त्वका रूपमा पात्रलाई लिइन्छ । पात्र वा चरित्रविना कुनै पनि आख्यानात्मक कृतिको रचना गर्न सकिँदैन । त्यसकारण यहाँ चरित्रको परिचय प्रस्तुत गर्दै पात्र विश्लेषणका आधारहरूको निरूपण गरिएको छ । नेपाली साहित्यका क्षेत्रमा समानार्थी शब्दका रूपमा चरित्र शब्दको प्रयोग गरिएको पाइन्छ ।

### ४.१.१ पात्र वा चरित्रको व्युत्पत्तिगत अर्थ

चरित्र शब्दको निर्माण 'चर'् धातुमा 'इत्र' प्रत्यय लागेर बनेको हो । यसका विभिन्न अर्थ हुन्छन्– व्यवहार, चालचलन, अभ्यास, काम, वृत्तान्त, जीवन, चरित्र, इतिहास, आत्मकथा, साहसिक कथा, स्वभाव, कर्तव्य[16] त्यस्तै गरी घटना वा वस्तु रचनाको आधार नै उपन्यासका पात्र हुन् । माथि आएका चरित्रका अर्थमध्ये प्रवृत्ति, स्वभाव, व्यवहार, आदत र चालचलनसम्बन्धी खास अर्थ दिने शब्द हुन् । यी शब्दहरूको आफ्नो-आफ्नो अर्थ रहेको छ । जुन यसप्रकार प्रस्तुत गरिएको छ ।

आचरण – स्वभाव, मूल, गुण आदि ।

गुण– सतवृत्ति, राम्रो, व्यवहार,

व्यवहार– काम, कार्य, रोजगार, विवाह आदि ।

स्वभाव – मनोवृत्ति, बानी, गुण, प्रवृत्ति आदि ।[17]

---

[16] वमन, शिवराम आप्टे,, **संस्कृत हिन्दी कोश,** दो.सं. (बनारस : यस पब्लिकेसन प्रा.लि. दिल्ली, ई.सं. १९६९), पृ. ३७४ ।

[17] उषा गोयल, **हिन्दी कहानी चरित्र, विकास**, (आदर्शनगर : दिल्ली रोड, इ.सं.१९८१), पृ. २० ।

यी विभिन्न अर्थहरूको कुनै एउटा मात्र अर्थले चरित्रको अर्थलाई स्पष्ट पार्न सक्दैन । मुख्य गरी 'चरित्र' शब्द अनेकार्थी शब्द हो । व्यवहार साथै मनोविज्ञानको क्षेत्रमा समेत यसको फरक फरक अर्थ हुन्छ । यही विभिन्नताभित्र पनि समानता भनेको यसको 'गुण' हो । कुनै व्यक्ति वा वस्तुको गुण-अवगुण, आचार-विचार, स्वभाव, संस्कार रुचि जे छ त्यही नै चरित्रको मुख्य गुण हो ।

यसरी हेर्दा धेरैजसो विद्वान्हरू पात्रमा केही न केही गुण अनिवार्य रहेकोलाई मान्दछन् । यही गुणको आधारमा पात्रलाई छुट्याउन सकिन्छ । सत् पात्र र असत् पात्र गरी पात्रलाई दुई भागमा छुट्याइएको हुन्छ । सत्पात्रमा सद्गुणहरू हुन्छन् भने असत्पात्रमा दुर्गुणहरू हुन्छन् । यही गुणहरूका आधारमा कुन पात्र कस्तो प्रकारको हो भन्न सकिन्छ । यसैगरी पात्रको अर्थ स्पष्ट पार्दै धीरेन्द्र वर्मा भन्दछन् – "उपन्यासमा साहित्यको महत्त्वपूर्ण तत्त्व चरित्र हो, त्यो व्यक्ति जसद्वारा उपन्यासमा घटना घटाइन्छ र जुन घटनाद्वारा प्रभावित हुन्छ ।'[18] कथामा घटना घटाएर कथानकलाई अगाडि बढाउने र कथानकमा घटेको घटनाद्वारा प्रभावित हुने व्यक्ति पात्र हो भन्दछन् ।

यसैगरी अर्का विद्वान राजेन्द्र द्विवेदी पात्रको अर्थ स्पष्ट पार्दै भन्दछन्– उपन्यास, कथा, नाटक, काव्य आदिमा एक व्यक्ति आफ्नो कथालाई स्वभाविकता प्रदान गर्ने व्यक्तिलाई सजीवन बनाउन पात्र/चरित्रको निर्माण गरिन्छ ।[19]

त्यस्तै पात्र/चरित्रको अर्थ स्पष्ट पार्दै अरस्तु भन्छन्– जसको बलद्वारा हामी कर्तामा केही गुणको आरोप गर्छौं । त्यसलाई चरित्र भनिन्छ ।[20] यसरी हेर्दा चरित्रद्वारा व्यक्तिको गुणको आरोप गरिन्छ र त्यो पात्र/चरित्र हाम्रै समाजका व्यक्तिसँग मिल्दछ । यस्तै विद्वान् मोहनराज शर्मा पात्रलाई स्पष्ट पार्दै भन्छन्– उपन्यासमा पाइने ती व्यक्तिहरूलाई पात्र वा चरित्र भनिन्छ जो नैतिक र आभिवृत्तीय गुणहरूले युक्त हुन्छन् ।[21] यस्तै नेपाली साहित्य कोशअनुसार पात्र भनेको आख्यानमा व्यक्तिहरू विभिन्न प्रकारका नैतिक र अभिवृत्तीय

---

[18] धीरेन्द्र शर्मा, **हिन्दी साहित्य कोष,** (ज्ञानमण्डल : लिमिटेड बनारस, इ.सं. १९१५) पृ. ४४८ ।

[19] राजेन्द्र द्विवेदी, **साहित्यशास्त्रका पारिभाषिक शब्दकोश** (आत्माराम एण्ड सन्स : काश्मिरी गेट दिल्ली, इ.सं.१९५५), पृ. ९३ ।

[20] नगेन्द्र (अनु), **अरस्तुका काव्यशास्त्र** (इलाहावाद : भारती भण्डार, इ.सं. १९८१), पृ. २ ।

[21] मोहनराज शर्मा, **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (काठमाडौँ : ने.रा.प्र.प्र, २०५५), पृ. ४४२

गुणहरूले युक्त हुन्छन् र यस अभिलक्षणका कारण तिनलाई पात्र वा चरित्र भनिन्छ ।[22] यस्तै नेपाली बृहत् शब्दकोशकानुसार पात्रको अर्थ चालचलन, बानी-व्यहोरा, व्यवहार हो ।[23] अझ स्पष्ट रूपमा भन्दा पात्र भनेको नाटक, उपन्यास, कथा आदिमा काल्पनिक पात्रको बिम्ब सिर्जना गर्ने प्रक्रिया हो । यसैगरी अर्का विद्वान् ईश्वर बराल पात्रलाई स्पष्ट पार्दै भन्छन्– पात्र नभएको उपन्यास पनि हुन्छ भन्ने कल्पना गर्न सकिन्न तर चरित्र मानव प्राणी मात्र नभई पशुपन्छी र निर्जीव वस्तु पनि हुन सक्छन् ।[24] भन्दै पात्रमा मान्छे मात्र नभई, कुकुर, घोडा, भैँसी, बाख्रा, काग, परेवा, माटो, ढुङ्गा, रुख आदि जुनसुकै प्राणी वा वस्तु पनि पात्रका रूपमा आउन सक्छन् ।

यसरी हेर्दा पात्रलाई सजीव एवम् व्यक्तित्वशील बनाउन सक्नु नै उपन्यासको सफलता हो । पात्र उपन्यास, कथा, नाटक आदिको चरित्रचित्रणको निम्ति प्रस्तुत गरिएको आधार बिन्दु हो । पात्रको छनोट उपन्यासको महत्वपूर्ण विषय हो । उपन्यासमा पात्रको महत्व सर्वोपरि मानिन्छ । कथानकलाई अगाडि बढाउन विभिन्न घटनाहरूको शृङ्खला निर्माण गर्न कथानकलाई फलप्राप्तिमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने तत्व पात्र हो ।

साधारण अर्थमा पात्र भन्नाले कुनै प्राणीको बाह्य र आन्तरिक प्रवृत्तिमा समन्वित रूप गुणको प्रतिबिम्ब भन्ने बुझिन्छ । चरित्र भनेको त्यो व्यक्ति हो जसद्वारा कथा, उपन्यास, नाटक आदि विधाहरूमा घटनाहरू घट्दछन् अथवा त्यो जो स्वयम् विभिन्न घटनाद्वारा प्रभावित हुन्छ । पात्र नभएको आख्यानमा साहित्यको कल्पना पनि गर्न सकिँदैन भने पात्र/चरित्र अथवा व्यक्तिबाट अभिभाज्य छ । कुनै कार्यप्रति देखाइएको प्रतिक्रियाबाट व्यक्तिको चरित्र मुखरित हुन्छ । मूल रूपमा चरित्रको दुईवटा पक्ष हुन्छन् : १) भौतिक पक्ष ( २) मनोवैज्ञानिक पक्ष[25] व्यक्तिका शारीरिक लिङ्ग, रूपगत आकार, प्रकार, हिँडाइ, बसाइ, लवाइ, खवाइका साथै उसका यावत बाह्य चालढाल भौतिक पक्ष अन्तर्गत पर्दछन् । व्यक्तिव्यक्तिबीचमा स्वभाव, गुण, अवगुण, सोचाइ, विचार, भावना आदिका पृथकतामा

---

[22] ईश्वर बराल र अरू (सम्पा.), **नेपाली साहित्यकोश** (काठमाडौँ : ने.प्र.प्र, २०५५), पृ. २७० ।

[23] वासुदेव त्रिपाठी र अरू (सम्पा.), **नेपाली बृहत् शब्दकोश** , (काठमाडौँ : ने.प्र.प्र, २०५५), पृ. २७० ।

[24] ईश्वर बराल, **झ्यालबाट** (काठमाडौँ : साझा प्रकाशन, २०५५), पृ. ५८ ।

[25] आर्थर एफ गोउल्ड, **हड राइट फ्रिक्सन, द राइटर्स म्यानुअल** (भाग २), क्यालिफोर्निया : इ.टी.सी. प्रकाशन, इ.सं.१९७७), पृ. १२० ।

मनोवैज्ञानिक पात्रका पनि दुईवटा हाँगा छन् : भावात्मक र वैचारिक ।[26] भावात्मक पक्षले व्यक्तिका शास्वत बानी व्यहोरामा जबर्जस्ती प्रभाव पार्दछ भने वैचारिक पक्ष उसका क्रियाकलापहरूलाई सचेत अथवा अचेत रूपमा बिम्ब सिर्जना गर्ने प्रक्रिया हो । यसैगरी अर्का विद्वान् ईश्वर बराल पात्रलाई स्पष्ट पार्दै भन्छन्- "पात्र नभएको उपन्यास पनि हुन्छ भन्न कल्पना गर्न सकिन्न तर चरित्र मानव प्राणी मात्र नभई पशुपन्छी र निर्जीव वस्तु पनि हुन सक्छन्  भन्दै पात्रमा मान्छे मात्र नभई कुकुर, घोडा, भैंसी, बाखा, काग, परेवा, माटो, ढुङ्गा, रुख आदि जुनसुकै प्राणी वा वस्तु पनि पात्रका रूपमा आउन सक्छन् ।"

यसरी हेर्दा पात्रलाई सजीव एवम् व्यक्तित्वशील बनाउन सक्नु नै उपन्यासको सफलता हो । पात्र उपन्यास, कथा, नाटक आदिको चरित्र चित्रणको निम्ति प्रस्तुत गरिएको आधार बिन्दु हो । पात्रको छनोट उपन्यासको महत्वपूर्ण विषय हो । उपन्यासमा पात्रको महत्व सर्वोपरि हुन्छ । कथानकलाई अगाडि बढाउन विभिन्न घटनाहरूको शृङ्खला निर्माण गर्न कथानकलाई फलप्राप्तिमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने तत्व पात्र हो ।

साधारण अर्थमा पात्र भन्नाले कुनै प्राणीको बाह्य र आन्तरिक प्रवृत्तिमा सामन्वित रूप र गुणको प्रतिबिम्ब भन्ने बुझिन्छ । चरित्र भनेको त्यो हो जसद्वारा कथा, उपन्यास, नाटक आदि विधाहरूमा घटनाहरू घट्छन् अथवा त्यो जो स्वयम् विभिन्न घटनाहरूद्वारा प्रभावित हुन्छ । प्रात्र नभएको आख्यान साहित्यको कल्पना पनि गर्न सकिँदैन भने चरित्र/पात्र अथवा व्यक्तिबाट अभिभाज्य छ । कुनै कार्यप्रति देखाइएको प्रतिक्रियाबाट व्यक्तिको चरित्र मुखरित हुन्छ। मूल रूपमा चरित्रका दुईवटा पक्ष हुन्छन् : १) भौतिक पक्ष मनोवैज्ञानिक पक्ष ।

यसरी उपर्युक्त विचार परिभाषाबाट उपन्यासमा चरित्रलाई महत्वपूर्ण तत्वका रूपमा लिन सकिन्छ । यसरीथरीथरी गुण र प्रवृत्ति भएको कथानकलाई महत्वपूर्ण र रोचक बनाउने कार्यव्यापारलाई ठोस गति दिनुको साथै उपन्यासको उद्देश्य पूरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने तत्व औपन्यासिक पात्र अर्थात् चरित्र नै हो । उपन्यासले चरित्रकै माध्यमबाट मानव जीवनको आर्थिक, सामाजिक, धार्मिक, वैयक्तिक, राजनैतिक, परम्परा, संस्कृति र मनोवैज्ञानिक सबै क्षेत्रको बारेमा स्पष्ट पार्दै मानव जीवनको व्याख्या गर्ने प्रयास गर्दछ ।

[26] **इन्साइक्लोपेडिया ब्रिटानिका** (भाग ५), (ब्रिटेन बिलियनम वेन्टन, प्रथम प्रकाशन, इ.सं.१७८६), पृ. २८२ ।

## ४.१.२ पात्रको स्वरूप

पात्रको स्वरूप निर्धारण गर्दा पात्र कस्तो खालको हुनुपर्छ र पात्र कस्ता कस्ता स्वभावका हुन्छन् भन्ने विषय मुख्य हुन्छ । पात्रको महत्व स्पष्ट पार्दै पूर्वीय विद्वान विश्वनाथले नायकको चार भेद हुन्छ भनेका छन् । ती चार भेद यसप्रकार छन् – धीरोद्धत्त, धीरोद्धात, धीरप्रशान्त र धीरललित[27] यी नायकका भेदअनुसार यिनीहरूका लक्षण पनि फरकफरक हुन्छन् । मायावी, घमण्डी, शूर, आफ्नो तारिफ आफैँ गर्ने पुरुष धीरोद्धत्त कहलाउँछ ।[28] आफ्नो प्रशंसा आफैँ नगर्ने, क्षमायुक्त अति गम्भीर, महासत्व अथवा हर्ष शोक आदिमा स्वभाव नबदल्ने स्थिर प्रकृति भएको र आफ्नो कुराको पक्का पुरुष धीरोद्धात्त कहालाउँछ ।[29] अति कोमल स्वभाव, नृत्य, गीतमा तल्लीन नायक धीरप्रशान्त कहलाउँछ ।[30] दृढ र शान्तचित्त भएको, धैर्यशाली, गम्भीर पुरुष धीरललित कहलाउँछ ।[31] त्यसैगरी नायकको प्रवृत्तिअनुसार पात्रलाई दक्षिण, धृष्ट, अनुकूल र शठ[32] गरी चार भागमा विभाजन गरेको पाइन्छ । यी नायकहरूका पनि आ-आफ्ना विशेषताहरू रहेका छन् । अनेक पत्नीसँग समान अनुराग राख्ने नायक दक्षिण हुन्छ । अपराध गरेपनि दृढ रहने, दण्ड खाए पनि लज्जित नहुने, दोष भए पनि झुटो बोल्ने धृष्ट हुन्छ । एउटी नायिकाप्रति मात्र अनुराग (प्रेम) राख्ने अनुराग हुन्छ । प्रवृत्त नायिकासँग पनि बाहिरी अनुराग राख्ने नायक शठ हुन्छ ।[33]

यस्तै नायकको वर्गीकरण गर्ने क्रममा धनञ्जय पनि उत्तिकै सशक्त रूपमा लागेका देखिन्छन् । उनका अनुसार नायकका चार भेद हुन्छन्– धीरोद्धत्त, धीरोद्धात्त, धीरप्रशान्त र धीरललित[34]। यसैगरी प्रेम व्यवहारबाट पनि नायकलाई चार वर्गमै बाड्न सकिन्छ । दक्षिण, धृष्ट, अनुराग र शठ ।[35] यो विश्लेषण पनि विश्वनाथकै विश्लेषसँग मिल्दोजुल्दो देखिन्छ । नायकमा हुनुपर्ने गुणका बारेमा पनि धनञ्जयले व्याख्या गरेको पाइन्छ । धनञ्जयका

---

[27] विश्वनाथ, **साहित्य दर्पण**, (वनारस : चौरवम्ब संस्कृत सिरिज, इ.सं. १९९५), पृ. ६५ ।

[28] ऐजन् ।

[29] ऐजन् ।

[30] ऐजन् ।

[31] ऐजन् ।

[32] ऐजन् ।

[33] ऐजन् ।

[34] धनञ्जय, **दसरूपकम्** (बनारस : चौरवम्बा विद्याभवन), पृ. ४४ ।

[35] ऐजन् ।

अनुसार नायकमा शोभा, विलास, माधूर्य, गम्भीर, धैर्य, तेज, औदार्थ[36] जस्ता गुणहरू हुनुपर्दछ । नायकको सट्टा प्रतिनायक हुन्छ । त्यस्तै नायकको साथी पताका नायक हुन्छ र यो पीठमर्द हुन्छ । ऊ बुद्धिमान् त हुन्छ तर नायकको भन्दा केही न्युन गुण उसमा हुन्छ । ऊ सधैं नायकको फलप्राप्तिमा सहयोग गर्दछ । अर्को पात्र विदूषक हुन्छ । ऊ दर्शक तथा पाठकलाई हाँस्य व्यङ्ग्यद्वारा मनोरञ्जन प्रदान गर्दछ ।[37] नायकका भेदसँग नायिककाको भेद पनि धनञ्जयले प्रष्ट पारेका छन् । नायकको जस्तै नायिकाको पनि उपन्यासमा उत्तिकै महत्व हुन्छ । यही महत्त्वका कारण नायिकालाई पनि विभिन्न भेद उपभेदमा विभक्त गरिएको छ । जसलाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ । स्वकीया, अन्य र सामान्य[38] स्वकीया नायिका पनिभक्त हुन्छे, अन्य नायिका जो नायककी स्त्री होइन तर नायकसँग सम्बन्धित हुन्छे र सामान्य नायिका सामान्य स्त्री या गणिका कहालाउँछे ।[39] यस्तै अवस्थाका आधारमा नायिका तीन प्रकारका हुन्छन् । मुग्धा, मध्या, पौढा[40] । मुग्धा नायिका यौवनले भरिपूर्ण, पुजकलामा अज्ञान, प्रेमक्रीडामा डर मान्ने तर नायकको प्रतिकूल आचरण गर्दा नरिसाउने मात्र रुने गर्दछे । मध्या नायिका बढी कामुक हुन्छे तापनि नायकले आचरण प्रति रिसाउने गर्दछे ।[41] त्यसै गरी मध्य नायिकाका पनि तीन भेद हुन्छन् । ती हुन् :धीरा, अधीरा र अधीरा धीरा[42] यी तीन नायिकाको पनि आ-आफ्नै विशेषता रहेका हुन्छन् । धीरा नायिका नायकलाई गाली गर्ने र रुखो बोल्ने गर्दछे । अधीरा नायिका कटु शब्दको प्रयोग गर्छे र अधीरा धीरा नायिका रुने मात्र गर्दछे र नायकको व्यङ्ग्य पनि सुन्छे । पौढा नायिका प्रेमकलामा दक्ष र कुनै प्रकारले प्रेमक्रीडा गर्ने गर्दछे ।[43] यस्तै पौढ नायिकाका पनि अन्य हाँगा हुन्छन्– जेष्ठा र कनिष्ठा ।[44] यसरी हेर्दा नायक र नायिकाको भेद पूर्वीय साहित्यमा धेरै रहेको पाइन्छ । यस्ता भेदहरू विशेष गरेर नाटकमा बढी उपयुक्त ठहर्छन् । उपन्यासका क्षेत्रमा भने यति धेरै वर्गीकरण गरेको पाइँदैन ।

---

[36] ऐजन् ।

[37] ऐजन् ।

[38] ऐजन् ।

[39] ऐजन् ।

[40] ऐजन् ।

[41] ऐजन् ।

[42] ऐजन् ।

[43] ऐजन् ।

[44] ऐजन् ।

### ४.१.३ उपन्यासमा पात्रको भूमिका

उपन्यासभित्र विशेषता बुझाउन व्यवस्थित गरिकाले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र भनिन्छ ।

वास्तवमा उपन्यासको विषय मान्छे र उसको वास्तविक जीवन हो । जीवनका धेरै पक्षलाई उद्घाटन गर्न तथा उपन्यासलाई सजीव बनाएर स्वाभाविक, रोचक र स्तरीय बनाउनमा समेत पात्रको ठूलो भूमिका हुन्छ । उपन्यासको मुख्य अङ्ग मानव र उसको व्यवहार भएकाले औपन्यासिक कथाको विषय जेसुकै होस् त्यसको उपलब्धी मानव व्यवहारसँग सम्बन्धित हुन्छ । कतिपय उपन्यासकारका सामुन्य सबभन्दा महत्त्वपूर्ण समस्या पात्रको चरित्रलाई प्रस्तुत गर्नु हुन्छ । उपन्यासमा पात्रहरूका कार्यव्यापारबाट पाठकले रस ग्रहण गर्छ । उपन्यासका पात्रहरूले हामीलाई निकै प्रभाव पारेको हुन्छ । उपन्यासको अध्ययन निकै पहिला भएको भए पनि चरित्रको आधारमा उसका क्रियाकलापहरू पात्रको मस्तिष्कमा घुमिरहन्छ । उपन्यासको पात्र लेखककै कल्पना शक्तिको उपज हो तापनि यथार्थको अनुभूति र कल्पनाको सन्तुलनबाट उसको चरित्र निर्माण गरिन्छ ।

मान्छेका शाश्वत पक्षलाई दर्शाउने विविध पक्षहरू पनि चरित्रकै माध्यमबाट उद्घाटित गरिएका हुन्छन् । चरित्रकै आधारमा कुनै पनि समयको वास्तविक वातावरणलाई जान्न सकिन्छ । पात्रको आफ्नो स्वभाव र आचरण अनुसार नै विभिन्न प्रकारको घटनालाई उपस्थित गराउँछ । उपन्यासलाई विश्वसनीय बनाउनका लागि चरित्रकै निर्माणमा विशेष ध्यान दिइन्छ । पात्रविहीन कथाको कल्पना पनि गर्न नसकिने भएकाले पात्रकै आधारमा उपन्यासको कथावस्तु तयार हुने भएकाले औपन्यासिक कृतिमा पात्रको भूमिका सर्वोच्च स्थानमा रहन्छ । पात्रको स्थान जति बढी सजीव र यथार्थ हुन्छ त्यति नै उपन्यासको कथावस्तु प्रभावकारी र रोमाञ्चकारी हुन्छ । पात्रको चयनको आधारमा नै उपन्यासकारको लक्ष्य सफल र असफलताको शिखरमा पुऱ्याउन पनि मद्दत पुऱ्याउँछ । पाठकले उपन्यासमा आएका पात्रहरू काल्पनिक भए पनि तिनीहरूको सुख, दुःखलाई साधारणीकरण गरेर दुःख या सुखको अनुभूति गर्दछन् तर यी पात्रहरू यथार्थ जीवनबाट टिपिएका भए मात्र त्यसमा सजीवता र विश्वसनीयता आउँछ । उपन्यासका पात्रहरू साँच्चिकै हाम्रा गाउँघर, टोल, छिमेक र शिव, हरि, सीता, राधा जस्ता हुन्छन् ।

प्राचीन कालका उपन्यासका पात्रहरू हामीहरू बीचका हुन्छन् भने आधुनिक उपन्यासहरूमा मानवेतर पात्रको गुण, स्वभाव र ग्रन्थीहरूलाई उपहास गर्नको लागि उभ्याइएका प्रतीकात्मक पात्रहरू पनि हुन्छन् । उदाहरणार्थ लैनसिंह वाङ्देलको **लङ्गडाको साथी** उपन्यासमा मान्छेले कुकुरलाई मित्रवत् व्यवहार गर्ने तर मान्छेबाट भने घृणा र उपेक्षा मात्र सहनु पर्ने भएकाले यहाँ मानवीय सभ्यताको उपहास गरिएको छ । आख्यानात्मक कृतिमा कार्य र द्वन्द्व सृजना गर्न पात्रको आवश्यकता पर्दछ । पात्रको सिर्जना भने लेखकको चाहना, योग्यता शैली र वस्तुको रूप र उद्देश्यमा निर्भर गर्दछ । उपन्यासका पात्रहरू कथावस्तुको समग्रतालाई गति अन्वितिमार्फत् निश्चित रूपमा फेर्ने माध्यम छन् । पात्रहरूको सम्वाद कार्य र गतिमा कथावस्तुको विस्तार हुनुको साथै विचार र उद्देश्यको पनि विस्तार भइरहेको हुन्छ । वास्तवमा पात्रहरू विचार सम्प्रेषणको माध्यय हुन् ।[४५] अब्राहम्सको विचारमा चरित्र साहित्यिक विधागत रूप हो, जुन व्यक्तिको रूपमा आख्यान साहित्यमा देखा पर्दछ । उपन्यासकारले भन्ने र देखाउने कुरालाई बहन गर्ने कुनै पनि पात्ररूप उपन्यासमा पात्र/चरित्र हो ।[४६] पात्रहरूको विकास भनेको नै कथानक र उद्देश्यको विकास पनि हो । आधुनिक समयमा पात्रहरू उपन्यासकारको जीवनदृष्टि तथा कलादृष्टिको समग्रतालाई बोध गराउने आधार हो । यसरी पात्रका सबलता, दुर्बलता यथार्थसँग रहेको सम्बन्ध र सामाजिक उत्पादन र गतिविधिमा तिनीहरूकै कारण उपन्यासको सौन्दर्य राम्रो देखिन्छ । त्यसैले उपन्यास रचनामा पात्रको छनोट निकै महत्त्वपूर्ण हुन जान्छ । पात्र बाहेक औपन्यासिक संरचनाको कल्पना गर्नु असम्भव हुन्छ । यसर्थ पात्र नै उपन्यासको मुख्य आधार हो ।

## ४.१.४ चरित्रचित्रणको विधि

उपन्यासमा प्रयुक्त पात्रहरूको चित्रण गर्दा तिनीहरूले खेलेको भूमिकाको आधारमा चित्रण गर्नु आवश्यक ठानिन्छ । यसले भोगेको जीवन तिनीहरूको कार्यशैली आदिको आधारमा पात्रको चित्रण गर्नुपर्दछ । पात्रको चित्रण गर्दा आग्रहीकरण नगरी नाटकीकरण गरेर चित्रण गर्नुपर्दछ । चरित्र चित्रण गर्ने मुख्य दुई विधि छन्–प्रत्यक्ष र अप्रत्यक्ष ।[४७]

---

[४५] ऋषिराज बराल, **उपन्यासको सौन्दर्यशास्त्र** (काठमाडौँ : साझा प्रकाशन, (२०५७), पृ. ३३ ।

[४६] एम्.एच. अब्राहम्स, **अग्लोसरी अफ लिटरेरी टमर्स**, ते.सं. (मद्रास : म्याकमिलन इण्डिया, इ.सं.१९९२), पृ. २०-२९ ।

[४७] **द एलिमेन्टस् अफ फिक्सन**, ते.सं. (अक्सफोर्ड युनिभर्सिटी प्रेस, इ.सं. १९८६) पृ. १२१ ।

यसका अतिरिक्त अन्य विधिको पनि प्रयोग गरेको पाइन्छ । अन्य विधिहरूमा परिचयात्मक चरित्र चित्रण आत्मविश्लेषणात्मक चरित्र चित्रण, संवादात्मक चरित्रचित्रण, संकेतात्मक चरित्र चित्रण, मनोविश्लेषणात्मक चरित्र चित्रणअन्तर्गत द्वन्द्वद्वारा चरित्रचित्रण आदि पर्दछन् ।[48] माथि उल्लिखित सम्पूर्ण विधिहरू आफैँमा महत्त्वपूर्ण भएतापनि प्रस्तुत शोधमा खास–खास विधिलाई मात्र यहाँ समावेश गरिएको छ । हिमांशु थापाका अनुसार पात्रको चरित्रचित्रण मुख्यतः दुई किसिमले गरिएको छ , विश्लेषणात्मक वा प्रत्यक्ष विधि र नाटकीय वा परोक्ष विधि ।[49] यसैगरी कृष्णहरि बराल र नेत्र एटम पनि यही कुरामा सहमत देखिन्छन् । उनीहरूका अनुसार पात्रको चित्रण प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय [50] दुई विधिद्वारा गरिन्छ ।

## क. प्रत्यक्ष चरित्रचित्रण विधि

प्रत्यक्ष वा वर्णनात्मक विधिमा स्वयम् लेखक पात्रको आचारविचार, अनुभव उद्घाटित गर्दछ । यस्तो विधिमा लेखक पात्रलाई बोल्न दिँदैन । लेखक आफैँले उसको आलोचना गर्दछ । पात्रले स्वयम् वार्तालाप गर्न नपाउने हुँदा यो विधि त्यति प्रभावकारी हुँदैन । यस वार्तालाप विधिमा लेखक जबरजस्ती आफ्ना भावनालाई पात्रका माध्यमबाट प्रस्तुत गर्दछ ।

## ख. नाटकीय वा परोक्ष (अप्रत्यक्ष) चरित्रचित्रण विधि

यस विधिमा लेखक टाढै रहन्छ । ऊ पात्रलाई उपस्थित गराएर आफ्ना सम्पूर्ण कुरा पात्रलाई नै भन्न लगाउँछ । पात्र आफ्ना संवाद र वार्तालापद्वारा क्रमशः गर्दै जान्छ । लेखकको हस्तक्षेप विना आफ्ना चरित्रको बारेमा आफैँ व्यक्त गर्ने हुनाले यो बढी विश्वसनीय र प्रभावकारी पनि ठहर्छ । पात्रलाई आफ्नो विचार ओकल्ने परिस्थितिको सिर्जना गर्ने काममा लेखक लागेको हुन्छ । पात्रको बारेमा लेखकले भन्दा स्वयम् पात्रले नै बढी जानेबुझेको हुनाले चरित्रको सही तरिकाले उद्घाटित हुन्छ ।

पात्रको चरित्र चित्रण गर्ने अन्य विधि पनि छन् । पात्रको मनोविश्लेषण गर्नको लागि मनोविश्लेषणात्मक विधि आवश्यक हुन्छ । तर पनि विशेष गरेर प्रत्यक्ष र अप्रत्यक्ष विधिले

---

[48] उर्षा गोयल, पूर्ववत्, पृ. ३६–३९ ।

[49] हिमांशु थापा, **साहित्य परिचय**, चौ.सं. (काठमाडौं : साझा प्रकाशन, २०५०), पृ. १७६ ।

[50] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २४ ।

नै सम्पूर्ण कुरालाई समेट्ने हुनाले यिनै दुई प्रचलित विधिलाई नै मुख्य विधि मानिएको पाइन्छ। यिनै सिद्धान्तको आधारमा पनि पात्रको विश्लेषण गर्नमा सहयोग लिन सकिन्छ।

## ४.१.५ चरित्र/पात्र चयनको औचित्य

चरित्रले कथावस्तुको वर्णित घटनाहरूको सम्बन्ध मावन र मानवेतर प्राणीसँग राख्छ। यसको संवाद र क्रियाकलापद्वारा उसको आफ्नो विचार र अभिव्यक्तिहरूलाई व्यक्त गर्न सहयोग पुऱ्याउँछ। चरित्रको चयनबाट व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूलाई देखाउनुको साथै यसको माध्यमबाट उपन्यासले स्वयम् मनुष्यजीवनको बृहत्तर सत्यको अध्ययन गर्नमा मद्दत पुऱ्याउँछ। कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकोले सामान्यतः चरित्रले फरक विचारलाई सम्प्रेषण गर्ने कार्य गर्छ। चरित्रहरू कथानक गतिका संवाहक हुन्। उनीहरूको चरित्रको चित्रण विकास, व्यवहार, आरोह, अवरोह, जातीय विशेषताहरू, मानवीय शाश्वत सत्यहरू र व्यक्तिका प्रवृत्तिगत वैचित्रहरूलाई उद्घाटित गर्ने काम चरित्रले गर्छ। उपन्यासमा पात्रले कथावस्तुको समग्रतालाई गति अन्वितिमार्फत निश्चित रूपमा हेर्ने काम गर्दछ। यसले कथा र उपन्यासहरूमा बढी सक्रिय भूमिका खेलेको हुन्छ। चरित्रको माध्यमबाट स्रष्टाले निश्चित र नैतिक अभिवृत्ति प्रकट गराउने हुँदा उनीहरूले संसार नै परिवर्तन गरिदिन सक्छन्। चरित्रले उपन्यास वा कथा विधालाई सजीव बनाएर गति दिने महत्वपूर्ण जिम्मेवारी बहन गर्दछ। चरित्रको चयनले उपन्यासको समग्र संरचनासँग गाँसिएर पात्रको विकास कसरी गर्ने भन्ने विषयमा पनि उद्देश्यसित संबन्धित रहेको हुन्छ। चरित्रले लेखनको जीवन दृष्टि तथा कलादृष्टिले समग्रतालाई बोध गराउने काम गर्दछ। अब्राहम्सको विचारमा उपन्यासकारले भन्ने र देखाउने कुरालाई बहन गर्ने कुनै पनि पात्ररूप उपन्यासमा चरित्र हो।[५१] लेखकको सिर्जनात्मक कल्पनाद्वारा समाजका व्यक्ति वा वस्तु जस्तै बनेर प्रस्तुत हुन्छन्। उनीहरूले विभिन्न किसिमको स्वरूप र चरित्र बहन गर्दछन्। चरित्रको अस्तित्वले उपन्यासको संरचनालाई सुरुदेखि अन्त्यसम्म विस्तारित गर्दछ। तसर्थ उपन्यास र कथा विधामा चरित्रहरूको चयन सोद्देश्यमूलक अर्थपूर्ण हुने भएकोले प्रस्तुत शोधकार्यमा पनि पात्रविधानको औचित्य वा सार्थकताको समेत मूल्याङ्कन गरिएको छ।

## ४.२ पात्रविश्लेषणको आधार

[५१] एम्.एच. अब्राहम्स, पूर्ववत्, पृ. २०-२१।

कथावस्तुको समग्रतालाई गति र अन्विति प्रदान गर्नका लागि उपन्यासको पर्याधारभित्र बाँधिएको व्यक्ति हो पात्र । पात्र वा चरित्रहरू कथानकको गतिका संवाहक हुन् । उपन्यासमा पात्र भन्नाले मानवीय तथा मानवेतर प्राणी र प्राणेत्तर जड वस्तु समेत हुनसक्छन् तर त्यस्ता मानवेत्तर र पात्रमा नैतिक र अभिवृत्तीय गुणको असम्भव हुन्छ । त्यस्तै प्रस्तुत शोधपत्रमा वस्तुगत विश्लेषण गर्न उपन्यासका संपूर्ण मानवीय पात्रहरूलाई काव्यशास्त्र र शैली विज्ञानले औँल्याएका सैद्धान्तिक आधारमा वर्गीकरण गरी तिनको विश्लेषण गर्ने प्रयास गरिएको छ । पात्र विश्लेषणका निर्धारित आधार यसप्रकार छन्–

## ४.२.१ लिङ्गको आधार

आख्यानात्मक कृतिभित्र प्रयुक्त पात्रमध्ये पुरुष र नारी भनेर शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । पात्रको स्वभावको वर्णन र नामाकरणबाट पुलिङ्ग र स्त्रीलिङ भनेर छुट्याउन सकिन्छ ।[52] कतिपय अवस्थामा पात्रका नामबाट मात्र त्यसको लैङ्गिक प्रकार छुट्याउन नसकिने अवस्था पनि हुन सक्छ । यस स्थितिमा त्यसपात्रका निम्ति प्रयुक्त विशेषण, विशेषणपदसमूह तथा क्रियापद आदिबाट पनि लिङ छुट्याउन सकिन्छ । यस आधारमा हेर्दा उपन्यासमा पुरुष पात्र र नारी पात्र गरी पात्र दुई प्रकारका पात्र हुन्छन् ।

## ४.२.२ कार्यको आधार

उन्यासमा प्रयुक्त सबै पात्रले समान महत्वको कार्य गर्दैनन् । पात्रहरूको कार्यमूल्यको घटीबढी र चरित्रको उपस्थितिका आधारमा चरित्रलाई (क) प्रमुख (ख) सहायक (ग) गौण गरी तीन वर्गमा विभाजित गर्न सकिन्छ । उपन्यासमा अन्य पात्रको भन्दा बढी महत्त्वपूर्ण कार्य गर्ने र नाम र सर्वनामको पनि सर्वाधिक पुनरावृत्ति हुने पात्र प्रमुख पात्र हो । प्रमुख पात्र वा चरित्र भन्दा कम महत्वको कार्य गर्ने पात्र गौण पात्र हो । प्रमुख पुरुष चरित्रलाई नायक र स्त्री चरित्रलाई नायिका भनिन्छ । नायक नायिका भन्दा कम उपस्थित हुने पुरुष चरित्रलाई सहनायक र स्त्री चरित्रलाई सहनायिका भनिन्छ । सहनायक र सहनायिका भन्दा कम कार्य गर्ने चरित्रहरू गौण वर्ग अन्तर्गत पर्दछन् ।[53]

## ४.२.३ प्रवृत्तिको आधार

[52] कृष्णप्रसाद आचार्य र कृष्णबहादुर बस्नेत, **आधुनिक नेपाली उपन्यास र कथा** (सैद्धान्तिक विश्लेषण), पृ. १३५ ।

[53] ऐजन ।

मानवीय प्रवृत्तिका आधारमा पात्रहरू (क) अनुकूल र (ख) प्रतिकूल गरी दुई किसिमका हुन्छन् । सकारात्मक कार्यमूल्य वा सकारात्मक भाव भएका पात्रलाई अनुकूल पात्र र नकारात्मक कार्यमूल्य वा भाव भएका पात्रलाई प्रतिकूल पात्र भनिन्छ । अनुकूल पात्रका निम्ति सकारात्मक भाव भएका शब्दहरूको पनि प्रयोग गरिएको हुन्छ भने प्रतिकूल पात्रको निम्ति नकारात्म्क भाव भएका हास्रोन्मुख शब्दहरूको प्रयोग गरिएको पाइन्छ । प्रतिकूल वर्गको प्रमुख वा सहायक पुरुषपात्रलाई खलनायक वा खलपात्र र स्त्री पात्रलाई खल नायिका वा खलपात्रा भनिन्छ । [54]

## ४.२.४ स्वभावको आधार

स्वभावको आधारमा उपन्यासका पात्रहरू दुई वर्गका हुन्छन् । (क) गतिशील र ख) गतिहीन । परिवेश र परिस्थिति अनुसार परिवर्तित हुने स्वभावको पात्रलाई गतिशील पात्र भनिन्छ । परिवेश र परिस्थिति अनुरूप परिवर्तित नहुने र आरम्भदेखि अन्त्यसम्म एउटै प्रवृत्ति वा आचरणका साथ देखापर्ने अनि पात्रको गतिमा कुनै भिन्नता वा आरोह-अवरोह नदेखिने पात्रलाई गतिहीन पात्र भनिन्छ । उपन्यासमा प्रयोग गरिएका वर्गात्मक शब्दसमूह जस्तै : स्त्री-नारी-रमणी-आइमाई आदि वा गरिब-निर्धन-दरिद्र-विपन्न-तन्नम आदिले वर्गात्मक गतिहीन पात्रको अनि कलात्मक शब्दसमूह जस्तै आमा-बुबा-लेखक-अभिनेत्री वा प्रेमी-त्यागी-स्वार्थी-दानी-रक्षक आदिले गतिशील पात्रहरूको विभेद गर्न सकिन्छ ।[55]

## ४.२.५ जीवनचेतनाको आधार

जीवनचेतनाको आधारमा उपन्यासका पात्रहरूमा क) सामाजिक वा वर्गगत र ख) वैयक्तिक वा व्यक्तिगत गरी दुई किसिमका हुन्छन् । एउटै धर्म, संस्कृति,जाति, भाषा, आदिमा बाँधिएर एकै स्थानमा बस्ने मानिसहरूको समूहलाई नै वर्ग वा समाज भनिन्छ । जसले सामाजिक जीवनको वर्गगत जीवनमा प्रतिनिधित्व गर्ने गरी कार्य गरेको हुन्छ । त्यस्ता चरित्र वा पात्रलाई वर्गगत पात्र/चरित्र भनिन्छ । यस्ता पात्रले समाजको समष्टिगत प्रतिनिधित्व बहिरङ्ग तरिकाले प्रस्तुत गरेको हुन्छ भने अन्तरङ्ग या आन्तरिक गुण, बानी , सोचाई एवम् प्रस्तुति प्रमुख रूपमा रहेका उपन्यासका पात्रहरू विशेषगरी व्यक्तिगत कहलाउँछन् ।

---

[54] ऐजन ।

[55] ऐजन ।

आर्थिक अवस्थाको दृष्टिबाट हेर्दा उपन्यासका पात्रहरू विभिन्न आर्थिक पृष्टभूमिबाट ल्याइएका हुन्छन् । मार्क्सवादका अनुसार सामन्तवादी युगको समाप्तिपछि पुँजीवादी युगको आरम्भ हुन्छ । त्यसमा पहिलो सामन्ती र दोस्रो शोषित, पीडित र गरिब वर्ग हुन्छ ।[56] राज्यको सम्पूर्ण शक्ति सामन्त वर्गमा निहित हुन्छ । उसका विचार सधैँ सामन्ती विचार हुने गर्दछ । मार्क्सले समाजलाई शोषक र शोषित गरी दुई वर्गमा विभाज गरेका छन् । हेमराज निर्ममले समाजलाई छ भागमा विभाजन गरेका छन्– उच्च-निम्नवर्ग र निम्न-निम्नवग[57] निर्ममको यो विभाजन लामो भए पनि अध्ययन गर्न सजिलो देखिन्छ ।

नेपाली समाजको सामाजिक संरचना अनुसार आर्थिक दृष्टिले समाजका मान्छेलाई तीन वर्गमा बाँड्न सकिन्छ । यसभित्र उच्च, मध्यम र निम्न वर्ग पर्दछन् । घरजग्गा पेशा, रोजगारी, उद्योग, कलकारखाना आदि हुने व्यक्ति उच्च वर्ग अन्तर्गत पर्दछन् । घरबारी, व्यवसाय र जीविकोपार्जनका आधार भएका व्यक्तिहरू मध्यमवर्ग अन्तर्गत पर्दछन् । यसका अलावा न्यूनतम आधारभूत आवश्यकता गास, बास र कपासबाट बञ्चित भएका व्यक्तिहरू निम्न वर्ग अन्तर्गत पदर्छ ।

शैक्षिक दृष्टिका आधारमा समाजका व्यक्तिहरूलाई तीन भागमा बाँडेर हेर्न सकिन्छ । जस अन्तर्गत क) शिक्षित ख) अर्धशिक्षित र ग) अशिक्षित वर्ग पर्दछन् । शैक्षिक संस्थाहरूबाट औपचारिक रूपमा शिक्षा प्राप्त गर्ने वर्ग शिक्षित वर्ग अन्तर्गत पर्दछन् । साधारण लेखपढ मात्र गर्न जान्ने वर्ग अर्धशिक्षित र साधारण लेखपढ समेत गर्न नजान्ने वर्ग अशिक्षित वर्ग अन्तर्गत पर्दछन् ।

राजनैतिक दृष्टिका आधारमा समाजका व्यक्तिहरू दुई भागमा बाँड्न सकिन्छ । (क) सचेन व्यक्ति र ख) असचेत व्यक्ति । सचेत व्यक्ति भन्नाले समाज सुधारक, समाजसेवी, राजनैतिक कर्तव्य पूरा गर्ने व्यक्ति, राजनीतिमा भाग लिने व्यक्ति भन्ने बुझिन्छ भने असचेत व्यक्ति भन्नाले राजनीतिका क्षेत्रमा केही चासो नदेखाउने, राजनैतिक घटना एवम् समसामयिक घटनाका बारेमा टीका टिप्पणी गर्न नसक्ने व्यक्ति भन्ने बुझिन्छ ।

---

[56] हेमराज निर्मम, **हिन्दी उपन्यासमे मध्यम वर्ग** (नई दिल्ली : मिभू प्रकाशन, इ.सं.१९६८), पृ. ६९ ।

[57] कार्ल मार्क्स, फेडरिक एंगेल्स, **संकलित रचनाएँ**, (खण्ड १, भाग १) (बनारस : चौरवम्बा विद्यालय भवन, इ.सं.१९७०), पृ. १५५ ।

जातीय दृष्टिका आधारमा समाजका व्यक्तिहरूलाई मुख्य गरी चार भागमा बाँडेर हेर्न सकिन्छ । यी चारभाग अन्तर्गत ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र जात पर्दछन् । यसमध्ये ब्राह्मण जात बौद्धिक कार्यमा र अध्ययन-अध्यापन एवम् प्रशासनिक कार्यमा बढी संलग्न पाइन्छ । क्षेत्रीयहरू विशेष गरी सेनामा भर्ना हुने र अन्य पेशामा पनि संलग्न रहेको पाइन्छ । वैश्यहरू विशेषतः व्यापार, व्यवसाय, उद्योग र वैदेशिक रोजगारीको पेशामा सक्रिय रहेको पाइन्छ भने शुद्र अन्तर्गत पर्ने कामी, दमाई, सार्की, पोडे आदि जसलाई दलित भनिन्छ । यो जातीय विभाजन नेपाल राज्यमा प्राथमिककालदेखि चलिआएको यसैलाई आधार मानिएको हो । यसरी जातीय दृष्टिले विभिन्न वर्गका पात्रहरूको आख्यानात्मक कृतिभित्र प्रतिनिधित्व हुने गर्दछ ।

दृष्टिका आधारमा समाजका व्यक्तिलाई दुई भागमा बाँड्न सकिन्छ । त्यस्तै कृषक, व्यापारी, जागिरे आदि विभिन्न वर्गमा राखेर हर्न सकिन्छ ।

धर्मसंस्कृतिका आधारमा समाजका व्यक्तिहरूलाई विभिन्न भागमा बाँड्न सकिन्छ । यी मध्ये हिन्दू धर्म मान्ने व्यक्ति, बौद्ध धर्म मान्ने व्यक्ति, आदि पर्दछन् । हिन्दु धर्म मान्ने व्यक्तिहरू राम, सीता, शिव, गणेश, कृष्ण, लक्ष्मी, सरस्वती, विष्णु आदि देवीदेवताहरूको पूजा आरधना गर्ने, मन्दिरमा जाने आदि विविध कार्यहरू पर्दछन् । भगवान बुद्धलाई मान्ने बौद्धविहार, स्तुप जाने र बौद्धिक चालचलन, रीतिरिवाजका धार्मिक कार्य गर्दछन् । पैगम्बर मोहम्मदलाई मान्ने अल्लाहको प्रार्थना गर्ने, मस्जिद जाने, कुरान पढ्ने, नमाज पढ्ने आदिजस्ता धार्मिक कार्य गर्दछन् भने जेसस क्राइस्टलाई मान्ने चर्चमा प्रार्थना गर्ने, बाइबल पढ्ने जस्ता धार्मिक कार्यहरू इसाई धर्मावलम्बीहरूले गर्दछन् ।

समाजमा चलिआएका परम्परा, रीतिरिवाज, चाडपर्व , मेला आदिको संरक्षण गर्नु, हिन्दुसंस्कारको पालना गर्नुजस्ता कुराहरू संस्कृति अन्तर्गत पर्दछन् । समाजलाई हेर्ने आधारहरू मध्ये धर्मसंस्कृतिको आधार पनि मुख्य रूपमा रहेको पाइन्छ । यस अन्तर्गत विभिन्न जातजाति, भाषाभाषिका, विविध चाडपर्व, मेला, जात्रा,आदि परम्परागत मूल्य मान्यतालाई निरन्तरता दिइएका कुराहरू पर्दछन् जसले उनीहरूको अस्तित्वलाई बचाइराखेको हुन्छ ।

## ४.२.६ आसन्नताको आधार

आसन्ताको आधारमा उपन्यासका पात्रहरूलाई दुई वर्गमा विभाजन गर्नसकिन्छ (क) नेपथ्य पात्र र ख) मञ्चपात्र । उपन्यासमा परोक्ष (प्रत्यक्ष) रूपमा कार्य गर्ने पात्र नेपथ्यपात्र हुन्छ र यस्तो पात्रको परोक्ष वर्णन र उपस्थिति रहेको हुन्छ । प्रत्यक्ष रूपमा उपस्थित भएर कार्य गर्ने पात्रहरू मञ्च पात्र हुन् । मञ्चपात्रको भूमिका सक्रिय हुन्छ भने नेपथ्यपात्रको भूमिका निष्क्रिय र वर्णित हुन्छ ।[५८]

## ४.२.७ आबद्धताको आधार

आबद्धताको आधारमा उपन्यासका पात्रहरूलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ ( क) बद्धपात्र र मुक्त पात्र । उपन्यासको पर्याधारभित्र बाँधिएर सार्थक हुने र केन्द्रीय चरित्रका क्रियाकलापसँग सम्बद्ध रहेर उपन्यासको विकासलाई उत्तरोत्तर अघि बढाउँदै लान मद्दत गर्ने पात्र बद्धपात्र हो त्यसैले यस्ता पात्रलाई अलग्याउँदा उपन्यासको संरचना नै खजमजिन्छ । उपन्यासमा जसको कुनै त्यस्तो महत्वपूर्ण भूमिका हुँदैन त्यस्ता पात्र मुक्तपात्र हुन् । मुक्तपात्रलाई उपन्यासको संरचनाबाट झिकिदिँदा पनि संरचनामा कुनै धक्का पर्दैन । [५९]

उपर्युक्त सैद्धान्तिक आधारहरूलाई माध्यम बनाएर कुनै पनि आख्यानात्मक कृतिहरूमा प्रयुक्त पात्रहरूलाई वर्गीकरण गर्न सकिने देखिन्छ । प्रस्तुत शोधपत्रमा पात्र/चरित्र विश्लेषण गर्ने आधार पूर्वोक्ति आधारलाई अपनाइएको छ ।

## ४.३ निष्कर्ष

विश्वसाहित्यको इतिहासमा उपन्यासको आरम्भ जति पुरानो छ पात्र पनि त्यति नै पुरानो रहेको पाइन्छ । पात्रको अर्थ अन्तर्गत प्रवृत्ति, आचरण, गुण, स्वभाव र व्यवहार पर्दछन् । पात्रको बारेमा परिभाषा र विचार पनि फरक रहेको पाइन्छ । स्वदेशी तथा विदेशी विद्वान्हरूले आ-आफ्नै किसिमबाट परिभाषा दिएर पात्रको परिभाषाको क्षेत्रलाई व्यापक बनाएका छन् । तिनै विद्वान्हरूको विचारबाट उपन्यासमा पात्रलाई महत्वपूर्ण तत्वको रूपमा लिन सकिन्छ । पात्रकै माध्यमबाट मानव समाजको रीतिरिवाज धर्म, संस्कृति, शैक्षिक, सामाजिक सबै पक्षको अध्ययन गर्न सकिन्छ ।

उपन्यासमा प्रयोग हुने पात्रहरूको बानी व्यवहार ढङ्ग ढाँचा कस्तो हुनुपर्छ भनी उपन्यासमा प्रयोग हुने पात्रहरूको भेदको बारेमा पनि उल्लेख गरिएको छ ।

---

[५८] ऐजन ।

[५९] ऐजन ।

पात्र वा चरित्रको विश्लेषण कार्य, स्वभाव, प्रवृत्ति, जीवनचेतना, लिङ्ग, आसन्नता र आवद्धताको आधारमा गरिएको पाइन्छ । यिनै विश्लेषणका आधारबाट नै उपन्यासका चरित्रहरूको विविध रूपले वर्णन र विश्लेषण गर्न सहयोग पुग्छ । पात्रले धारण गरेको चरित्रलाई असल, खराब, प्रमुख, सहायक, गौण, पुरुष, स्त्री, सचेत, असचेत, निम्न, मध्यम, उच्च, गतिशील, गतिहीन, मञ्चीय, नेपथीय, बद्ध, मुक्त आदि गरी वर्गीकरण र विश्लेषण गरिएको पाइन्छ । यिनै आधारबाट चरित्रलाई सबल र दुर्वल भनी छुट्याउन सकिन्छ ।

पात्रका चारित्रिक विशेषताका आधारमा सामाजिक संरचनाको वर्णन गर्न सकिन्छ । उपन्यासमा समयसापेक्ष पात्रको छनोट हुनुपर्छ । पात्रहरूको विशेषताको बारेमा वर्णना गर्न विभिन्न विधिको प्रयोग गर्न सकिन्छ । यी विधिहरूमा प्रत्यक्ष्य चरित्र चित्रण, नाटकीय चरित्रचित्रण र संवादात्मक चरित्रचित्रण विधि पर्दछन् । यसरी पात्र विश्लेषणका लागि यिनै विधिलाई सिद्धान्तको रूपमा प्रयोग गरिएको पाइन्छ ।

यसरी हेर्दा पात्रलाई उपन्यासको एक महत्त्वपूर्ण तत्त्वका रूपमा स्वीकार्नु पर्ने हुन्छ । कथानकलाई अघि बढाउन, घटना घटाउन, कथाहरूलाई फल प्राप्तिमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्ने तत्त्व पात्र नै हो । त्यसले पात्र विना औपन्यासिक संरचनाको कल्पना पनि गर्न नसकिने देखिन्छ ।

## परिच्छेद : पाँच

# 'ब्रह्मपुत्रको छेउछाउ' उपन्यासको पात्रविधान

### ५.१ विषय प्रवेश

**ब्रह्मपुत्रको छेउछाउ** (वि.सं. २०४३) उपन्यासकार लीलबहादुर क्षेत्रीको उपन्यास यात्राको तेस्रो कृति हो । लीलबहादुर क्षेत्रीको **बसाइँ** (२०१४) उपन्यास पहिलो कृति हो र यो उपन्यास अत्यन्त चर्चित उपन्यास भएकाले उनलाई नेपाली साहित्यजगत्मा सर्वाधिक रुपमा चिनाउने काम पनि यसै कृतिले गरेको छ । उनको दोस्रो र चर्चित उपन्यास **अतृप्त** ( २०२६) हो । त्यस्तै क्षेत्रीको तेस्रो र चर्चित हुन सफल भएको उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** (वि.सं. २०४३) हो । जसले **बसाइँ** को दोस्रो खण्डको भूमिका खेलेको छ । त्यसैले क्षेत्रीको यस उपन्यासमा प्रयुक्त पात्रहरूको अध्ययन तथा विश्लेषण गर्ने प्रयास प्रस्तुत शोधपत्रमा गरिएको छ । लीलबहादुर क्षेत्रीको उपन्यासकारिताका साथै क्षेत्रीकै **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा प्रयुक्त पात्रहरूकै चरित्रचित्रण अथवा पात्रविधान प्रक्रियाको अध्ययन विश्लेषण गर्नु नै प्रस्तुत शोधपत्रकिो सीमा भएकाले यहाँ **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासका सम्पूर्ण पात्रहरूलाई उपर्युक्त शोध परिचयको उपशीर्षक १.१ अन्तर्गत चर्चा गरिएका सैद्धान्तिक आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

नेपालको पूर्वी पहाडी क्षेत्रलाई औपन्यासिक पृष्ठभूमिका रूपमा लिएर लेखिएको क्षेत्रीको यस उपन्यासमा गरिब प्रबासी नेपाली तथा सामन्ती वर्गका पात्रहरूलाई मुख्य रूपमा लिइएको देखिन्छ । गुमाने, जुरेली, मानवीर, विष्णुबाबु र डम्बरसिंह गुरूङ जस्ता गाउँले गरिब प्रवासी नेपालीहरू कृषक वर्गका अनि डायरीवाला महाजनाहरू, हरेन, कान्छा महाजन, श्रीमती काकनी जस्ता सामन्ती वर्गका र अरू सानाठूला गरी प्रायः ५० जना पात्रहरू उपन्यासको कथानकभित्र व्यवस्थित रहेका छन् ।

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा कथावस्तु भन्दा चरित्र/पात्र चित्रण यथार्थ र सबल छ । यस उपन्यासमा हरेक घटना कुनै न कुनै पात्रको सेरोफेरोमा घुमेका छन् । यस उपन्यासका गौण चरित्रका पनि छुट्टै घटना छन् । यस उपन्यासको चरित्र चित्रण सम्बन्धित यहाँ प्रमुख, सहायक र गौण पात्रको चित्रण गर्नु उपयुक्त हुन्छ ।

## ५.१.१ ब्रह्मपुत्रको छेउछाउ उपन्यासको प्रमुख पात्रहरू

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यास मूलतः गुमाने र मालतीको दुःखान्त जीवन कथामा आधारित उपन्यास हो । यस उपन्यासमा गुमाने र मालतीको जीवनचरित्रकै बनोटबाट उपन्यासको महल सिर्जना भएको छ । यस उपन्यासको सम्पूर्ण घटना एउटै चरित्र वरिपरि सीमित नरही प्रत्येक नयाँ घटनामा नयाँ पात्रको उपस्थिति रहेको देखिन्छ । यस उपन्यासका गुमाने र मालती प्रमुख पात्र हुन् । यहाँ प्रथमतः यिनै दुई पात्रको क्रमशः चित्रण गर्नु उपयुक्त हुन्छ ।

## क. गुमानसिंह

भारतीय सैनिकमा काम गरेको वीर नेपालीको छोरो अनि मानवीर र जुरलीको एकमात्र छोरो भनेर चिरपरिचित गुमाने लिङ्गका आधारमा उपन्यासको प्रमुख पुरुष पात्र हो । प्रायः हिन्दू नेपाली समाजमा सन्तानको नामकरण गर्दा यदि छोरो हो भने बीचको नाममा बहादुर, प्रसाद, मान, सिंह भक्त वीर, नाथ, कुमार आदि र छोरी हो भने कुमारी, माया, देवी लक्ष्मी आदि नाम जोडिने भएकाले गुमानेमा पनि सिंह जोडिएकाले गुमानसिंह रहेको देखिन्छ । गुमानसिंहको जीवनमा आएको सोच र परिवर्तन पश्चात् सिंह  जोडिएपछि त पुरुष भएको प्रमाणित हुन्छ । यो बालक नै हो मृतकको एक मात्र रगतको सम्बन्धी– उसको छोरो ।[६०] यस वाक्यमा प्रयुक्त उसको छोरो गुमानसिंहको निम्ति प्रयोग भएको हो । प्रस्तुत उसको छोरो पुलिङ्ग नामको लागि प्रयोग भएको हो । यसबाट पनि गुमानसिंह पुरुष पात्र हो भन्ने प्रमाणित हुन्छ ।

कृतिगत आधारमा उपन्यासको सुरुदेखि अन्त्यसम्म गुमाने नामको आवृत्ति सर्वाधिक रहेको पाइन्छ । उपन्यासको सम्पूर्ण घटनाहरू गुमानेकै सेरोफेरोमा घटेका देखिन्छन् । जुन नामको आवृत्ति यसको मुख्य कथानकमा वर्णित गरिएको र सुरुदेखि अन्त्यसम्म रहेको गुमाने नामको आवृत्ति अरू सबै पात्रभन्दा बढी (४७३ पटक) भएको पाइन्छ भने उपन्यासमा गुमानेको उपस्थिति र कार्यव्यापार पनि बढी तथा सक्रिय रहेको देखिन्छ । उसकै कार्य

---

[६०] लीलबहादुर क्षेत्री, **ब्रह्मपुत्रको छेउछाउ**, पूर्ववत्, पृ. ३ ।

शृङ्खलासँग अन्य कृतिगत पात्रहरूको कार्य पनि जोडिएको हुँदा यस उपन्यासमा गुमाने केन्द्रीय पात्रको रूपमा देखा परेका छ । उसकै चरित्रगत केन्द्रीयतामा उपन्यासको कथानक विकसित भएको हुनाले गुमाने कार्यको आधारमा प्रमुख पात्र हो ।

प्रवृत्तिका आधारमा गुमाने उपन्यासको अनुकूल पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै गुमाने एउटा गाउँले सोझो मानिसको रूपमा वर्णित छ भने भाव पनि त्यही किसिमको रहेको देखिन्छ । आफ्नो जन्मभूमि, प्रवास, राष्ट्र, राष्ट्रियता र जनताप्रति सचेत एवम् चिन्तित देखिएको छ । गुमानेले कुनै पनि नकारात्मक कार्य गरेको छैन र सोचेको पनि छैन । गुमानेको निम्ति उसको जीवन हारेको छैन। 'युद्धमा मैलै मर्नु पर्ने थियो तर शरीर यस्तो कुरूप पारेर पनि बाँचे ।'[61] भन्ने गुमानेले आफू पनि देशको राष्ट्रवादी एवम् इमान्दार समाजसेवी बन्नको लागि चुनावमा आफ्नो नाम दर्ता गराउँछ ।

आफूले दुःख पाएको कुराको स्मरण गर्दै प्रवासी नेपाली र आसामवासीहरूको सुखको निम्ति चुनावमा नाम दर्ता गराएर प्रचारप्रसारमा लाग्दा हरेनद्वारा नराम्ररी कुटिन्छ । "गुमानेको आँखा अगाडि चेहरामा कालो मोसो पोतेको दुई व्यक्तिको आकृति देख्छ र आफ्नो हातको लौरो सम्हाल्न नपाउँदै एक्कासी टाउकामा लाठी बज्रन्छ ।"[62] तापनि गुमानेले प्रतिक्रिया जनाउँदैन । यसबाट गुमानेमा सकारात्मक भाव रहेको कुरा स्पष्ट हुन्छ । यस्ता विविध अनुकूल एवम् सकारात्मक सोच र कार्यको कारणले यस्ता पात्रहरू प्रायः अनुकूल पात्रको श्रेणीमा पर्दछन् । गुमाने पनि सकारात्मक सोच भएको अनुकूल पात्र हो । यसकारण नायक पनि हो ।

स्वभावको आधारमा गुमाने गतिशील पात्र हो । पहाडी ग्रामीण परिवेशमा गरिब परिवारमा जन्मिएको, बाबुसँगै प्रवासिएको र काकतीबाबुको सहयोगमा म्याट्रिक र पछि बी. ए. पास गरी सैनिकमा जागिरेसमेत बनेको बुद्धिजीवी पात्र हो । गरिब गुमाने उपन्यासको पहिलो भागमा प्रथम दृश्यदेखि अन्तिमसम्म नै सोझो, इमान्दार, सरल तर परिस्थिति अनुसार आफूलाई परिवर्तन गर्दै लैजाने परिवर्तनकारी स्वभावको छ । गुमाने आद्यन्त परिवर्तित रूपमा देखिन्छ । सानो छँदा उसका बाबुआमा महाजनका घरमा गोठालो बस्छन् । गुमानेले नौ वर्षकै कलिलो उमेरमा आमाको मुखमा अग्निशिखा बालेको हुन्छ र बाह्र वर्षको

[61] ऐजन, पृ. १५० ।
[62] ऐजन, पृ. १५१ ।

उमेरमा बाबुको ।[६३] त्यसपछि गुमानेले काकतीबाबुको घरको काम गरी आफ्नो पढाइलाई निरन्तरता दिन्छ । म्याट्रिक परीक्षामा महखुटी हाइस्कुलबाट प्रथम दर्जामा उत्तीर्ण हुन्छ । बहिनी मालतीसँगको बसउठ र आफ्नो बाबुको गुमानेप्रतिको पुत्रवत् व्यवहारले हरेनको आँखाको कसिङ्गर भई उच्च शिक्षा हासिल गर्न सहरतिर लाग्छ । देवीदत्त खरेलको घरमा बसी स्कुल पढाउँदै आई.ए पढ्ने गर्छ । त्यसपछि स्कुल छोडी डायरी महाजनको जेठो छोरालाई डायरीमा सघाउँदै वि.ए. पढ्दै गर्दा डायरी महाजनकी लठेब्री छोरी मुनासँग बिहे गरिदिने कुराले भौँतारिँदै हिँडेको गुमाने लप्टन बन्न पुग्छ । पाकिस्तान र भारतबीचको युद्धमा घायल भई घर फर्कन्छ र समाजसेवामा लाग्दछ अनि चुनावमा उठी असफलता प्राप्त गर्दा पनि गाउँमै पुस्तकालय खोली समाजहितको बारेमा सधैँ अग्रसर देखिन्छ । यसप्रकार गुमानेमा देखिएका सोच, विचार र व्यवहारले ऊ **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको गतिशील पात्रको रूपमा पुष्टि हुन्छ ।

गरिबी र निर्धनताका कारण अनि समाजमा रहेका धनी तथा सामन्ती वर्गको छलकपट, अन्याय-अत्याचार र शोषणपीडन जस्ता कुरीतिमा परेर आफ्नो संम्पूर्ण संपत्ति गुमाएर **बसाइँ** हिँड्न वा विदेशिन बाध्य हुनु पहाडी गाउँले गरिब नेपालीहरूका साझा समस्या हुन् । आफ्नो कमजोर आर्थिक अवस्था, विपन्नता र सामन्ती सामाजिक व्यवस्था आदिले गर्दा गरिब गाउँले नेपालीहरूले गुमानेले भोगेका जस्ता समस्याहरू भोग्नु पर्ने हुन्छ । यसरी गुमाने वर्गीय चरित्रका रूपमा प्रस्तुत भएको छ ।

पूर्वी नेपालको पहाडी गाउँले गरिब गुमाने आर्थिक स्थिति अति कमजोर भएका कारण आमाबुबासँग आसाम पुग्न बाध्य हुन्छ । आसाममा पुगेर पनि आर्थिक विपन्नताले उपचारसम्म हुन नपाई गुमानेका बाबुआमाले यस धर्तीलाई सदाका लागि छोडेर जान्छन तापनि विभिन्न विघ्नबाधाहरूसँग जुध्दै आफ्नो अध्ययनलाई निरन्तरता दिँदै बी.ए. पास गर्छ र सैनिकमा भर्ती भई लप्टन पदसम्म पुग्दा उसको जीवनमा आर्थिक पक्ष सबल भएको देखिन्छ ।

शैक्षिक दृष्टिले गुमानेले सानै उमेरदेखि नै विद्या अध्ययन गरेको पाइन्छ । सानैदेखि काकतीबाबुको स्कुलमा पढेर महखुटी हाईस्कुलबाट म्याट्रिक प्रथम श्रेणीमा गरी सहरतिर लाग्छ । देवीदत्त खरेलको गाउँमा भएको स्कुलमा पढाउँदै आई.ए. पास गर्छ र फेरि डायरी

[६३] ऐजन, पृ. ३ ।

महाजनको पसलमा काम गरी बी.ए. पास गर्छ र सैनिकमा भर्ती भई लप्टनसम्म हुन पुग्छ । अनि दोस्रो विश्वयुद्धमा घायल भई घर फर्कन्छ । गाउँमा पुस्तकालय खोली गाउँलेलाई शिक्षाको ज्योति बालेर शिक्षित तुल्याउन अग्रसर देखिन्छ । यसरी गुमानेको कार्यकुशलता, पद र समाजसेवी भावनालाई हेर्दा गुमाने एक शिक्षित व्यक्ति हो ।

राजनैतिक दृष्टिले गुमाने सचेत पात्रको रूपमा चित्रित छ । महाजनको डायरीमा काम गर्दागर्दै सैनिकमा भर्ती हुन पुगेको गुमानेले लप्टनको पदसमेत सम्हालेर देशको रक्षक भई काम गरेको हुन्छ । दोस्रो महायुद्धमा घायल भई घर फर्कन्छ र समाजसेवामा तल्लीन रही चुनावमा समेत उमेदवारी पेश गर्दछ । सोझासाझा गाउँलेलाई खुट्टा तान्ने परम्पराले गर्दा शोषणवाला जालीफटाहाहरूले गुमानेलाई हराउन सफल हुन्छन् । "वास्तवमा ऊ सबैको केन्द्रबिन्दु बन्न पुगेको छ । सबै उसलाई अपनत्व देखाउने होडबाजीमा तँछाडमछाड गरिरहेछन् ।"[64] यस घटनाबाट विछुब्ध बन्न पुगेको गुमाने अन्त्यमा गाउँकै सेवा र हितका लाीग पुस्तकालय खोली समाजमा परिवर्तन ल्याउन चाहन्छ । यसकारण गुमाने राजनैतिक रूपले सचेत पात्रको रूपमा उपन्यासमा चित्रित भएको छ ।

पेशाका दृष्टिले गुमाने समाजसेवी पात्र हो । देवीदत्त खरेलको गाउँको स्कुलमा पढाउनु, सैनिकमा लप्टन हुनु, समाजसेवाकै लागि चुनावमा उमेदवारी पेश गर्नु र गाउँमै पुस्तकालय खोल्नु जस्ता घटनाले गुमाने सच्चा देशभक्त, इमान्दार र समाजसेवीको रूपमा यस उपन्यासमा चित्रित भएको छ ।

धार्मिक दृष्टिले गुमानेलाई नेपाली समाजको क्षेत्री जातको भनी सिंह नामले र नेपाली ग्रामीण परिवेश, नाम पेशा आदिको कारणले हिन्दू धर्मावलम्बी नै हो भन्ने बुझिन्छ । उपन्यासकारले प्रत्यक्ष रूपमा उल्लेख नगरे पनि नेपालको तेह्रथुमबाट **बसाइँ** सरेको कारणले हिन्दू धर्मावलम्बी हुनु जरुरी हुन्छ ।

यसरी गुमानेले आफ्नो आर्थिक कमजोरी, विपन्नता, शोषण तथा अन्याय, अत्याचार आदिका कारण विदेशिन पुगेका नेपालीहरूको यथार्थ जीवनको प्रतिनिधित्व गरेको छ । समाजका महाजनहरू र हरेन जस्ता सामन्ती शोषक वर्गहरूद्वारा शोषित, पीडित भएर लाखौं लाखको संख्यामा विदेशिन पुगेका नेपालीहरूको प्रतिनिधित्व गुमानेबाट भएको छ । विभिन्न आर्थिक सामाजिक एवम् सामन्ती व्यवस्थाका कारण जन्मथलो नै परित्याग गरेर

[64] ऐजन, पृ. ११८ ।

अज्ञात स्थानको लागि प्रस्थान गर्नुपर्ने गुमानेको बाध्यता उसको आर्थिक विपन्नताले सिर्जेको अप्रिय परिणति व्यक्तिगत किसिमको नभएर सामूहिक या साझा परिणति हो । त्यसैले जीवनचेतानाको आधारमा गुमाने वर्गगत चरित्र हो ।

गुमानेले उपन्यासको पहिलो भागको प्रथम दृश्यमा उपस्थिति जनाएर आमा र बाबुको तीन वर्षको अन्तरालमा भएको मृत्युलाई चुपचाप रहँदै दागवत्ती दिएको छ । महाजन अनि काकतीबाबुको श्रीमतीको हेपाहा प्रवृत्तिलाई आत्मसाथ गर्दै आफ्नो पढाइलाई निरन्तरता दिएको छ । मालतीको घरमा बसेर मालतीसँग पढेका कारण दुवैबीचको प्रेमकथा मालतीको दाजु हरेनले थाहा पाइ मार्ने धम्की दिँदा भागेर शिक्षक बन्नु, महाजनको जेठो छोरालाई डायरीमा सघाउनु, लप्टन हुनु, युद्धमा घायल भई फर्कनु, चुनावमा हार्नु, गाउँमा पुस्तकालय खोल्नु, शिक्षाको प्रचारप्रसार गर्नु आदि उपन्यासको मुख्यमुख्य क्रियाकलापहरू र गुमानेद्वारा गरिएका वार्तालापहरू दृश्यात्मक रूपमा रहेकाले गुमाने आसन्नताका आधारमा मञ्चीय पात्र हो ।

आबद्धताको आधारमा गुमाने बद्ध पात्र हो । उपन्यासको केन्द्रीय चरित्र नै गुमाने भएकाले उसको बद्धताको पुष्टि हुन्छ । केन्द्रीय पात्र भएकोले उसको कथानक एवम् घटनामा उपन्यासका सहायक एवम् गौण पात्रको कथानक जोडिन आउने भएकाले ऊ बिनाको उपन्यास र कथावस्तुको विकास सम्भव देखिँदैन । उसको अनुपस्थितिले उपन्यासको कथानक संरचना भाताभुङ्ग हुने भएकाले आवद्धताका आधारमा गुमाने कथानकको बद्ध पात्र हो ।

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको नायक गुमाने धनी तथा सामन्ती वर्गको छलकपट, अन्याय, अत्याचार र शोषणमा परी विदेशिएको विषयवस्तुलाई आधार बनाएको सामाजिक यथार्थवादी उपन्यासको प्रमुख पात्र हो । गुमानेको माध्यमबाट उपन्यासकारले धनी र सामन्ती वर्गका मानिसले गरिब र निर्धन मानिसहरूलाई गाउँबाट उठीबास गरी उनीहरूको सम्पत्तिमा मोजमस्ती गर्ने शोषक-पीडकहरूको अवस्था, विकृति र नकारात्मक पक्षको उजागर गरेका छन् । **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासले नेपालको पारिवारिक तथा सामाजिक अनि राजनैतिक यथार्थहरूको शोषण, दमन, चाकरी र विकृतिहरू प्रस्तुत गरेको छ तर गुमानेले भोगेका समस्याहरू गरिब र निमुखा गाउँलेहरूमाथि भएका शोषण र दमनका घटनाहरू आजैका जस्ता ताजा लाग्छन् ।

सामाजिक कथानक भएको उपन्यास **ब्रह्मपुत्रको छेउछाउ**को प्रमुख पात्र गुमाने उक्त उपन्यासको बाइस परिच्छेद मध्ये १९ वटा (१, ३, ५, ६, ७, ९, १०, ११, १२, १३,१४, १५, १६, १७, १८, १९, २०, २१, २२) परिच्छेदमा मुख्य उपस्थिति रहेको राष्ट्र, राष्ट्रियता, जनताप्रति सचेत र सकारात्मक रहँदा रहँदै पनि आफूले चाहेर पनि केही गर्न सक्दैन । यद्यपि आफ्ना असल सोच, विचारका कारणले आफूलाई अनुकूल पात्रको रूपमा उभ्याउन सफल भएको छ । सामान्य आम नागरिक देखि लिएर राजनैतिक विचार र समाजसेवाप्रति आस्था राख्ने गतिशील पात्रको श्रेणीमा आफूलाई स्थापित गरेको छ । गुमानेले भोगेको समस्या नै गरिब नेपालीहरूले भोगेको समस्या भएकाले गुमाने वर्गगत चरित्र हो। उपन्यासको प्रमुख पात्र नायक भएको हुनाले मञ्चीय बद्ध पात्रको रूपमा उपस्थित हुनु स्वभाविक नै हो । २२ वटा परिच्छेद मध्ये १९ वटा परिच्छेदमा आफ्नो उपस्थितिलाई अनिवार्य बनाएको गुमाने उपन्यासको घटनाक्रमलाई नै आफू केन्द्रीत गर्न सफल भएको छ। उसैको वरिपरि उपन्यासको कथानक घुम्ने भएकाले ऊ बिनाको उपन्यास नै पूर्ण नहुने भएकाले गुमाने बद्ध पात्रको रूपमा उपस्थित भएको छ । यसर्थ गुमानेको उपस्थिति र चरित्र **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पात्रविधान अनुरूप सवल र सार्थक रहेको छ ।

### ख. मालती

लिङ्गका आधारमा मालती स्त्री पात्र हो । मालती शब्द स्वयम् स्त्रीलिङ्गी शब्द भएकाले मालती स्त्री पात्र हो भन्ने कुरा सिद्ध हुन्छ । काकतीबाबु र श्रीमती काकतीकी छोरी र हरेनकी बहिनी मलती हो । "काकतीबाबूकी सानी भर्खर छ वर्ष लागेकी छोरी मालतीलाई पनि उनले गुमानेहरूकै श्रेणीमा भर्ना गरिदिएका छन् ।"[65] यस उदाहरणमा काकतीकी आफ्नी छोरी मालती भन्ने पदावलीले मालतीलाई काकतीबाबूकी छोरीको रूपमा प्रस्तुत गरको छ । यी सबै तथ्यका आधारमा मालती स्त्री पात्र हो ।

कार्यका आधारमा मालती उपन्यासकी प्रमुख स्त्री पात्र हो । उपन्यासमा प्रमुख पात्र नामको आवृत्तिगत गणना गर्दा उनका पात्र नामको आवृत्ति गुमानेको भन्दा कम र अन्य स्त्री पात्रको भन्दा बढी (२२४पटक) भएको पाइन्छ । औपन्यासिक कार्य व्यापारका क्रममा पाँचौं खण्डमै उल्लेख रहेकी र पाँचौं खण्डदेखि एक्काइसौं खण्डसम्म मालतीले प्रत्यक्ष रूपमा रहेर कार्य गरेको देखिन्छ । मालती छ वर्षको हुँदादेखि नै आफ्नै बाबूको स्कुलमा गुमानेसँगै

[65] ऐजन, पृ. २९ ।

पढ्छे । गुमानेलाई पढाइमा मद्दत गर्छे र आत्मिक प्रेम पनि गर्छे । दाजु हरेन र आमाले म्याट्रिक पास गर्ने बित्तिकै बिहे गरिदिने जोडमा पनि बाबुको सहायताले मामाघरमा बसेर पढ्छे । बी.ए.पास गरी घर फर्की गुमानेको प्रतिक्षारत रहन्छे तर गुमाने नफर्केपछि डाक्टरसँग बिहे त गर्छे ; सुखी भने रहन्न । गुमाने फर्केपछि दुबैको भेट हुन्छ । गुमानेले चुनावमा उमेदवारी पेश गरेपछि प्रचारप्रसार गर्दै गुमानेलाई सहयोग गर्छे ।[66] जुन सहयोग सहन नसकी दाजु हरेनले गुमानेलाई मरणासन्न हुने गरी पिट्छ । यस्तो घटनाबाट असह्य भएकी मालती वैवाहिक जीवनबाट पनि सन्तुष्ट हुन नसकेको कारणले गर्दा त्यही ब्रह्मपुत्र नदीमा हेलिई आत्महत्या गर्न पुग्छे । यसरी स्त्री पात्रले गरेका कार्यका आधारमा मालतीका कार्य सबैभन्दा बढी र महत्वपूर्ण भएकाले मालती **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासकी प्रमुख स्त्रीपात्र हो । यिनै-यिनै घटनाहरूका शृङ्खलाबाट यस उपन्यासको कथानक गतिशील बनेको हुनाले पनि मालती प्रमुख स्त्री पात्र हो । यसप्रकार प्रस्तुत उपन्यासको कथानक निर्माणमा र कथानकलाई गतिशील तुल्याउन मालतीको कार्यहरूको महत्वपूर्ण भूमिका हुनाले मालती यस उपन्यासको प्रमुख स्त्री पात्र हो ।

प्रवृत्तिका आधारमा मालती यस उपन्यासको अनुकूल पात्र हो । टुहुरो, अनाथ, असहायलाई प्रेमको सौरभमय उज्यालो दिएर पढाइमा, प्रेरणा र सहयोग दिएर आफ्नो प्रेमलाई दाम्पत्य जीवनमा बाँधिएर साकार रूप दिन नसकेपनि जीवनभरि गुमानेको शुभेच्छुक सहयोगी प्रेमी बनेर अत्यन्त सहयोगी भूमिका निर्बाह गरेकी हुनाले मालती यस उपन्यासकी सकारात्मक भूमिका निर्वाह गर्ने पात्र हो । यसरी नायकको सहयोगी बनेर अत्यन्त अनुकूल भूमिका निर्वाह गरेकी हुनाले मालती यस उपन्यासको नायिका हो ।

स्वभावका आधारमा मालती गतिशील पात्र हो । उपन्यासको पाँचौं भागदेखि गुमानेसँग हुन्छे र गुमानेसँग आत्मिय प्रेम गर्छे आफ्नो आत्मिक प्रेमलाई पाउने आशाले म्याट्रिक पास गरेपछि आमा र दाजुको बिहे गरिदिने जिद्दीलाई तोड्दै बाबुको सहयोगमा मामाघर बसेर पढ्छे र गुमानेको प्रतीक्षा गरिरहन्छे । डाक्टर बिहेको लागि आउँदा एकवर्ष पर्खनुहोस् भन्ने सल्लाह दिन्छे । 'देवताबाबु विवाह आखिर हृदयको वस्तु हो । कसैलाई जीवनसाथी पार्नु त्यो मनले रोजेको व्यक्ति हुनुपर्छ । मेरो हृदयको कुरा अरूले नबुझे पनि तपाईं त बुझ्नु हुन्छ । तपाईंले आज्ञा दिनुहुन्छ भने म बिहे गरौंला, तर मलाई खुसी देख्न

[66] ऐजन, पृ. १४८ ।

पाउनुहन्न । त्यसैले मेरो बिन्ती छ, अब एक वर्ष पर्खनुहोस् ।[67] बी.ए. पास पछि पनि गुमानेको खबर नपाउँदा डाक्टरसँग बिहे गर्न बाध्य हुन्छे । गुमाने फर्केपछि चुनावको प्रचारप्रसारमा व्यस्त भएकी मालती दाजुको घृणित व्यवहार र वैवाहिक जीवनबाट सन्तुष्टि प्राप्त गर्न नसकेका कारण बाह्मपुत्रमै हेलिन पुग्छे । यसरी उपन्यासमा मालतीका चारित्रिक रूपछविमा आएको परिवर्तनले गतिशील पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ ।

गुमानसिंह कार्कीको गरिबीका कारण विवाह हुन नसकेर रहेकी मालतीले वर्गीय चरित्रको प्रतिनिधित्व गरेकी छ । पहिले गुमानेसँगको प्रेमको सौरभमय उज्यालोमा रमाएकी मालती नचाहँदा नचाहँदै पनि डाक्डरसँग बिहे हुनु परम्परागत रूढीवादी समाजको संस्कार हुनाले समाजका पीडित महिलाको प्रतिनिधित्व गरेकी छ । आफू सम्पन्न र शिक्षित परिवारमा जन्मिएर पनि इच्छाइएको व्यक्तिलाई जीवन साथी बनाउन नसक्नु, परिवारले चाहेको व्यक्तिसँग बिहे गर्नु र समाजको इज्जत छोपिदिनु पर्ने अवस्था आजको दिनमा पनि वर्गीय चरित्र भएकै कारण मालती बह्मपुत्रको छेउछाउ उपन्यासमा वर्गगत पात्रको रूपमा चयन भएको पुष्टि हुन्छ ।

आर्थिक दृष्टिले मालती शिक्षकको छोरी अनि जमिनदारको छोरी भएकाले उसका जीवनमा आर्थिक पक्ष सबल देखिन्छ । शिक्षक भएका बाबुको स्कुलमा पढ्नु अनि उच्च शिक्षाका लागि मामाघर बसेर पढ्नुले पनि आर्थिक पक्षसँग जोडेर हेर्नु उनको आर्थिक सम्पन्नताका आधार हुन् ।

शैक्षिक दृष्टिले मालतीले बी.ए.सम्म औपचारिक शिक्षा ग्रहण गरेको कुरा देखाइएको छ । प्रारम्भिक शिक्षा बाबुको स्कुलमा ग्रहण गरेता पनि महखुटी हाइस्कुलबाट म्याट्रिक पास गर्छे र उच्चशिक्षाको लागि आफ्नै मामाघरमा बसेर पढ्छे । बी.ए.पास गरेपछि मात्र आफ्नो घर फर्कन्छे । यसरी मालती एक शिक्षित नारीवर्गको प्रतिनिधित्व गर्ने प्रमुख नारी पात्र हो ।

राजनैतिक दृष्टिले मालती सचेत पात्रको रूपमा चित्रित छ । गुमानेसँग म्याट्रिक पास गरेकी मालती बिहे गर्न नमानी मामाघरमा बसेर बी.ए.सम्म पढेर घर फर्कन्छे र डाक्टरसँग बिहे गर्छे अनि गुमानेलाई चुनावको प्रचारप्रसारमा सघाउँछे । यता घरमा गुमानेको पक्ष लिएको कुरालाई लिएर आफ्नी बहिनीसित हरेनको निकै झर्काझर्की पर्छ । ऊ मालतीलाई छिट्टै गौहाटी फर्कने निर्देशनसम्म दिन्छ । यसको प्रतिक्रियास्वरूप मालती झन्

[67] ऐजन, पृ. १०७ ।

खुला रूपमा गुमानेको प्रचारकार्य आरम्भ गर्छे ।[६८] यस घटनाले मालती राजनैतिक रूपले सचेत पात्रको रूपमा उपन्यासमा चित्रित भएकी छे ।

पेशाका दृष्टिले मालती गृहणीको रूपमा रहेकी देखिन्छे । बालिका, किशोरी, युवती, प्रेमी अनि गृहिणी बनेकी मालती पढेर पनि गृहिणीको बिडो थामेर बस्नु पर्ने पीडित नारी वर्गको प्रतिनिधित्व गरेकी छे ।

धार्मिक दृष्टिले मालती आसामेली समाजको मालती नामले चिनिएकी र नेपाली र आसामेली ग्रामीण परिवेश, नाम, पेशा आदिको कारणले धार्मिक दृष्टिले हिन्दुधर्माबलम्बी नै हो भन्ने बुझिन्छ । लेखकले प्रत्यक्ष रूपमा उल्लेख नगरे पनि उनका बाबु तीर्थ गर्न हिँडेका कारण मालती पनि  हिन्दुधर्मावलम्बी हुन् भन्ने पुष्टि हुन्छ ।

यसरी पढेलेखेकी शिक्षित नारी भएर पनि आफ्ना चाहनालाई दबाएर राख्नुपर्ने, भित्रभित्रै पिल्सिएर बाँच्नु पर्ने, जीवनबाट सफलता प्राप्त गर्न नसकी आत्महत्या भन्दा अर्को कुनै उपाय नभएको ठान्ने मालतीका समस्याहरू गाउँघरका गरिब, अशिक्षित, शिक्षित र ग्रामीण युवतीहरूले भोग्नु पर्ने साझा समस्या हुन् । त्यसैले जीवनचेतनाको आधारमा मालती वर्गीय पात्र हो ।

आसन्नताको आधारमा मालती मञ्चीय पात्र हो । छ वर्षदेखि गुमानेसँग बस्दै र पढ्दै आएकी मालती गुमानेसँग म्याट्रिक पास गर्छे र गुमानेसँगै आत्मिक प्रेम गरी जीवनलाई सुखी राख्न वैवाहिक जीवनमा बाँधिन चाहन्छे । 'गौहाटीबाट गुमानेले लेखेको पत्रहरू बेलाबेलामा फेला पार्छे मालती ।'[६९] त्यसैले गुमानेसँगको बार्तालाममा गुमाने ठूलो व्यक्ति भएपछि दुबैको बिहे भई सुखी र खुसी जीवन व्यतित गर्ने आशामा रहँदा-रहँदै पनि गुमानेसँग बिहे हुन नसक्दा अनि दाजु हरेनको व्यवहारबाट आक्रान्त भएकी मालती जिउनुको वास्तविक अर्थ नदेखी आत्महत्या गर्न पुगेकी आदि जस्ता मालतीद्वारा सम्पादित कार्यहरू प्रत्यक्ष वा दृश्यात्मक रूपमा आएका छन् । त्यसैले मालती मञ्चीय पात्र हो ।

आबद्धताको आधारमा मालती बद्ध पात्र हो । उपन्यासमा मालतीले धेरै पात्रहरूसँग संबन्धित रहेर कार्य गरेकी छे । पूरै उपन्यास मालतीकै सेरोफेरोमा धक्का पर्दछ । उपन्यासका अन्य पात्रहरूसँग सम्बद्ध भएकीले र कथावस्तुको विस्तारका साथै औपन्यासिक

---

६८ ऐजन, पृ. १४८ ।

६९ P/hg, पृ. १०३ ।

उद्देश्यलाई प्रष्ट पार्न मालतीको महत्वपूर्ण भूमिका रहेकाले मालती **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको बद्ध पात्र हो ।

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको नायिका मालती सामाजिक यथार्थवादी उपन्यासको प्रमुख नारी पात्र हो । परम्परागत रूढीवादी समाजमा रहेर, पीडित बनी जीवन व्यतित गर्नु पर्ने बाध्यता आम नेपाली, आसामेली नारीहरूको स्थिति, शोषण, दमनको घटनाहरू आजैका जस्ता ताजै लाग्छन् ।

सामाजिक यथार्थवादी उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** को प्रमुख नारी पात्र मालती उक्त उपन्यासको २२ वटा परिच्छेदमध्ये ११ वटा परिच्छेदमा (५, ७, १०, ११, १४, १५, १६, १९, २०, २१, २२)मुख्य उपस्थिति रहेकी नायिकाको रूपमा देखाइएको छ । नामैले पनि स्त्री पात्र जनाउने मालती सचेत र सकारात्मक रहँदा-रहँदै पनि आफूले चाहेर केही गर्न सक्दिन । यद्यपि आफ्ना असल सोच, विचारका कारणले आफूलाई अनुकूले पात्रको रूपमा उभ्याउन सफल भएकी छे । सामान्य आम नेपाली र आसामेली महिलाको प्रतिनिधित्व गर्ने गतिशील पात्रको श्रेणीमा आफूलाई स्थापित गरेकी छे । किसानकै छोरी भए पनि सम्पन्न वर्गको रूपमा देखिएकी छे । उपन्यासको प्रमुख नायिका भएको हुनाले मञ्चीय पात्रको रूपमा उपस्थित भएको देखिन्छे । २२ वटा मध्ये ११ वटा परिच्छेदमा आफ्नो उपस्थितिलाई अनिवार्य बनाएकी मालती उपन्यासको घटनाक्रमलाई नै आफू केन्द्रित गर्न सफल भएकी देखिन्छे । उसैको वरिपरि उपन्यासको कथानक घुम्ने भएकाले ऊ बिनाको उपन्यास अपूर्ण हुने भएकाले मालती बद्ध पात्रको रूपमा उपस्थित भएकी छे । यसर्थ मालतीको उपस्थिति र चरित्र '**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पात्र विधान अनुरूप सवल र सार्थक रहेको छ ।

## ५.१.२ ब्रह्मपुत्रको छेउछाउ उपन्यासको सहायक पात्रहरु

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा सहायक कार्यको भूमिका निर्वाह गर्ने पात्रहरुको उपस्थिति रहेको छ । उपन्यासले मूलतः सामाजिक विषयवस्तु समेटेको हुनाले पात्रहरु हाम्रै समाज र परिवेशका यथार्थताको बिम्बका रूपमा प्रस्तुत भएका छन् । काकतीबाबू, हरेन, केशरबहादुर र शिक्षक समूहका पात्रहरु सहायक पात्र अर्न्तगत पर्दछन् ।

### ग. केशव काकती

लिङ्गको आधारमा केशव काकती पुरुष पात्र हो । सामान्यतया नेपाली र आसामेली हिन्दू समाजमा नामकरणको संस्कार छोरा हो भने नाममा मान कुमार, प्रकाश आदि र छोरी

हो भने, कुमारी, सीता, गीता, मालती, राधा आदि राखिएको पाइन्छ । केशव काकती नाम पुरुष भएको पुष्टि हुन्छ । अर्कोतर्फ केशव काकती पुरुष पात्र भएको बयरआँटीका केशव काकती आसामे भए पनि त्यस भेकका धनी-गरिब, गोठालाखेताला सबै नेपालीले उनलाई चिन्दछन् र सबैको माझ उनी काकतीबाबू भनेर परिचित छन् ।"[70] पुष्टि केशव काकतीलाई यो वाक्यमा प्रयोग भएका पुलिङ्ग नामको र सर्वनामको क्रियापदले गर्दछ ।

कार्यका आधारमा केशव काकती **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको सहायक पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै काकतीबाबू नामको उच्चारण रहेको पाइन्छ । उपन्यासको सम्पूर्ण घटनाहरू काकतीबाबूका सेरोफेरोमा घटेका पाइन्छन् जुन यस उपन्यासको मुख्य कथानकमा वर्णित रहेको छ र सुरुदेखि अन्त्यसम्ममा रहेका काकतीबाबू नामको उच्चारण (१३४ पटक) भएको छ । यसका अतिरिक्त औपन्यासिक कार्यव्यापारका क्रममा पहिलो खण्डमै उल्लेख रहेका र पाँचौं खण्डदेखि बाइसौं खण्डसम्म प्रत्यक्ष रूपमा रहेर कार्य गरेका देखिन्छन् । त्यसैले काकतीबाबू कार्यका आधारमा सहायक पात्र हुन् ।

प्रवृत्तिका आधारमा काकतीबाबु उपन्यासको अनुकूल पात्र हो । उपन्यासको सुरुदेखि अन्त्यसम्म नै काकतीबाबू नामले चिरपरिचित केशव काकती देश स्वाधीन हुनुभन्दा अघि स्वाधीनता सङ्ग्रामका एक सेनानी थिए । आसामबाट पराधिनताको विरुद्ध क्रान्ति गर्नेहरूमध्ये उनी पनि गनिएका कर्मी थिए । यस आन्दोलनमा उनी पनि दुईचोटी थुना पनि परे ।[71] यसबाट उनी अनुकूल पात्र हुन् भन्ने कुराको पुष्टि हुन्छ ।

शिक्षक जस्तो बुद्धिजीवी वर्गमा रहेर काम गरेता पनि आफ्नी छोरी मालतीको बिहे गरिब गुमानेसँग गराउन नसक्नु, आफ्नी धर्मपत्नी र छोराको कुरामा हार्नुजस्ता चारित्रिक कमजोरी बाहेक अन्य कुनै त्यस्ता नकारात्म किसिमका कार्य काकतीबाबूले गरेका छैनन् । काकतीबाबूका निम्ति गरिब नेपालीलाई माया गर्नु, आसामबाट पराधीनताको विरुद्ध क्रान्ति गर्नु, उनका सहकर्मी सबै राजनैतिक दलबाट आउँदो चुनावमा मन्त्री हुने सपना देख्नु । गान्धीजीका साँचो अनुयायी भई दलित–पीडितहरूका लागि गाउँमा एउटा प्राथमिक स्कुल खोल्नु छोरीको मर्म बुझेर काम गर्नु, आफ्नो संपत्ति पुस्तकालयमा खर्च गर्नु, तीर्थ गर्नु आदि जस्ता सकारात्मक भाव भएका शब्दहरूको प्रयोग पनि भएको पाइएकोले काकतीबाबू उपन्यासको अनुकूल पात्र हो भन्ने कुरा स्पष्ट हुन्छ ।

[70] ऐजन, पृ. २८ ।

[71] ऐजन, पृ. ८ ।

काकतीबाबू उपन्यासको गतिशील चरित्र भएको पात्र हो । बयरआँटीका काकती आसामे हुन् तापनि आदिदेखि अनादिसम्म नेपाली, दुःखी गरिबको भलो चिताउने देवतासरह देखिन्छन् । मालती छोटो उत्तर दिन्छे, ठीकै छ देवता ! मलाई के भएको छ र ! तपाईंहरूको सल्लाहअनुरूपै म सबै कुरा गर्दैछु । मेरो चिन्ता नलिनुहोस् । मलाई केही भएको छैन ।[72] यस भनाइबाट देवताजस्ता काकती आफ्नो देशलाई स्वाधीन बनाउन स्वाधीनता सङ्ग्रामका सेनाती पनि बन्न पुगे । आसामबाट पराधीनताको विरूद्ध क्रान्ति गर्दा दुईचोटी थानामा पनि पर्छन् । दलित-पीडितका लागि गाउँमा एउटा प्राथमिक स्कुल खोलेका छन् । गुमानेलाई महाजनको घरमा गोठालो नबनाई आफ्नै घरमा लगी स्कुल पठाउँछन् । गुमाने र मालतीको प्रेमकथा बुझेर मालतीलाई पढ्न पठाउँछन् र गुमानेलाई पनि । गुमानेलाई चुनावमा उठाउन मद्दत गर्छन् अनि जीवनको अन्तिम घडीमा आफ्ना श्रीमती, छोरा, छोरी कोही नभएपछि सबै सम्पत्ति गुमानेलाई सुम्पन्छन् । गुमानेले काकतीको सम्पत्ति लिन नमानेपछि त्यही सम्पत्तिबाट त्यसै गाउँमा पुस्तकालय खोलिन्छ ।अन्त्यमा आफ्ना सबै सम्पत्ति छाडेर तीर्थ लागेका छन् । यसरी काकतीबाबू उपन्यासमा सक्रिय रही गतिशील पात्रका रूपमा चिनिन्छन् ।

जीवनचेतनाको आधारमा काकतीबाबू वर्गगत पात्र हुन् । उनको स्वभाव, काम गराई व्यक्तिगत नभएर वर्गगत प्रकारको छ । काकतीबाबूले गरिब, असहाय र टुहुरो गुमानेलाई आफ्नो महाजनको घरबाट घरमा लगी पुत्रवत् व्यवहार गरी आफ्नै स्कुलमा पढ्न पठाउँछन् । 'मेरो शक्तिले भेटेसम्म यसलाई पढाउँछु । आफ्नु अन्त समयमा, म माथि विश्वास पाखेर यसका बाबुले यसलाई मेरो जिम्मा लाएको हुँदा यस प्रति मेरो केही दायित्व र हक पनि बन्न आउँछ ।''[73] यी वाक्यबाट काकती वर्गगत पात्र हुन् भन्ने कुरा पुष्टि हुन्छ।

आर्थिक दृष्टिले काकतीबाबू उच्च सम्पन्न वर्गीय व्यक्तित्व हुन् । उनको सम्पन्नताको बारेमा काकती देश स्वाधीन हुनु भन्दा अगाडि स्वाधीनता सङ्ग्रामका एक सेनानी थिए । उनी गान्धीजीका साँचो अनुयायी हुनाले गान्धीजीकै आदर्श अनुरूप दलित-पीडितहरूको सेवा गर्ने उद्देश्यले उनले आफ्नै गाउँमा एउटा प्राथमिक स्कुल खोलेका छन् ।[74] यिनै भनाइले पुष्टि हुन्छ । छोराछोरी दुबैलाई पढाएका काकतीले गुमानेलाई पनि

---

[72] ऐजन, पृ. ११० ।

[73] ऐजन, पृ. ३६।

[74] ऐजन, पृ. २८।

आफ्नै घरमा राखेर स्कुलको फिस आफैँले तिरेर पढाएका हुन्छन् । यसबाट काकतीबाबू आर्थिक दृष्टिले गाउँघरमा सम्पन्न र उच्च वर्गका व्यक्ति थिए भन्ने कुराको पुष्टि हुन्छ ।

शैक्षिक दृष्टिले काकतीबाबू शिक्षित पात्र हुन् । सम्पन्न वर्गको व्यक्ति भएकाले गाउँमा विद्यालय खोली केटाकेटीलाई पढाउँछन् । कुनै केटाकेटीले पनि शिक्षाको उज्यालो घामबाट वञ्चित हुन नपरोस् भन्ने उनको ध्येय रहेको छ । वरपरका नेपाली, कछारी तथा अन्य पछौटे जातिका केटाकेटीलाई बलजफ्ती स्कुलमा भर्ना गर्छन् ।[75] यस वाक्यबाट काकतीबाबू आफू पनि शिक्षित थिए र गरिब, टुहुरा केटाकेटीहरूलाई पनि शिक्षित तुल्याउन चाहन्थे । उनको औपचारिक शिक्षाको बारेमा चाहिँ उपन्यासकारले यति नै हो भनेर उल्लेख गरेका छैनन् ।

राजनीतिका दृष्टिले काकतीबाबुलाई सचेत पात्रको रूपमा देखाइएको छ । काकतीबाबू बयरआँटीका आसामे हुन् तापनि उनी धनीगरिब गोठालाखेताला सबैको आँखाको नानी बनेका छन् । स्वधीनता सङ्ग्रामका सेनानी भएको समयमा आसामबाट पराधीनताको विरूद्ध क्रान्ति गर्दा दुईचोटी राजनीतितर्फ होमिए तर उनलाई राजनीतिले छोएन । उनका सहकर्मी सबै राजनीतिक दलबाट आउँदो चुनाउमा मन्त्री हुने सपना देख्न थालेका छन् । उनी कङ्ग्रेसका एक कर्मठ कार्यकर्ता पनि हुन् । उनी पदलोलुप व्यक्ति थिएनन् । तर काकतीबाबूलाई राजनैतिक महत्वाकाङ्क्षाले छोएको छैन । उक्त भनाइबाट काकतीबाबू राजनीतिमा सचेत व्यक्तित्व देखिन्छन् ।

पेशाका दृष्टिले काकतीबाबू सामाजिक सेवामा अनुग्राही रहेका कुशल शिक्षकको र कुशल विद्यालय संस्थापकको रूपमा चिनिन्छन् । स्वाधीनता सङ्ग्रामका एक सेनानी हुनु, विद्यालय, संस्थापक हुनु, शिक्षक हुनु, गाउँमा आफ्नै घरमा पुस्तकालय खोल्नु जस्ता क्रियाकलापहरू व्यक्तिगत नभएर वर्गगत छन् । आफ्ना सन्तान कोही पनि नभएपछि सारा सम्पत्ति गुमानेलाई सुम्पनु र पुस्तकालय खोली गाउँलेलाई शिक्षित तुल्याउनु जस्ता कुराले उनी आफ्नो पेशाप्रति इमान्दार थिए भन्ने कुरा पुष्टि हुन्छ ।

धार्मिक दृष्टिले काकतीबाबू हिन्दू धर्माबलम्बी हुन् । उनको नाम केशव काकती र काम दुःखी गरिबको सेवा गर्ने अनि तीर्थव्रत गर्न जाने हिन्दू धर्माबलम्बीहरूको चलन भएकाले उनी हिन्दू नै भएको ठहरिन्छ । 'काकतीबाबू प्रायः धार्मिक पुस्तकहरू पढ्छन् ।

[75] ऐजन, पृ. २८।

साता दिनपछि नै काकतीबाबू गाउँ छोडेर तीर्थयात्राको निम्ति निस्कन्छन् ।[76] यी वाक्यबाट उनी हिन्दूधर्माबलम्बी भएको पुष्टि हुन्छ ।

आसन्नताको आधारमा काकतीबाबू मञ्चीय पात्र हो । उपन्यासमा काकतीबाबूले गरेका कार्यहरू र प्रायः सबै जसो कुराकानी प्रत्यक्ष वा दृश्यात्मक रूपमा आएका छन् । गुमानेलाई आफ्नो घरमा लगी पढाउनु, विद्यालय खोल्नु, छोराछोरी दुबैलाई स्कुल पढाउनु, छोरीको बिहे गर्नु, पुस्तकालय खोल्नु, सारा सम्पत्ति गुमानलेलाई सुम्पेर तीर्थ जानु जस्ता काकतीबाबूका क्रियाकलापहरू प्रत्यक्ष रूपमा आएकाले र उनले उपन्यासमा सक्रिय भूमिका निर्वाह गरेकाले काकतीबाबू मञ्चीय पात्र हुन् ।

आबद्धताको आधारमा काकतीबाबू उपन्यासको बद्ध पात्र हुन् । उपन्यासको मूल कथावस्तुसँग बाँधिएर रहेका काकतीबाबू उपन्यासका अन्य पात्रहरूसँग पनि गाँसिएर रहेका कारण बद्धपात्र हुन् । उनको उपस्थितिमा उपन्यासमा देखाउन खोजिएका पात्रहरूको चारित्रिक विशेषतालाई पनि प्रष्ट्याउने काम भएको छ । त्यसैले काकतीबाबूलाई उपन्यासबाट अलग गर्दा औपन्यासिक संरचना नै भत्कने देखिन्छ र त उनी उपन्यासबाट निकाल्न नमिल्ने बद्ध पात्र हुन् ।

समाजको यथार्थतालाई आधार बनाएर लेखिएको **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको काकतीबाबू सहायक पात्र हुन् । लिङ्गगत आधारमा पुरुष भूमिकामा रहेका काकतीबाबू प्रवृत्तिको आधारमा अनुकूल रहेका देखिन्छन् । राजनीतिप्रति महत्वकाङ्क्षा नभएका काकतीबाबूको जीवनमा विभिन्न आरोह, अवरोह पार गरेको स्वभाव, पेशा, विचार आदिको कारणले उनी गतिशील पात्रको रूपमा रहेका छन् । जीवनचेतनाको आधारमा उनी वर्गीय पात्र हुन् । विद्यायलय खोल्ने, गरिबका केटाकेटीलाई बलजफ्ती पढ्न लाने, पुस्तकालय खोल्ने जस्ता कार्यमा लागेका काकतीबाबूले विभिन्न वर्गको प्रतिनिधित्व गरेका छन् । आर्थिक दृष्टिले सम्पन्न रहेका काकतीबाबू शैक्षिक दृष्टिले पनि शिक्षित वर्गमा पर्दछन् । राजनीतिमा प्रत्यक्ष रूपमा संलग्न नभएता पनि नेपालको विगत र वर्तमान समयको राजनीति एवम् समसामयिक गतिविधिप्रति सचेत रेहका देखिन्छन् । पेशाको दृष्टिले विद्यालय खोली शिक्षाको दियो बाल्ने समाजसेवीको रूपमा रहेका देखिन्छन् । आसन्नताको आधारमा काकतीबाबू मञ्चीय पात्र हुन् । उपन्यासको प्रमुख घटना, प्रमुख पात्रसँग उनको घटनाक्रम जोडिने

[76] ऐजन, पृ. १६५।

भएकाले उनीबिनाको उपन्यास अधुरो र अपूर्ण हुने भएकाले उपन्यासको बद्ध पात्रको रूपमा उभिएका छन् । उपन्यासको पात्रविधानको सिद्धान्त, चरित्रचित्रण दुबै विधि प्रत्यक्ष र अप्रत्यक्ष चरित्रचित्रणको प्रयोग काकतीबाबूमा भएको देखिन्छ । उनी गाउँका केटाकेटीलाई बलजफ्ती शिक्षा दिन सफल रहेता पनि आफ्नो छोराछोरीबाट सन्तोष प्राप्त गर्न नसकी तीर्थव्रत गर्न हिँडेका देखिन्छन् ।

## घ. हरेन

लिङ्गका आधारमा हरेन पुरुष पात्र हो । उसको नामैको आधारमा पनि हरेन पुरुष पात्र हो । काकतीबाबूको छोरो हरेन आफ्ना बाबुले चुनावमा केही चासो नलिएको हुँदा यसपाला निष्क्रिय देखिएको थियो ।[77] यस वाक्यमा 'छोरो' नाम र 'थियो' क्रियापद शब्दले पुलिङ्ग नामलाई बुझाउने हुँदा हरेन पुरुष पात्र हो भन्ने कुराको पुष्टि गर्छ ।

कार्यका आधारमा हरेन **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको खलपात्र हो । उपन्यासमा हरेनको आगमन मध्यावस्थामा र प्रस्थान अन्त्यावस्थामा भएको छ । उपन्यासको सातौं, नवौं, एघारौं, पन्ध्रौं, बीसौं, एक्काईसौं र बाईसौं परिच्छेदमा मुख्य उपस्थिति जनाए पनि सिङ्गो उपन्यासको कथानकमा प्रभाव पार्ने खलपात्र हरेन उसको नाम र उसलाई बुझाउने सर्वनामको प्रयोग २५ पटक भएको छ । हरेनले उपन्यासको नायक गुमानेलाई घृणाभावले हेरेको छ । 'भित्रभित्रै गुमानलेलाई किन हो उसले आफ्नो प्रतिद्वन्द्वी सम्झेको छ । हिजो मछुवापाडाबाट चुनाउको पर्चा बाँडेर हामी आउँदैथ्यौं, बाटामा हरेनको दलसित भिडन्त पऱ्यो सर !'[78] माथिका यी वाक्यले हरेन खलपात्र भएको पुष्टि हुन्छ । हरेन चुनाउमा गुमानेको पराजय चाहन्थ्यो र उसको जीवन समाप्त पार्ने उद्देश्य लिएर गुमानेमाथि आक्रमण गर्छ । यसरी नायक गुमानेको बाह्य-आन्तरिक जीवनमा द्वन्द्वको सृष्टि गरेर असर पार्ने हरेन कार्यका दृष्टिले खलपात्र हो ।

प्रवृत्तिका आधारमा हरेन प्रतिकूल पात्र हो । हरेन जमिनदारको एक्लो छोरो हो । त्यसैले उसमा अहम्पनको भावना रहेको पाइन्छ । विद्यार्थी जीवनदेखि नै हरेनमा नकारात्मक सोचको विकास भएको पाइन्छ । यस उपन्यासको नायक गुमानेलाई त हरेन झन फुटेको आँखाले पनि देख्न मान्दैन । हरेन प्रतिकूल पात्र हो भन्ने कुराको पुष्टि यी

[77] ऐजन, पृ. १४८।

[78] ऐजन, पृ. ४१ ।

वाक्यले गर्दछन् । 'स्कुल बिदामा हरेन घर आउँदा गुमानेलाई झन् गाह्रो पर्छ । हरेन आमाको पक्ष लिएर गुमानेप्रति घृणाभाव व्यक्त गर्न आनन्द पाउँछ ।'[79] गुमानेलाई आफ्नो घरबाट निकाल्न र गुमानेको जीवन सखाप पार्ने काम हरेनले गरेको छ । यसरी उपन्यासको नायक गुमानेको खेदो खन्ने र जीवनै समाप्त पार्ने आँट गर्ने जस्ता नकारात्मक कार्य हरेनले गरेको छ । तसर्थ हरेन उपन्यासको प्रतिकूल पात्र हो । विद्यार्थी जीवनमा नै अनैतिक कार्य गर्न पछि नपर्ने हरेनलाई 'फलाफलको केही विचारै नराखी गुमानेमाथि आक्रमण गर्ने योजना बनाउँछ हरेन उसको जीवनै समाप्त पार्ने उद्देश्य लिएर .....'[80] भन्ने भनाइले प्रतिकूल पात्र भएको पुष्टि गर्दछ ।

स्वभावको आधारमा हरेन स्थीर पात्र हो । उपन्यासको सातौं परिच्छेददेखि बाईसौं परिच्छेदसम्म आइपुग्दा विगतदेखि वर्तमानसम्ममा कुनै प्रकारको विचारमा विचलन आएको छैन । विगतमा पनि दुष्ट र बदमास काम गर्दै आएको हरेन बी.ए.पास गरिसक्दा पनि दुष्ट र बदमास कार्यलाई जारी नै राखेको छ । यसरी हरेन सानैदेखि दुष्ट, बदमास, अत्याचारी स्वभाव भएको र उपन्यासमा उपस्थित भएदेखि औपन्यासिक भूमिका निर्वाह गरुन्जेलसम्म दुष्टै प्रवृत्ति रहेको देखिन्छ । दुष्ट र अत्याचारी स्वभाव भएको हरेनको औपन्यासिक भूमिकामा कुनै परिवर्तन आएको छैन । त्यसैले एकै स्वभाव रहेर कार्य गर्ने हरेन स्थीर पात्र हो ।

जीवनचेतनाको आधारमा हरेन वर्गीय पात्र हो । उसको व्यवहार, काम गराइ र स्वभाव व्यक्तिगत नभएर वर्गगत रहेको छ । उसका घरायसी र सामाजिक क्रियाकलाप समाजमा रहेका साहुमहाजन, जमिनदार, सामन्ती र शोषक महाजन साहूहरूका दृष्ट भाइ-छोराहरूले गर्ने खालका छन् । दुःखी, गरिब, असहायहरूमाथि गर्ने अन्याय, अत्याचार र बेइमानी शोषक र शासक वर्गको प्रतिनिधित्व गरेको हुनाले हरेन वर्गीय पात्र भएको पुष्टि हुन्छ ।

आर्थिक दृष्टिले हरेन जमिनदार काकतीबाबूको एकमात्र छोरो भएकाले सम्पन्न वर्गको हो भन्ने कुरा स्पष्ट हुन्छ । हरेनको सम्पनताको बारेमा उनको बुबा काकतीबाबू सेनानी हुनु, चुनावमा साथीहरूले उठाउन आग्रह गर्नु, गाउँमा विद्यालय खोल्नु, हरेन र मालती दुबै बी.ए. सम्म पढ्नु जस्ता कुराहरूले पुष्टि हुन्छ ।

---

[79] ऐजन, पृ.४१ ।

[80] ऐजन, पृ. १५३ ।

शैक्षिक दृष्टिले हरेन शिक्षित पात्र हो । सम्पन्न वर्गको व्यक्ति भएकाले तेजपुर हाइस्कुलबाट दशकक्षासम्म पास गर्छ तर म्याट्रिक पास गर्न भने सेकको देखिँदैन । हरेनले हाइस्कुलसम्मको अध्ययन गरेको कुरा 'ऊ आफू मेट्रि पनि पास गर्न सक्तैन । आफूभन्दा सानी बहिनीले कलेज पढेर स्नातक बनेको उसलाई सह्य छैन ।'[81] ले पुष्टि गर्दछ । हरेन शिक्षित भएर बौद्धिक र विवेकी देखिँदैन ।

राजनैतिक दृष्टिले हरेन सचेत पात्र होइन । मेट्रिक पास गर्न नसकेको हरेन राजनीतिमा प्रवेश गरेको छ । हरेनका बुबा कङ्ग्रेसका एक कर्मठ कार्यकता भएकाले ऊ पनि कङ्ग्रेस पार्टीमै रही काम गर्दै आएको पाइन्छ । बुबा चुनाउमा उठ्दा प्रचारप्रसारमा लाग्ने हरेन बुबा चुनाउमा नउठ्दा निष्क्रिय भएर बेसेको देखिन्छ । हरेनलाई आफ्नो बुबाले चुनाउमा टिकट नपाउँदा कङ्ग्रेस पाटीसँगै रिस व्यक्त गरेको कुरा 'तर उनको छोरो हरेन भने आफ्ना पितालाई कङ्ग्रेजले टिकट नदिएकोमा निकै कुँडिएको थियो । वास्तवमा आफ्ना बाबुको यस दलप्रति त्यत्रो अवदान छँदाछँदै पनि उनले आफ्नो कामको स्वीकृति नपाउनु उसले ठूलो अन्याय सम्झ्यो ।'[82] ले पुष्टि हुन्छ । उपन्यासको नायक गुमानेले विधानसभा निर्वाचनको स्वतन्त्रप्रार्थी रूपमा महखुटी समिष्टिबाट मनोनयनपत्र लिएको कुरा हरेनलाई सह्य हुँदैन र 'ऊ छटपटिन्छ र आफ्नो पुरानो प्रार्थी दुई चुनावमा उठेर हारेको उत्तम बसुमातारीलाई भेटी स्वतन्त्रप्रार्थीको रूपमा मनोनयनपत्र भर्न बाध्य गराउँछ र उनैका पक्षमा प्रचारप्रसार गर्दै हिँड्छ अनि गुमानेलाई हराउन सफल हुन्छ ।'[83] जस्ता क्रियाकलापबाट हरेनको राजनीतिक दृष्टिकोणमा सचेतता पाइँदैन ।

पेशाको दृष्टिकोणले हरेन राजनीतिमा संलग्न व्यक्तित्वको रूपमा मात्र चिनिएको छ। बुबा चुनावमा उठ्दा र साथी चुनावमा उठ्दा प्रचार प्रसारमा मात्र लागेको पाइन्छ। उपन्यासकारले यस उपन्यासमा हरेनका कुनै खास पेशाको उल्लेख गरेको पाइँदैन । राजनीति उसको पेशा भएता पनि राजनीतिप्रति ऊ स्वार्थी प्रवृत्तिको देखा परेको छ । त्यसैले हरेन आफ्नो पेशाप्रति इमान्दारी नरहेको कुरा प्रष्ट हुन्छ ।

धार्मिक दृष्टिले हरेन हिन्दूधर्माबलम्बी हो । उनको बुबा काकतीबाबू हिन्दूधर्माबलम्बी भएकाले हरेन पनि हिन्दू धर्माबलम्बी नै हो भन्ने सिद्ध हुन्छ । आसामेली ग्रामीण परिवेश,

[81] ऐजन, पृ. १०२ ।

[82] ऐजन, पृ. ५५ ।

[83] ऐजन, पृ. १४८ ।

नाम पेशा, आदिको कारणले हिन्दू धर्माबलम्बी नै हो भन्ने बुझिन्छ । हरेनका बाबुले धार्मिक पुस्तक पढ्ने र तीर्थयात्रा गर्ने र मन्दिरको छेउमा सानो कुटी बनाएर बस्ने गरेको कार्यहरूबाट हरेन पनि हिन्दूधर्माबलम्बी भएको पुष्टि हुन्छ ।

आसन्नताको आधारमा हरेन मञ्चीय पात्र हो । उपन्यासमा हरेनले गरेका कार्यहरू र प्रायः सबैजसो कुराकानी प्रत्यक्ष वा दृश्यात्मक रूपमा आएका छन् । मामाघरमा बसेर पढ्नु, गुमानेको खेदो खन्नु, आमाका पक्षमा लाग्नु, बहिनी मालतीको बिहे गराउनु, मालतीलाई गाली गर्नु, चुनाव प्रचारप्रसार गर्दै हिँड्नु, गुमानेलाई मरणासन्न हुनेगरी कुट्नु जस्ता हरेनका क्रियाकलापहरू प्रत्यक्ष रूपमा आएकाले हरेनद्वारा गरिएका बार्तालापहरू दृश्यात्मक रूपमा आएकाले हरेन आसन्नताको आधारमा मञ्चीय पात्र हो ।

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको खलपात्र हरेन सम्पन्न वर्गको मानिस भएकाले गरिब, प्रबासी असहायहरू माथि शोषण र र दमन पछि हरेनको शोषण दमन र अत्याचारले नायक गुमाने घर छाड्न बाध्य हुन्छ  र अन्त्यमा गुमानेको जीवनलीला नै सखाप पार्ने उद्देश्यले गुमानेमाथि लाठी प्रहार गर्छ र बुबा र साथी चुनावमा उठ्दा प्रचारप्रसार गर्दै हिँड्ने हरेन बिनाको उपन्यास र कथावस्तुको विकास सम्भव देखिँदैन । उसको उपस्थितिले पनि उपन्यासको कथानकले गति लिएको छ। त्यसैले उपन्यासबाट हरेनलाई झिकिदिँदा कथानक संरचना भताभुङ्ग हुने भएकाले आबद्धताका आधारमा हरेन बद्ध पात्र हो ।

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको हरेन खलपात्र हो । हरेनको माध्यमबाट उपन्यासको धनी र सामन्ती वर्गका मानिसहरूले गरिब र निर्धना मानिसहलाई गाउँबाट उठीबास गर्न बाध्य बनाउन शोषक वर्ग र पीडक वर्गको अवस्था, विकृति र नकारात्मक पक्षहरूको पर्दाफास गरेका छन् । **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासले नेपालको पारिवारिक, सामाजिक अनि राजनीतिक यथार्थहरूको शोषण, दमन, चाकरी र विकृतिलाई प्रष्ट्याएको छ तर हरेनले गुमानेप्रति गरेका शोषण र दमन हाम्रा समाजमा आज पनि विद्यमान छन् ।

सामाजिक कथानक भएको उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** को खलपात्र हरेन उक्त उपन्यासको बाईस परिच्छेदमध्ये सातवटा (७, ९, ११, १५, २०, २१, २२ ) परिच्छेदमा मात्र उपस्थिति देखाइएको छ । नामैले पनि पुरुष पात्र जनाउने हरेन स्वार्थी प्रवृत्तिको देखिन्छ त्यसैले उसले आफ्नो जीवनमा देश र जनताको लागि कुनै राम्रो काम गरेको पाइँदैन । यद्यपि आफ्ना खराब सोच र विचारले आफूलाई प्रतिकूल पात्रको रूपमा उभ्याउन सफल

भएको छ । सामान्य आम नेपालीदेखि लिएर राजनैतिक विचार समाजसेवा प्रति आफ्नो उत्तरदायित्व बहन नगर्ने गतिहीन पात्रको श्रेणीमा आफूलाई स्थापित गरेको छ । हरेनले गुमानेमाथि गरेको दमन, शोषण र अत्याचार नै शोषक र पीडक वर्गका मानिसले गर्ने खालका भएकाले हरेन वर्गीय चरित्र हो । उपन्यासको खलपात्रको रूपमा आफ्नो उपस्थिति देखाउने हरेन मञ्चीय बद्ध पात्र हो । यसर्थ हरेनको उपस्थिति र चरित्र **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पात्र विधान अनुरूप सार्थक रहेको छ ।

समग्रमा हरेन **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको पारिवारिक सामाजिक यथार्थता भित्रको यथार्थ पात्रको रूपमा आएको छ । **ब्रह्मपुत्रको छेउछाउ** उपन्यास र हरेन नेपाली सामाजिक यथार्थतामा विगतका घटना र पात्र भए पनि उपन्यास र पात्रले वर्तमान नेपालको शोषक र पीडक वर्गको बिम्ब बोकेर उपस्थित भएझैँ लाग्छ ।

## ङ. केशरबहादुर खुलाल

लिङ्गको आधारमा केशरबहादुर पुरुष पात्र हो । सामान्यतया नेपाली हिन्दूसमाजमा नामाकरणको संस्कारमा छोरो हो भने बीचको नाममा प्रसाद, बहादुर, मान, कुमार, प्रकाश आदि र छोरी हो भने कुमारी, देवी, माया, लक्ष्मी आदि राखिएको पाइन्छ । केशरबहादुरको पनि नाममा 'बहादुर' जोडिएकोले केशरबहादुर पुरुष पात्र रहेको पुष्टि हुन्छ । केशरबहादुरको जीवनमा आएको परिवर्तन पश्चात् 'डायरी महाजन'का नामले चिनिएपछि त झन् पुरुष भएको प्रमाणित हुन्छ । यस्तै महाजनका दुई परिवार छन् । जेठीपट्टि सन्तान भएनन् भन्ने निहुँ पारेर बिहेको तीन वर्षपछि कान्छी बेहोरेका ।[८५] यस वाक्यमा प्रयुक्त शब्दहरूले केशरबहादुर पुरुष पात्र भएको खुलासा हुन्छ ।

कृतिगत आधारमा **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको पात्र केशरबहादुर सहायक पात्र हो । औपचारिक कथावस्तुमा केशरबहादुर 'डायरी महाजन' का नामले चिनिन्छन् । केशरबहादुरले गरेका कार्यहरूले कथानक विकास तथा सङ्घर्षलाई चरमोत्कर्षमा पुऱ्याउने काम भएको छ । उपन्यासको दोस्रो खण्डदेखि अठारौँ खण्डसम्म रहेका केशरबहादुर नायक गुमाने र गुमानेका बाबुआमालाई आफ्नै घरमा भैँसी गोठालो राखी आश्रय दिन्छन् । 'त्यो मानिस निकैबेर घोरिन्छ । एकछिनपछि भन्छ, लौ हिँड त, म लैजान्छु तिमीहरूलाई । तिम्री जहानले पनि घरधन्दा गर्न सघाउँलिन् । पाडाबाछालाई घाँस खोज्न सकिहाल्छिन् ।' प्रस्तुत

[८५] ऐजन, पृ. १३ ।

वाक्यहरूले मानवीरको परिवारलाई कामदारको रूपमा आफ्ना घरमा लगेका रहेछन् भन्ने कुराको पुष्टि हुन्छ । बाबुआमाको मृत्युपश्चात् गुमानेलाई पनि आफ्नै घरमा गोठालो बनाइ राख्न चाहेका थिए । पछि गुमानेले उच्चशिक्षा हाँसिल गरेपछि भने आफ्नी छोरी मुनाको गुमानेसँग विवाह गराइदिने र अंशियार वा डायरीको मेनेजर भए बस्न गर्ने केशरबहादुरले जुन कार्य गरेको छ, त्यसले उपन्यासलाई अन्तिम बिन्दुसम्म पुऱ्याउन सहयोगी कार्य गरेका छन् । त्यसैले कार्यका आधारमा केशरबहादुर सहायक पात्र हुन् ।

प्रवृत्तिको आधारमा केशरबहादुर प्रतिकूल पात्र हो । केशरबहादुर आसाममा गएर आफ्नो वर्चस्व जमाएर बसेका धनी नेपाली नै हुन् । केशरबहादुर जमिनदार हुन् । दुई, तीन सय माउ भैंसीहरू पालेका छन् । आफ्नै डायरी छ जसबाट राम्रो आम्दानी हुन्छ । तर पनि उनी सोझासाझा नेपालीहरूलाई तलब नदिई आफ्नो घरको सम्पूर्ण काम र भैंसी गोठालो बनाउन श्रमशोषण गर्ने जस्ता नकारात्मक काम गरेका छन् । 'गोठ हो, दूध-दही खान मनग्य पाउँछौ । यो तिम्रो छोराको अनुहारै फेरिहाल्छ नि वहाँ पुगेपछि ।'[85] भोलिपल्ट छोराको निम्ति एक मुठी राम्रो दूध पाउने बिन्ती मानवीरले महाजनसित टक्र्याउँछ तर उत्तरमा ताता दूध पियाउनू; त्यसले अपच हुँदैन । केटाकेटीलाई फाइदा गर्छ' यी वाक्यबाट पुष्टि हुन्छ कि केशरबहादुर नकारात्मक दृष्टि भएका व्यक्ति हुन् । हुकुम र पैसाको भरमा आफ्नो वर्चस्व जमाएर बसेका केशरबहादुरले 'भाग्यले साथ नदिएको घोसार्ने काँइलालाई आफ्नो आसामी बनाएको छ' [86] भन्ने वाक्यबाट केशरबहादुर नराम्रो सोच र भावना भएको व्यक्ति हुन् । टुहुरो गुमानेलाई नपढाइ आफ्नै घरमा गोठालो राख्न चाहने केशरबहादुर पढेपछि गुमानेलाई नै छोरी दिने कुराबाट उनी सामन्ती शोषण व्यवस्थाको मूल खम्बाका रूपमा उभिएका छन् । यसरी केशरबहादुरका क्रियाकलापहरू नकारात्मक किसिमका भएका कारण प्रवृत्तिका आधारमा केशरबहादुर प्रतिकूल पात्र हुन् ।

केशरबहादुर गतिहीन स्वभाव भएको पात्र हो । मानवीर र मानवीरको परिवारलाई गोठ छ, दुध-दही मनग्ये छ, खानबस्न दिन्छु तलब पनि काम हेरेर दिन्छु भनेर आफ्नो घरमा भैंसी गोठालो लिएर जान्छ तर मात्र गोठालो बनाइ राख्ने तलब नदिने जस्तो मानवीरको परिवारको श्रम शोषण गरेको छ भने घोर्साने काइलो, नन्दलाल, बमबहादुर लिम्बू जस्ता

---

[85] ऐजन, पृ. ११ ।

[86] ऐजन, पृ. २५ ।

गरिब मानिसहरूलाई बिना तलब वर्षौंदेखि गोठालो बनाइ श्रमशोषण गर्दै आएको छ । गरिबहरूमा श्रमशोषण गर्ने बानीमा परिवर्तन आएको छैन । यसरी केशरबहादुरको सामन्ती स्वभावमा कुनै परिवर्तन नआएकोले उनी गतिहीन पात्र हो भन्ने स्पष्ट हुन्छ ।

केशरबहादुर महाजन वर्गगत पात्र हो । आफ्नो आर्थिक कमजोरीका कारण घोर्साने काइला जस्तो महाजनसँग जान कर लागेको छ, जसले गर्दा केशरबहादुर जस्ता शोषकले मौका पाएका छन् । नन्दलाल, घोर्साने काईला जस्ता गरिबहरूको शोषण गरी महाजन बनेको छ । यसरी नन्दलाल, घोर्साने काइला जस्ता गाउँले गरिब वर्गका मानिसलाई अन्याय, अत्याचार तथा शोषण गर्ने काम केशरबादुर जस्ता शोषक जालीफटाहाहरूले गर्ने गर्दछन् । त्यसैले केशरबहादुरका क्रियाकलापहरू व्यक्तिगत किसिमका नभएर वर्गीय आचरणका रूपमा आएका छन् । यस्ता वर्गगत आचरणको प्रतिनिधित्व गरेका कशरबहादुर जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् ।

आर्थिक दृष्टिले केशरबहादुर खान्दान एवम् सम्पन्न व्यक्ति हुन् । उनको सम्पन्नताको बारेमा ‘महाजनको व्यवसाय निकै फैलिएको छ । उनका यस बेला आफ्नै रेखदेखमा दुई-तीन सय माउ भैँसीहरू छन् । त्यसबाहेक आठ-दस गोठ भैँसी आसामी लाएका छन् । त्यसबाट ब्याजमात्र आउँदैन, तिनको दूध पनि आफ्नै डायरीमा ओसार्ने सुबिस्ता उनलाई मिलेको छ ।’ [87] यिनै भनाइले पुष्टि हुन्छ । केशरबहादुर आफ्ना छोराछोरीलाई पढाउने, डायरी खोल्ने, व्यवसायलाई बृद्धि गर्दै लैजाने, नायक गुमानेलाई अंशियार बनाउन खोज्ने जस्ता कुराहरूबाट उनी धनाढ्य र सम्पन्न वर्गका व्यक्ति हुन् भन्ने कुरा प्रमाणित हुन्छ । अझ ‘महखुटी महाजनले रावल महाजनसित रहर गरेर धेरै अघि मीत लाएका थिए । यसरी मीत लाउँदा रावल महाजनले गाउँवस्ती, गोठ, खुटी सबैतिर निम्ता पठाएका थिए । तीन वटा खसी काटी सात मन दूधको खीर पकाएर भोज लाएका थिए ।[88] भन्ने कुराबाट यिनको धनाढ्य र सम्पन्नताको पुष्टि हुन्छ ।

पेशाका दृष्टिले केशरबहादुर सरकारी पेशामा संलग्न नरहेका तर व्यक्तिगत पेशामा भने प्रखर देखिन्छन् । केशरबहादुर दुई-तीन सय माउ भैँसी र आफ्नै डायरी छ, आठ-दस

---

[87] ऐजन, पृ. १३ ।

[88] ऐजन, पृ. १४ ।

गोठ भैँसी आसामी पनि लाएका छन् । केशरबहादुर किसान हुन् । खेतीपाती उनको मुख्य पेशा हो र भैँसी पालेर डायरीको राम्रो व्यवस्था गरी मनग्य आम्दानी गर्नाले उनको अर्को पेशा व्यापार रहेको प्रष्ट हुन्छ । यसरी जमिनदार र व्यापारी दुबै वर्गका प्रतिनिधत्व केशरबहादुरले गरेका छन् ।

धार्मिक दृष्टिले केशरबहादुर हिन्दूधर्मावलम्बी हुन् । नेपाली ग्रामीण परिवेश, नाम, पेशा आदिका कारणले केशरबहादुर हिन्दूधर्मावलम्बी नै हो भन्ने बुझिन्छ । उपन्यासमा उपन्यासकारले उल्लेख नगरे पनि उनको लवाइखवाइले र उनको भेषभूषाले उनी हिन्दूधर्मावलम्बी हुनुपर्ने देखिन्छ ।

यसरी केशरबहादुर दुःखी, गरिब र असहायमाथि अन्याय र अत्याचार गर्ने शोषक पीडक व्यक्तिका रूपमा गनिएका छन् । गरिब र निमुखाहरूमाथि उनी राज गर्न चाहन्छन् र सोझा गाउँलेहरूलाई बिना तलब काममा जोताउने श्रमशोषकका रूपमा चिनिएका केशरबहादुरले गाउँका शोषक र पीडक वर्गको प्रतिनिधित्व गरेका कारण केशरबहादुर जीवनचेतनाको आधारमा वर्गगत पात्र हो ।

आसन्नताको आधारमा केशरबहादुर मञ्च पात्र हुन् । उपन्यासमा केशरबहादुरले गरेका कार्यहरू र प्रायः सबैजसो कुराकानी प्रत्यक्ष वा दृश्यात्मक रूपमा आएका छन् । जस्तै : मानवीर र जुरेलीलाई प्लेटफर्ममा भेटी आफ्नो घरमा लैजानु र भैँसी गोठालो बनाउनु, मानवीर जुरेलीलाई तलब नदिई पाँच माउ भैँसी दिएर छुट्टै गोठ बनाएर दिनु, घोर्साने काँइलालाई आफ्नो आसामी बनाइ राख्नु, गुमानेलाई आफ्नो घरमा गोठालो राख्न जोड गर्नु, गुमानेसँग आफ्नी छोरी मुनाको बिहे गर्न खोज्नु जस्ता केशरबहादुरका क्रियाकलापहरू प्रत्यक्ष रूपमा आएकाले र उनले उपन्यासमा सक्रिय रूपमा रहेर कार्य गरेकाले केशरबहादुर मञ्चीय पात्र हुन् ।

आबद्धताको आधारमा केशरबहादुर उपन्यासको बद्ध पात्र हुन् । उपन्यासका अन्य पात्रहरूसँग पनि गाँसिएर रहेका कारण बद्ध पात्र हुन् । उनको उपस्थितिमा उपन्यासमा देखाउन खोजिएका पात्रहरूको चारित्रिक विशेषतालाई पनि प्रष्ट्याउने काम भएको छ । उपन्यासको गरिब पात्रहरूलाई शोषण गरेका कारणहरू केशरबहादुरको उपस्थितिले महत्त्वपूर्ण कार्य गरेको छ । नायक गुमानेका साथै उपन्यासका अन्य पात्रहरूसँग पनि

संबन्धित रहेका केशरबहादुरलाई उपन्यासबाट अलग गर्दा औपन्यासिक संरचना नै भत्कने देखिन्छ त्यसैले त उनी कथानकबाट निकाल्न नमिल्ने बद्ध पात्र हुन् ।

समाजको यथार्थतालाई आधार बनाएर लेखिएको **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको केशरबहादुर सहायक पात्र हुन् । लिङ्गका आधारमा पुरुष पात्रको भूमिकामा रहेका केशरबहादुर प्रवृत्तिका आधारमा प्रतिकूल पात्र रहेका देखिन्छन् । आफ्नो सम्पन्नतामा वर्चश्व जमाएर हैकमबादी नियम गरिबमाथि लाद्ने केशरबहादुर गतिहीन पात्रको रूपमा देखा परेका छन् । जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । बेसहारा गरिबहरूलाई आफ्नो घरमा लगी बिना तलब गोठालो बनाइ जीवनभर आफ्नै आसामी बनाउने कार्यमा संलग्न रहेका कारण केशरबहादुरले विभिन्न वर्गको प्रतिनिधित्व गरेका छन् । आर्थिक दृष्टिले धनाढ्य र सम्पन्न रहेका केशरबहादुर शैक्षिक दृष्टिले सामान्य लेखपढ मात्र देखिन्छन् । पेशाका दृष्टिले किसान र व्यापारी दुबैको प्रतिनिधित्व गर्ने केशरबहादुर आबद्धताको आधारमा बद्ध पात्र हुन् । आसन्नताको आधारमा मञ्चीय पात्रको रूपमा रेहका केशरबहादुर उपन्यासको प्रमुख घटना, प्रमुख पात्रसँग उनको घटनाक्रम जोडिने भएकाले उनी बिनाको उपन्यास अधुरो र अपूर्ण हुने भएकाले उपन्यासको बद्धपात्रको रूपमा उभिएका छन् । उपन्यासको पात्रविधानको सिद्धान्त, चरित्र चित्रण दुबै विधि प्रत्यक्ष र अप्रत्यक्ष चरित्रचित्रणको प्रयोग केशरबहादुरमा भएको देखिन्छ । उनी उपन्यासको नायक गुमानेलाई आफ्नै घरमा आजीवन भैंसी गोठालो बनाइ राख्न चाहन्छन् तापनि पढाउन राजी देखिन्छन् र त्यही गुमानेसँग पछि आफ्नी छोरीको बिहे गरिदिने र अंशियार बनाइ राख्न समेत अग्रसर देखिन्छन् ।

## ५.१.३ ब्रह्मपुत्रको छेउछाउ उपन्यासको गौण पात्रहरू

उपन्यासमा उल्लेख्य मात्रामा अन्य गौण पात्रहरूको उपस्थिति रहेको छ । उपन्यासले मूलतः सामाजिक विषयवस्तु अंगालेकोले पात्रहरू हाम्रै समाज र परिवेशका यथार्थताको बिम्बको रूपमा प्रस्तुत भएका छन् । उपन्यासमा एउटै खालको चरित्र बोकेका पात्रहरूको चयनलाई समूहमा राखेर विश्लेषण गरिएको छ । जसलाई सालाखाला चरित्रमा राखेर वर्गीकरण र विश्लेषण गरिएको छ ।

### क. गरिब र पीडित वर्ग

उपन्यासको पहिलो परिच्छेदमा उपस्थिति देखाइएको पीडित वर्ग कृतिगत आधारमा गुमाने मुख्य पात्र र अरू गौण पात्रको श्रेणीमा पर्दछन् । **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा गरिब तथा पीडित वर्गका मानिसहरूले जातीय, आर्थिक तथा सामन्ती शोषण आदिका कारणबाट उठीबास भइ बाध्यताबश देश छाड्ने तथा प्रलोभित आकांक्षा र सपना साँचेर रोजगारीको खोजीमा आसाम पुग्ने नेपालीहरूको दुर्दशा, उत्पीडनहरूको यथार्थतालाई उपन्यासको मुख्य कथानकसँग जोडेको छ । विदेशिएर रैथाने भएका प्रवासी नेपालीले कामको खोजीमा आसाम पुग्ने अर्को आश्रयहीन नेपालीका प्रति गरिएको अन्यायद्वारा एक नेपालीले अर्को नेपालीलाई गरेको शोषण र पीडकपनको यथार्थता छर्लङ्ग्याइएको छ । तसर्थ नेपालमा पनि पीडित भई प्रवाससम्म पुग्दा पनि नेपालीहरूद्वारा नै पीडित भई जीवन बिताउनु पर्ने बाध्यता पीडित वर्गका मानिसहरूमा देखा परेको छ ।

लिङ्का आधारमा मानवीर, गुमाने, घोर्साने काइँला, नन्दलाल पण्डित, बमबहादुर लिम्बू पुरुष पात्र हुन् । उनीहरूको परिचय गराउने नामले र उनीहरूलाई बुझाउने क्रियापदको प्रयोगले 'अब आएछ भने खाएछ भने खा तईंले नै खाइराख भनेर पो म त भन्दै सुब्बा तल ओर्लन्छ । मानवीर पनि आफ्नो कामतिर लाग्छ । पल्लो पालबाट घोर्सने काइँलो पनि आएर बसेको छ । नन्दलाल भरसक गाह्रो कामबाट तर्कन खोज्थ्यो ।'[८९] यी वाक्यबाट 'उनीहरू पुरुष भएको पुष्टि हुन्छ । लिङ्गकै आधारमा जुरेली स्त्री पात्र हो । उसको परिचय गराउने नामले र क्रियापदको प्रयोगले 'उसकी स्वास्नी भने पनि, सङ्घर्षको साथी भने पनि, उसकी प्रेरणा भने पनि, प्रेममयी जुरेली मानवीरको चौबीसौं वर्षमा उसकी दुलही बनेर आई ।'[९०] ले जुरेली स्त्री पात्र भएको पुष्टि गर्छ ।

प्रवृत्तिको आधारमा पीडित वर्ग र नाम उल्लेखित पात्रहरू अनुकूल प्रवृत्तिका रहेका छन् । जातीय, आर्थिक तथा सामन्ती शोषणका कारण बाध्यतावश आफ्नो देश छाड्नु र आसाममा पुगेर पनि तिनै रैथाने भएर बसेका नेपालीहरूद्वारा नै चिमोटिनु र निमोठिनु परेका कारण चुपचाप जीवनयापन गर्न विवश भएकोले उनीहरू अनुकूल पात्र ठहरिन्छन् । उनीहरूको अनुकूल प्रवृत्तिको पुष्टि 'स्वदेशको छाती कोरेर जिउने यिनीहरूको प्रयास बिफल भयो । गरिबीको पर्दा अझ तन्कियो । सामन्ती समाज, साहू धनीकार, पुञ्ज-भलादमी, सुब्बा-मुखिया सबैजना मिलेर यस पर्दालाई चारै कुनाबाट यसरी ताने, त्यो लाबरझैं तन्कँदै

---

[८९] ऐजन, पृ. २०, २१ ।

[९०] ऐजन, पृ. ७ ।

गयो, फैलँदै गयो । त्यसभित्र मानवीरको सानो परिवार अझ गुटमुटियो; श्वास अबरूद्ध हुने गरी जेलियो र अन्तमा एकदिन नेपाली परम्पराअनुसार आफ्ना भएका जहानसहित, सम्पूर्ण गृहस्थीको जेथो डोका र पोकामा समेटी विदेशियो ।'[91] माथि उल्लिखित वाक्यहरूले गर्दछ।

स्वभावका आधारमा पीडित वर्गका मानिसहरू स्थीर प्रवृत्तिका छन् । आ-आफ्नै कर्ममा चित्त बुझाउने, पीडकबाट पीडित हुँदा पनि चुपचाप सहेर काममा पेसिइरहने बानीमा पीडित वर्गहरूमा कुनै प्रकारको विचलन नदेखिएकोले उनीहरूलाई वर्गगत पात्रको श्रेणीमा राखिन्छ । सामान्य लेखपढसम्म नजान्ने साधारण किसानखाले नेपालीहरू भएकाले शैक्षिक दृष्टिले उनीहरू अशिक्षित वर्गमा पर्दछन् । गरिबीका कारण दबाबमा परी घुन पिसिएझैँ पिल्सिनु परेकाले उनीहरू पीडक वर्गलाई अनि सरकारलाई समेत आफ्ना माग राख्न असक्षम देखिन्छन् । आर्थिक दृष्टिले दुई खुट्टा अभिने एक टुक्रा जमिन पनि आफ्नो नभएकाले विदेशिनु परेको विपन्न वर्गका (अति निम्न वर्गका) भएका देखिन्छन् । पीडित वर्गका मानिसहरूलाई न कुनै राजनीतिप्रति चासो छ न उनीहरूलाई नै राजनीतिले छोएको छ । पेशाका दृष्टिले खेतीकिसान नै उनीहरूको मुख्य पेशा हो । धर्मसंस्कृतिको आधारमा उनीहरू हिन्दूधर्मावलम्बी हुन् । हिन्दू नेपाली समाजका सदस्य भएकाले र उनीहरूको परिचय गराउने नामको मानवीर, गुमाने, नन्दलाल, सुब्बा-आधारमा उनीहरू हिन्दूधर्मावलम्बी भएको ठहर्छ ।

आसन्नताको आधारमा पीडित वर्ग मञ्चीय पात्र हो । गरिबीका कारण डोका र पोका बोकी विदेशिनु, प्लेटफर्ममा अरू मानिसहरूसँग गफ हुनु, साहूले अह्राएका काम चुपचाप गरिरहनु, गोठ सफा गर्नु, भैँसी चराउनु, घाँस काट्नु जस्ता कार्यहरू र प्रायः सबैजसो कुराकानी प्रत्यक्ष वा दृश्यात्मक रूपमा आएका छन् । उपन्यासको पहिलो परिच्छेदबाट नै आफ्नो मुख्य उपस्थिति जनाएका कारणले उनीहरू मञ्चीय पात्रको रूपमा रहेका छन् । तसर्थ उनीहरूको कार्यका आधारमा पीडित वर्ग मञ्चीय पात्र भएको पुष्टि हुन्छ ।

आबद्धताको आधारमा पीडित वर्ग बद्ध पात्र हुन् । उपन्यासको प्रमुख कथानक पारिवारिक र सामाजिक गरिबीपनको भएकोले पीडित वर्गले स्वअस्तित्वको पहिचानका साथै मानवीय मुक्तिको भावनाले सामाजिक संघर्षमा अग्रसर हुने प्रवृत्तिको खोजी गरेको पाइन्छ ।

---

[91] ऐजन, पृ. ७।

उपन्यासको कथानक एवम् घटनाक्रमलाई पीडित वर्गको उपस्थितिले गति प्रदान गर्नुको साथै मुख्य कथानकमा प्रभाव पारेको कारणले उनीहरूको बद्धताको पुष्टि हुन्छ ।

उपन्यासको पहिलो परिच्छेदमा उपस्थित भएर उपन्यासको घटना एवम् कथानकलाई गति प्रदान गर्ने पीडितहरू मानवीर, गुमाने, पण्डित, नन्दलाल, घोर्साने काइँलो, बमबहादुर लिम्बू आदि रहेका छन् । उनीहरूले गरेका कार्यव्यापारबाट हाम्रै समाजका पीडित वर्गलाई उपन्यासमा देखाइएको छ । **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा प्रवासिने र प्रवासिएका नेपालीहरूको जीवन, देश छाड्नु पर्ने अवस्था र त्यसपछिको जीविकोपार्जनका लागि आसाम पुगेका नेपालीहरू र आसाममा रैथाने भइ बसेका नेपालीहरूद्वारा नै गरिब नेपालीहरू थिचोमिचोमा बस्नु पर्ने बाध्यतालाई माध्यम बनाउन खोजिएको छ ।

## ख. शोषक र पीडक वर्ग

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको दोस्रो परिच्छेददेखि गरिब र निमुखा नेपालीहरूमा अन्याय, अत्याचार र सामन्ती शोषण गर्ने शोषक-पीडक वर्गको उपस्थिति देखिएको छ । जसले समाजमा जरो गाडेर बसेको छ र गरिबहरूमाथि राज गर्ने गरेको छ। उनीहरू विरूद्ध न त समाजले न त राष्ट्रले कुनै किसिमको कारबाही गर्न सकेको छैन । किनभने सामन्ती प्रथाले हाम्रो समाजमा विष्णुमतीको मुला मौलाएझैँ मौलाएको छ । शोषणको न त जातीयता हुन्छ, न त राष्ट्रियता, न त देश, भाषाहरू नै हुन्छन् । यो एउटा वर्गीय चरित्र नै हो, व्यावसायिक धर्म र निजी स्वार्थको दचोतक, जसको आफ्नो भन्ने नै हुँदैन । शोषण र दमनले गर्दा मानिसहरूको मतलब नभएको देखिएको छ । कृतिगत आधारमा केशरबहादुर सहायक पात्र र अरू र्काकी ज्वाइँ, रतन माडे, हरेन, श्रीमती काकती, कमलबहादुर, केशरबहादुरका छोराहरू आदि गौण पात्र हुन् । घटना र कथानकमा कार्यव्यापार अघि बढाएको केशरबहादुर समाजका वरिष्ठ व्यक्ति र शोषक व्यक्तिका रूपमा कथानकमा सम्बन्धित रहेको छ । अरू पात्रहरू कथानक एवम् घटनाको सन्दर्भ र प्रसङ्गवस आएकोले गौण पात्रको रूपमा रहेका छन् ।

लिङ्गको आधारमा केशरबहादुर, हरेन, कमलबहादुर, कार्की ज्वाइँ रतन माडे, केशरबहादुरका छोराहरू पुरुष पात्र हुन् । उनीहरूलाई परिचय गराउने नामले र उनीहरूलाई बुझाउने क्रियापदको प्रयोगले “कान्छा महाजन, काँ गोठ त सकेदेखि भोलि नै

नगए हुँदै भएन नि !' साँठगाँठ मिलाएर पैसा पेल्ने रतन माडे (मारवाडी) छँदैछ ।'[92] उनीहरू पुरुष भएको पुष्टि हुन्छ । लिङ्गकै आधारमा श्रीमती काकती स्त्री पात्र हो । उसको परिचय गराउने नामले, क्रियापदले अनि नामको अगाडि राखिएको श्रीमती शब्दले स्त्री पात्र भएको पुष्टि हुन्छ । 'यस बेला श्रीमती काकती ताँनमा गामचा बुन्न व्यस्त देखिन्छिन् ।'[93] भन्ने भनाइबाट त झन उनी स्त्री पात्र भएको प्रमाणित हुन्छ ।

प्रवृत्तिको आधारमा पीडक वा शोषक वर्ग र नाम उल्लिखित पात्रहरू प्रतिकूल प्रवृत्तिका रहेका देखिन्छन् । चन्द्रमणि, 'महाजनको त अब बलवर्गत बस्तै गयो, तर गाउँलाई शोषण गर्न जन्मेका छन् नि उनको चेलाहरू ! उनकै कार्की जुवाइँ र माइलो छोरो पो अचेल त महाजनलाई पनि बिर्सार्उने भइरछन् त !'[94] भन्ने वाक्यांशले उनीहरू प्रतिकूल प्रवृत्तिको रहेको पुष्टि हुन्छ । यसका अलावा अरू पात्रहरूमा पनि नकारात्मक प्रवृत्ति भएकै कारण प्रतिकूल पात्र हुन् भन्ने कुराको पुष्टि हुन्छ । श्रीमती काकती गृहिणी हुन् तापनि उपन्यासको नायक गुमानेसँगको व्यवहारले उनी प्रतिकूल पात्र हुन् । महाजन र महाजनका छोराहरूले गरिबहरूमाथि गरेको व्यवहारले 'एक पैसा नदिनू बजियालाई । जान्छ भने जावस् यसै ।'[95] प्रतिकूल पात्र भएको सिद्ध हुन्छ । त्यस्तै हरेन गरिबहरूमाथि अन्याय र अत्याचार गर्ने प्रवृत्तिको देखा पर्दछ । 'हिजो मछुवापाडाबाट चुनाउको पर्चा बाँडेर हामी आउँदैथ्यौं, बाटामा हरेनको दलसित भिडन्त पऱ्यो सर ! अब गुमानेप्रति हरेनको प्रतिहिंसाको भावना चूडान्तमा पुग्छ ।'[96] उक्त वाक्यांशबाट हरेनमा देखिएको प्रवृत्तिका कारण ऊ प्रतिकूल पात्र हो । यसर्थ यी सबै व्यक्तिहरू समाजका विरूद्ध कार्य गर्ने देखिएकोले प्रतिकूल प्रवृत्तिका पात्र हुन् ।

स्वभावका आधारमा पीडक तथा शोषक वर्गका मानिसहरू स्थीर प्रवृत्तिका देखिएका छन् । गाउँघरका गरिब तथा निमुखाहरूमाथि शोषण र दमन गरी तिनै गरिबहरूको पसिना र रगतको होली खेल्दै आएका सम्भ्रान्त वर्गका मानिसहरू हिजो पनि थिए, आज पनि छन् भोलि पनि हुनेछन् । गरिबहरूको संपत्ति र श्रममा राइँदाइँ गर्दै आएका शोषकहरू सधैं शोषण गर्नमै रमाउँछन् । आसामका डायरीवाला महाजनहरू, हरेनहरू नेपालमा पनि

---

[92] ऐजन, पृ. ६१, ११९ ।

[93] ऐजन, पृ. ३९ ।

[94] ऐजन, पृ. ११९ ।

[95] ऐजन, पृ. १०१ ।

[96] ऐजन, पृ. ५३, १५३ ।

विद्यमान देखिन्छन् । तसर्थ यिनीहरूको व्यवहार, स्वभाव, प्रवृत्ति नकारात्मक विगतदेखि रहँदै आएकाले स्थीर पात्रको रूपमा चित्रित छन् ।

जीवन चेतनाको आधारमा माथि उल्लिखित पात्रहरूले व्यक्तिगत वर्गको प्रतिनिधित्व गर्दछन् । स्वार्थी, शोषण एवम् नकारात्मक कार्यतर्फ आफ्नो परिचय बनाएकोले उनीहरूका व्यक्तिगत सोच र व्यवहारको कारणले व्यक्तिगत वर्गका पात्र हुन् । आर्थिक दृष्टिले सम्पन्न वर्गको प्रतिनिधित्व गर्ने यी पात्रहरू सामाजिक शोषण गरी धनी बन्न सफल भएका छन् । सामाजिक शोषक र पीडक वर्गको प्रतिनिधित्व गर्ने समूहको सम्पन्नतालाई 'रावल महाजनले मीत लाउँदा गाउँबस्ती, गोठ, खुटी, सबैतिर निम्ता पठाएका थिए र तीनवटा खसी काटी सात मन दूधको खीर पकाएर भोज लाएका थिए ।'[९७] यो वाक्यांशले पुष्टि गर्दछ ।

शैक्षिक दृष्टिले हरेन म्याट्रिक पास गर्न नसकेको देखाइएको छ र डायरी महाजन ( केशरबहादुर खुलाल)को माइलो छोराले बी.ए.पढी गाउँकै माध्यमिक स्कुलमा मास्टरी गर्छ अनि कान्छो छोराले प्रवेशिका परीक्षा पास गर्न नसकेको अवस्था छ भने अन्य सबै पात्रहरू अनपढ नै रहेको पाइन्छ । यिनीहरूमा नैतिकता, बौद्धिकता एवम् कर्तव्यको भाव रत्तिभर देखिएको छैन । गरिबहरूलाई शिक्षाको एवम् ज्ञानको कुनै प्रभाव देखिँदैन । कुनै पात्रहरू राजनीतितर्फ अग्रसर भएको पाइन्छ भने  कुनै पात्रहरूमा राजनीतिको कुनै छनक नै पाइँदैन । समाजमा शोषण गर्न सक्रिय भूमिका निर्वाह गरेका यी पात्रहरू आफ्नो स्वार्थको लागि सचेत देखिएका छन् । पेशाको दृष्टिले सामाजिक शोषण गर्नु र गरिबहरूको ज्यानै लिन पनि पछि नपर्ने स्वभावका देखिएका छन् भने कतिपय पात्रहरूको मुख्य पेशा किसान र व्यापार रहेको देखिएको छ । धर्मसंस्कृतिको आधारमा हिन्दू, नेपाली र भारतीय परम्परामा आधारित देखिएको उनीहरूको नामको परिचयले उनीहरू हिन्दू धर्मावलम्बी भएको देखिन्छ ।

आसन्नताको आधारमा उपन्यासको कथानक एवम् घटनामा प्रत्यक्ष र दृश्यात्मक रूपमा संलग्न भएकोले सबै पात्रहरू मञ्चीय पात्र हुन् । आबद्धताको आधारमा यो समूहका पात्रहरूले परम्परागत र आधुनिक समाजको विकृति एवम् विसङ्गतिलाई बिम्बका रूपमा रोचक बनाएका कारण यी पात्रहरू उपन्यासको बद्ध पात्रको रूपमा रहेका छन् ।

समग्रमा उपन्यासका शोषक र पीडक समूहका पात्रहरू प्रतिकूल चरित्र भएकाले देश र जनताको मतलब नभएका वा समाजका गरिबहरूमाथि अन्याय, अत्याचार र शोषण

---

[९७] ऐजन,   पृ. १३ ।

गर्ने स्वभावका देखिएका छन् । समाजको शोषण र दमनको विकृति र विसङ्गति पक्षलाई उजागर गर्ने क्रममा यी पात्रहरू उपस्थित भएका छन् । समाजका गरिब र निमुखा मानिसहरूको शोषण गर्ने र उनीहरूको श्रममाथि राइँदाइँ गर्ने सक्रिय समूहको पर्दाफास गर्नको लागि यी पात्रहरूको चयन गरिएको हो । सामाजिक परम्परा र रीतिरिवाजको खोल ओढ्न आशीर्वाद प्राप्त यस्ता शोषक र पीडक नागरिक सोझासाझा गाउँले नागरिकलाई वर्वाद पार्न उद्द्त देखिएका छन् । हाम्रै समाजका गरिब र निमुखा मानिसहरू कसरी शोषक र जालीफटाहाको फन्दामा फस्छन ? अनि कसरी घरबार नै छोडी निरूदेश्य दिशातर्फ भैंतारिँदै विदेशी भूमिका कलालीलाग्दो जीवन बिताउन विवश हुन्छन् भन्ने कुराको माध्यम बनाएर उपन्यासको सिर्जना गरिएको छ ।

## ग. शिक्षक वर्ग

कार्यको आधारमा शिक्षक वर्ग सहायक पात्रको श्रेणीमा पर्दछन् । भारत स्वाधीनता सङ्ग्रामको आन्दोलनमा सेनानी भए तापनि गाउँमै भएका स्कुलहरूमा अध्यापन कार्य गरी समाजसेवामा सक्रिय भूमिका निर्वाह गरेका शिक्षकहरूको उपस्थितिलाई उपन्यासको मुख्य कथानकसँग  जोडेको छ । गाउँका दुःखी र गरिबका छोराछोरीलाई आफ्नै छोराछोरीसँग पढाइ शिक्षाको दियो बालेर अशिक्षालाई हटाउने चेष्टामा दत्तचित्त देखिन्छन् । शिक्षाको उज्यालो घामबाट कोही पनि वञ्चित हुन नपरोस् भन्ने उदार भावना भएका शिक्षकहरू घरघरमै गई बच्चाहरूलाई स्कुल पठाइदिनु हुन अभिभावकसँग अनुरोध गर्छन् । शिक्षाको माध्यमबाट समाजलाई सुधारी विकासका कार्यहरू गर्न कटिबद्ध शिक्षक समूहका पात्रहरू देखिएका छन् ।

लिङ्गको आधारमा शिक्षक वर्गहरू सबै पुरुष पात्र हुन् । सूर्यप्रसाद, उप्रेती पण्डित, टोपे, चन्द्रमणि, दण्डपाणि आदि पुरुष पात्र हुन् । उनीहरूको परिचय गराउने नामले र उनीहरूलाई बुझाउने क्रियापदको प्रयोगले ‘उप्रेती पण्डित हाइस्कुलमा संस्कृतका मास्टर थिए । चन्द्रमणिले आई. ए. सम्म पढेर हाल गाउँकै प्राथमिक स्कुलमा हेडमास्टरको काम गर्छ ।’[९४] उनीहरू पुरुष भएको पुष्टि हुन्छ ।

प्रवृत्तिको आधारमा शिक्षक वर्ग र नाम उल्लेखित पात्रहरू अनुकूल प्रवृत्तिका रहेका छन् । समाजको उन्नति र विकास चाहने, समयानुसार सामाजिक परिवर्तन चाहने, गरिब र

[९४] ऐजन, पृ. ११८ ।

निमुखाको हित र भलाइ चाहने, अन्याय र अत्याचार विरुद्ध आवाज उठाउने, शोषण र दमनको जरा नै उखेलेर फालेमा मात्र सामाजिक परिवर्तन हुने र सबै समान हुने कुरामा विश्वास राखी एकतामा बाँधिइ सधैँ सामाजिक भलाइमा तत्परता रहने भएकाले उनीहरू अनुकूल पात्र ठहरिन्छन् । उनीहरूको अनुकूल प्रवृत्तिको पुष्टि 'हामीले जे गरे पनि सबैले एकमत भइ गर्नुपर्छ' जता गए पनि सबै एकैतिर जानुपर्छ । हामी एक भयौँ भने सरकारलाई पनि केही गर्न कर लाग्छ हाम्रो निम्ति ।[११] माथि उल्लिखित वाक्यांशले गर्दछ । तसर्थ यी सबै व्यक्तिहरू समाज र देशको भलो गर्ने र भलो चाहने प्रवृत्तिका देखिएकाले अनुकूल पात्र हुन् ।

स्वभावको आधारमा शिक्षकवर्ग स्थीर प्रवृत्तिका देखिएका छन् । आ-आफ्नै सिद्धान्त र विचारमा अडिग देखिएका, समाजको हितका लागि एकतामा बाँधिनुपर्छ भन्ने भावना बोकेर अगाडि बढेका शिक्षक वर्गहरूमा कुनै प्रकारको विचलन नदेखिएकाले उनीहरूलाई वर्गगत पात्रको श्रेणीमा राखिन्छ । विद्यालयमा पढाउने शिक्षक भएकाले शैक्षिक दृष्टिले उनीहरू शिक्षित वर्गमा पर्दछन् । सचेत एवम् बौद्धिक भएकाले सामाजिक परिवर्तन चाहने र गरिबहरूले पनि मौका पाएमा पढ्न लेख्न सक्छन् भन्ने सकारात्मक विचार भएकाले चुनावमा समेत आफ्नो उमेदवारी दर्ता गराउन उनीहरू सक्षम रहेको देखिन्छ । आर्थिक दृष्टिले शिक्षकहरूको वर्गीकरण गर्दा सबै शिक्षकहरू एकपेट खान र एकसरो लाउन कुनै समस्या नभएको मध्यम वर्गका देखिन्छन् । राजनैतिक दृष्टिले विश्लेषण गर्दा शिक्षक वर्गमा उच्चशिक्षा हासिल गरेका, आ-आफ्ना संघसंगठनका नीति र सिद्धान्त बुझेका, समाज, देश र जनताको बारेमा जानकार भएकाले उनीहरू सचेत वर्गमा पर्दछन् । शिक्षाको दृष्टिले शिक्षकहरूको वर्गीकरण र विश्लेषण गर्दा सूर्यप्रसाद महखुटी हाइस्कुलका हेडमास्टर हुन् । केशव काकती गाउँमा आफैँले विद्यालय खोली गरिब नेपालीहरूका छोराछोरीलाई पढ्ने व्यवस्था मिलाइदिएका समाजसेवी हुन् । टोपे महखुटी महाजनकै गाउँको एउटा प्राथमिक स्कुलमा शिक्षक थियो । उप्रेती पण्डित हाइस्कुलमा संस्कृतका मास्टर थिए । चन्द्रमणि आई.ए. सम्म पढेर गाउँकै एउटा प्राथमिक स्कुलमा हेडपण्डित (प्रधान शिक्षक) को काम गर्छ । डण्डपाणि भने प्रवेशिका परीक्षा दोस्रो चोटिमा पास गरेर आफ्नो खेतीपाती र व्यवसायपट्टि लागेको छ । पेशाका दृष्टिले उनीहरू अध्यापक पेशामा नै सक्रिय रहेको देखिएको छ । अध्यापन, खेतीपाती र पशुपालन उनीहरूको मुख्य पेशा हो भने उनीहरू

[११] ऐजन, पृ. ४५ ।

राजनीतिमा पनि सक्रिय देखिएका छन् । धर्म संस्कृतिको आधारमा उनीहरू हिन्दूधर्माबलम्बी हुन् । हिन्दू नेपाली समाजका सदस्य भएको र उनीहरूको परिचय गराउने नामको सूर्यप्रसाद, केशव, चन्द्रमणि.......[100] आधारमा उनीहरू हिन्दूधर्मावलम्बी भएको ठहर्छ ।

आसन्नताको आधारमा शिक्षक वर्ग मञ्चीय पात्र हो । उनीहरूका कार्यहरू र प्राय: सबैजसो कुराकानी प्रत्यक्ष वा दृश्यात्मक रूपमा आएका छन् । उपन्यासको पाँचौं परिच्छेददेखि नै आफ्नो  मुख्य उपस्थिति जनाएका कारण उनीहरू मञ्चीय पात्रको रूपमा रहेका छन् । तसर्थ, उनीहरूको कार्यको आधारमा शिक्षक वर्ग मञ्चीय पात्र भएको पुष्टि हुन्छ ।

आबद्धताको आधारमा शिक्षक वर्ग बद्ध पात्र हो । उपन्यासको प्रमुख कथानक सामाजिक घटनामा आधारित भएकोले शिक्षकहरूले तत्कालीन सामाजिक कुरीति, कुसंस्कारप्रति विमति राखेको पाइन्छ । उपन्यासको कथानक एवम् घटनाक्रमलाई शिक्षकहरूको उपस्थितिले गति प्रदान गर्नुको साथै मुख्य कथानकमा प्रभाव पारेको कारणले शिक्षकहरू बद्ध पात्र हुन् ।  शिक्षकहरूलाई उपन्यासबाट अलग गर्दा औपन्यासिक संरचना नै भत्कने देखिन्छ, त्यसैले उनीहरूलाई कथानकबाट अलग गर्न मिल्दैन ।

पाँचौं परिच्छेददेखि उपस्थित भएर उपन्यासको घटना एवम् कथानकलाई गति प्रदान गर्ने शिक्षकहरू सूर्यप्रसाद, टोपे, चन्द्रमणि, गुमानसिंह आदि रहेका छन् । उनीहरूले गरेका कार्यव्यापारबाट शिक्षकहरूको मुख्य पेशा र समाजसेवी भावनालाई उपन्यासमा देखाइएको छ । सामाजिक कुप्रथाको विरोध र गरिबहरूको हकहितको लागि सक्रिय भूमिका निर्वाह गर्दै राजनीतिमा समेत सहभागिता जनाएका शिक्षक वर्गलाई सामाजिक उत्थानको माध्यम बनाउन खोजिएको छ। समाजमा विद्यमान सामाजिक कुरीति र कुप्रथाको जालोलाई च्यातेर अगाडि बढ्न सकेमा मात्र समाजको विकास हुने अनि दु:खी गरिबहरूले पनि सन्तोषको सास फेर्न पाउने कुरालाई मुख्य विषयवस्तु बनाएर उपन्यासको सिर्जना गरिएको छ ।

## घ. पुलिस सांसद तथा मन्त्री वर्ग

कार्यको आधारमा पुलिस, सांसद तथा मन्त्रीहरू **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासका गौण पात्र हुन् । उपन्यासको दशौँ र बीसौँ परिच्छेदमा मात्र आफ्नो उपस्थिति जनाएका

[100] ऐजन

पुलिस, सांसद तथा मन्त्रीहरूको सेरोफेरोमा उपन्यासको घटनाहरू घटेको पाइन्छ । उपन्यासको बीच खण्डमा आफ्नो उपस्थिति जनाए तापनि प्रत्यक्ष रूपमा रहेर कार्य गरेको देखिन्छ । कतिपय पात्रहरू प्रसङ्गवश पनि आएका छन् । जति पनि पात्रहरू यो समूहमा आबद्ध छन् तिनीहरू देश र जनताप्रति जवाफदेही एवम् सचेत रहेका छैनन् । व्यक्तिगत स्वार्थमा रहेका यी पात्रहरू रत्तिभर पनि देश र जनताप्रति संवेदनशील छैनन् । भ्रष्टाचार, कमिशन, नातावाद र व्यवस्थाप्रति आवद्ध व्यक्तिलाई जे गर्न पनि छुट रेहको सन्देश उपर्युक्त परिच्छेदमा उपस्थित पात्रको स्वार्थी चरित्रबाट प्रवाहित भएका छन् । त्यस्तै टोपे, मास्टर, गुमानसिंह, केशव काकती चाहिँ सांसदको रूपमा उमेदवारी पेश गर्छन् तर विजयी हुन सक्दैनन् । किनभने उनीहरूमा देश र जनताप्रति अपार माया छ देश र जनताको भलाइका लागि व्यक्तिको कहिल्यै भलो हुँदैन भन्ने कुरा उनीहरूबाट स्पष्ट हुन्छ ।

लिङ्गका आधारमा यो समूहमा रहेका पात्रहरू सबै पुरुष रहेका छन् । मोहिराम, उत्तम, बासुमातारी, बरा, लालबहादुर, दलवीर, विष्णुलाल, ओसी, एस.डी.सी आदि रहेका छन् र भारतकी प्रथम नारी प्रधानमन्त्री श्रीमती इन्दिरा गान्धी मात्र स्त्री पात्र हुन्। उनको नाम मात्र उल्लेख गरिएको छ । यी प्रायः सबै पात्रहरूको हिन्दू समाजको संस्कार अनुसार नामाकरण गरिएको छ ।

प्रवृत्तिका आधारमा चुनावमा पराजयको सामना गरेका टोपे, गुमानसिंह र काकतीबाबू अनुकूल पात्र र अरू सबै प्रतिकूल प्रवृत्तिका रहेका छन्। भोलिपल्ट एस.डी.सी.को चिठी लिएर आफैँ थानामा पुगी त्यहाँ ओ.सी.लाई भरपुर दक्षिणा दिएर दुई-चार जना पुलिस मागी, तिनलाई साथमा लिएर महाजन छपडी पुगे ।[101] यसबाट उनीहरू प्रतिकूल प्रवृत्तिका रहेका कुराको पुष्टि हुन्छ । उनीहरू सबैजना देश र जनतालाई लुट्ने र भुट्ने कार्यमा अग्रसर भएका छन् । राष्ट्रिय स्तरका कार्यकर्ता विकासको पैसा बाँडेर खाने, सोझा साझा जनतालाई फसाउने, खुस खाने जस्ता स्वार्थी प्रवृत्तिका कारण प्रतिकूल पात्रको श्रेणीमा परेका छन् ।

स्वभावको आधारमा सबै पात्रहरू स्थीर पात्र हुन् । देशमा भ्रष्टाचार र खुसखोरी पेशामा संलग्न भएको हुँदा र व्यक्तिगत स्वार्थमा केन्द्रित रहेको कारणले उनीहरूमा कुनै परिवर्तन नआएकाले स्थीर पात्रको श्रेणीमा पर्दछन् । जीवनचेतनाको आधारमा सबै पात्रहरू

---

[101] ऐजन, पृ. ६३।

व्यक्तिगत वर्गमा पर्दछन् । निजी स्वार्थमा केन्द्रित आफूभन्दा माथि कसैलाई बढ्न नदिने प्रवृत्ति छोटो समयमा धनी हुने चाहना जस्ता कारणले नितान्त व्यक्तिगत सोच भएकाले यो समुहका सबै पात्रहरू व्यक्तिगत वर्गभित्र पर्दछन् । आर्थिक दृष्टिले कमिशन र घुस लिने कारणले गर्दा यस वर्गका पात्रहरू सम्पन्न बनेका छन् । यसको निम्ति हरेन र बसुमातारी दुवैको गोजी मोहिरामले भरिदिन्छ भन्ने कुरा यहाँ व्यक्त गरिरहनुपर्दैन ।[१०२] यसबाट व्यक्तिको गोजी भरिएको छ भने देश र  जनतालाई घाटा भएको छ । स्थानीय र गाउँका नेता कार्यकर्ताहरू सानोतिनो कारोवारमा भागिदार हुने भएकाले उनीहरू मध्यम श्रेणीका देखिन्छन् । राजनैतिक दृष्टिले सचेतताको बाहुल्यता बढी देखिएको छ । एस. डी.सी, ओ.सी जस्ता सैनिकहरू गैरकानुनी कार्य गर्ने र व्यवस्थाको खोल ओडेका पात्रहरू असचेत वर्गमा पर्दछन् । कार्यकर्ता, नेता तथा मन्त्रीहरू सचेत एवम् असचेत दुबै वर्गमा रहे पनि उनीहरूमा चेतनाको कमी, स्वार्थी प्रवृत्ति, राष्ट्र र राष्ट्रियताप्रति गम्भीर नभएको र बौद्धिकता एवम् नैतिकताको कमी देखिएको छ । पेशाको दृष्टिले सबै पात्रहरू राजनीति र व्यवस्थालाई आफ्नो गरी खाने, लुट्ने, घुस खाने पेशा नै राजनीति भन्दा पनि विकृत राजनीतिलाई मान्न सकिन्छ । यी सबै पात्रहरू हिन्दू नेपाली समाज र संस्कारबाट आएका हुनाले धर्म संस्कृतिको आधारमा हिन्दू धर्मावलम्बी रहेका छन् ।

आसन्नताको आधारमा मञ्चीय र नेपथीय दुबै खालका पात्रहरू रहेका छन् । घटना एवम् कथानकको कार्यव्यापारमा प्रत्यक्ष एवम् दृश्यात्मक रूपमा रहेर कार्य गरेका पात्रहरू ओ.सी., एस.डी.सी मन्त्री, दलवीर, महिराम जस्ता पात्रहरू मञ्चीय पात्रको रूपमा देखिएका छन् । मुख्यमन्त्री, वन विभागका मन्त्री, इन्दिरा गान्धी, लालबहादुर  शास्त्री आदि जस्ता पात्रहरू सन्दर्भ कथानक एवम. घटनाक्रमका प्रसङ्ग एवम् विभिन्न सन्दर्भमा प्रस्तुत भएको नेपथीय पात्रका रूपमा देखिएका छन् ।

आबद्धताको आधारमा अधिकांश पात्रहरू बद्ध र मुक्त दुवै रूपमा आएका छन् । उपन्यासको कथानक एवम् घटनाक्रममा पुरुष र नारीसन्दर्भमा प्रस्तुत भएका पुलिस, नेता, सांसद, मन्त्री बद्ध र मुक्त दुवै पात्रको रूपमा प्रस्तुत भएका छन् ।

समाजमा विखलन ल्याउने नेता, पुलिस, सांसद, मन्त्रीहरूको माध्यमबाट उनीहरूको चरित्र, नैतिकता, कर्तव्य, राष्ट्र र राष्ट्रियता माथि कुठाराघात गर्ने र व्यक्तिगत स्वार्थमा

---

[१०२] ऐजन, पृ. १४९ ।

चुर्लुम्म डुबेका भ्रष्ट देखिएका छन् । जसले देश र जनतालाई अन्याय, अत्याचार, शोषण र दमनको घेरामा पार्ने कोसिस गरेका छन् । यद्यपि खराबका बीचमा पनि कोही असल व्यक्ति र असल विचार रहेका पनि हुन्छन् । सामूहिक स्वार्थलाई महत्व दिने सांसदहरू पछाडि परेका छन् र गैरकानुनी काम गर्ने, देश र जनताका विरुद्ध घात प्रतिघात गर्नेहरूको ठूलो जमात देखिएकोले नै नकारामक सोच र प्रवृत्तिहरू हावी भएका छन् ।

## ५.२ ब्रह्मपुत्रको छेउछाउ उपन्यासको चरित्रचित्रण विधि

उपन्यासकारले आफ्नो कथ्य विषयलाई पाठकसमक्ष पुऱ्याउने माध्यम नै पात्र हो । पात्रका चारित्र विशेषताहरूका माध्यमबाट कथ्य विषय सम्प्रेसित हुन्छ । पात्रको चरित्र जति सहज र स्वभाविक हुन्छ । त्यति नै कथ्य विषय सहज र स्वभाविक रूपमा अभिव्यञ्जित हुन्छ । त्यति नै पात्रको चित्रण सहज, स्वाभाविक, विश्वसनीय र प्रभावकारी रूपमा प्रस्तुत गर्नमा चरित्रचित्रण विधिको प्रयोग एक मात्र निर्विकल्प भूमिकाको रूपमा रहन्छ । त्यसैले पात्र विधानको औचित्य र त्यसको प्रभावकारिताको मूल्याङ्कन गर्दा चरित्र चित्रण विधिलाई सापेक्ष रूपमा हेर्नुपर्ने हुँदा अब यहाँ चरित्रचित्रण विधिको निरूपण गर्ने प्रयास गरिएको छ । उपन्यासकार स्वयम्ले पात्रको उपस्थितिमा आफ्नो विचार अभिव्यक्त गर्दछ । प्रत्यक्ष रूपमा पात्रको आकार-प्रकार, रूपरङ्ग, भेषभूषा, बानी व्यवहार आदिको टीका-टिप्पणी र साधारण प्रतिक्रिया प्रत्यक्ष चरित्रचित्रण विधिमा गरिएको हुन्छ । उपन्यासको प्रमुख पात्र गुमानसिंहको बारेमा उपन्यासकारले प्रत्यक्ष चरित्र चित्रण यसरी गरेका छन्– 'एउटा गरिब परिवारमा जन्मिएको गुमानेको वास्तविक नाउँ गुमानसिंह हो । इमान्दारी परिश्रम र सङ्घर्ष उसले पाएको पैतृक सम्पत्ति थिए औ दुःख र गरिबी उसलाई सदैव साथ दिने कुलदेवता । यति नै हो मर्ने व्यक्ति गुमानेका पिताको व्यक्तिपरिचय ।'[१०३] यस अनुच्छेदमा गुमानसिंहको गरिबी, पीडा, उसको विगतलाई उपन्यासकारले प्रत्यक्ष रूपमा चित्रण गरेका छन् । यस अर्थमा सैनिकमा लप्टनसम्म भएको गुमानसिंहको विगत गुमाने नामक एक गरिब किसान, ग्रामीण परिवेशको, निम्न वर्गीय व्यक्तिको रूपमा चित्रित छ । त्यसैगरी उपन्यासकी प्रमुख स्त्रीपात्र मालतीको बारेमा प्रत्यक्ष चरित्र चित्रण यस्तो रहेको छ – 'छोरी दिउँदै हिँडेकी अहिलेसम्म आएकी छैन । यत्रोबेर बाहिर बस्ने केटी त होइन त्यो ? पहिलेपहिले वरतिर परतिरका

[१०३] ऐजन, पृ. ६ ।

घरहरूमा सोधपुछ गर्छन् तर मालती फेला पर्दिन ।'[104] यस अनुच्छेदमा मालती गृहिणी भए पनि गुमाने विनाको जीवन अपूरो र अधुरो सम्झी जीवन बिताउन असम्भव ठानी ब्रह्मपुत्र नदीमा नै हेलिइ जीवनलीला समाप्त पार्छे । माथि उल्लिखित प्रत्यक्ष चरित्र चित्रणबाट गुमानसिंह र मालतीको जीवनको बारेमा वर्तमान अनि विगतलाई प्रष्ट्याइएको छ । गुमाने निम्न वर्गीय परिवारको व्यक्ति र मालती सम्पन्न र कुल घरानको व्यक्ति, ग्रामीण परिवेश, पुरुष र महिला भएको, दुबैजनाले जीवनमा संघर्ष गरेका, गुमानेले गरिबीसँग संघर्ष गरेको छ भने मालतीले गुमानेलाई पाउने संघर्ष गरेकी छ भन्ने कुरालाई उपन्यासकारले उनीहरूको चरित्र मार्फत प्रष्ट पारेका छन् । यस्तै प्रकारले नाटकीय चरित्र चित्रण मार्फत उपन्यासकारले पात्रहरूलाई उपस्थित गराएर उनीहरूलाई स्वतन्त्र रूपमा संवाद, क्रिया-प्रतिक्रियको माध्यमबाट आफ्ना विचार व्यक्त गर्न लगाउँछ ।

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा नाटकीय चरित्र चित्रण विधिको प्रयोगले कथानकमा रोचकता र कौतुहलता बढ्न जान्छ । **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा नाटकीय चरित्र चित्रणको प्रयोग यसरी भएको छ । जसलाई गुमाने र कान्छा महाजनको संवादले प्रष्ट पारेको छ–

'यहाँ कहिले आइपुगिस् ?

ई भर्खरै आउँदैछौं भन्दा पनि भो ।

को, अरू पनि छन्, कहाँ छस् तँ यस बेला ? के गर्दैछस् ?

गौहाटीमा यसो सानो एउटा स्कुलमा हल्लँदैछु !'[105]

उनीहरूको बीचमा भएको संवाद सामान्य बोलचालको भाषा भएको, मध्यम वर्गीय अवस्था, व्यक्तिगत जीवन बाँचिरहेका छन् । गरिबीको जञ्जालमा भासिएको गुमाने रोजगारीको खोजीमा भैँतारिँदै जाँदा गौहाटीको स्कुलमा पढाउन पुग्छ । गरिबीको कारण मूल घरमा नभइ गोठमा बास पाएको गुमाने पढेर शिक्षक हुँदा आफ्नै छोरी-बहिनी दिई अंशियारसमेत बनाउन तत्पर रहेको गुमाने र कान्छामहाजन बीचको सम्वादले घटना र कथानकलाई रोचक र कौतुहल बनाइ उनीहरूको विगतको जीवनलाई सरल र सहज

---

[104] ऐजन, पृ. १५६ ।

[105] ऐजन, पृ. ८४ ।

संवादको कार्यव्यापारले नाटकीय चरित्रचित्रण गरेको छ । यस्तै प्रकारले बाजे र गुमाने बीच भएको संवादले नाटकीय चरित्र चित्रणलाई पुष्टि गरेको छ–

'कहाँ हो नि यहाँ बाबूको घर ?

दरङ जिल्ला पर्छ, भित्र गाउँमा हो ।

अनि यता कहाँसम्म हो त ?

त्यसै डुल्दै हिँडेको । केही काम पाए गर्ने विचार छ ।

ए काम त थियो के रे नि । पढाइ कति छ बाबूको ?

यसै वर्ष मेट्रिक पास गरेको । प्रथम गर्जामा पास गरेको थिएँ ।

ए ! फस्ट डिभिजनमा मेट्रिक पास भए त माथि हाम्रो इस्कुलमा पो लान पर्छ क्यारे ।'[106]

यस सम्वादात्मक अनुच्छेदबाट गुमाने र बाजेको संयोगले भेट भएको, गुमाने जागिर खोज्ने सिलसिलमा बाजे देवीदत्त खरेललाई भेट्छ र खरेलको माध्यमबाट सिलाङको खानापाडाको स्कुलमा पढाउन पुग्छ । यसका अतिरिक्त देवीदत्त खरेल आसामको नागरिक भएको पुष्टि गरेको छ । यसका अलावा उनीहरूको रहनसहन, बोली, परिवेश, पृष्ठभूमिलाई नाटकीय चरित्रचित्रण मार्फत कथानकमा रोचकता पैदा भएको देखिएको छ । गुमाने र मालतीबीच भएको सम्वादले नाटकीय चरित्र चित्रणलाई अझ पुष्टि गरेको छ ।

'मालती !

किन यति ढिलो गऱ्यौ गुमान दा ? मलाई ठूलो सङ्कटमा पाऱ्यौ तिमीले, ज्यादै ढिलो भो ।

के गर्नु मालती ! जीवन इच्छा होइन रहेछ, बाध्यता रहेछ ।

अङकमा भूल गऱ्यौ तिमीले तर अनन्त शून्य हात लाग्यो मेरो । नियतिले कसरी छक्यायो ?

आखिर सबै कुरा शून्यमा गएरै त टुङ्गिदो रहेछ मालती ।'[107]

यसरी उनीहरूको बीचमा भएको संवाद सामान्य बोलचालको भाषा भएको, गुमाने गरिब परिवारको र मालती संपन्न परिवारको, दुबैले आ-आफ्नै व्यक्तिगत जीवन बाँचिरहेका

---

[106] ऐजन, पृ. ७८ ।

[107] ऐजन, पृ. १३८ ।

छन् । दुबै बीच आत्मीय प्रेम बसेको हुन्छ, दुबैले एक अर्कालाई चाहन्छन् तर धनी र गरिब बीचको अग्लो पर्खालले उनीहरूको प्रेमले विशाल वृक्षको रूप लिइ मौलाउन भने पाएन । दुबै पात्र पढेलेखेका शिक्षित रहेकाले सचेत पात्रको रूपमा चित्रित भएका छन् । उनीहरूको सम्पूर्ण क्रियाकलापले उपन्यासको पृष्ठभूमिलाई नाटकीय चरित्र मार्फत कथानकमा थप रोचकता पैदा भएको देखाइएको  छ ।

यसर्थ **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा प्रयोग भएका प्रत्यक्ष र नाटकीय चरित्रचित्रण विधिले उपन्यासको कथानकलाई सबल, सफल, रोचक कौतुहल र स्वाभाविक बनाएको छ। कथानक र घटनाक्रमलाई प्रत्यक्षभन्दा नाटकीय चरित्रचित्रण विधिबाट पात्रको चरित्रचित्रण गरिएको छ । प्रत्यक्ष चरित्रचित्रण विधिबाट कथानक गतिशील रहेको र नाटकीय विधिबाट रोचकता र कौतुहलता रहेको देखिएको छ । चरित्रचित्रण विधि मार्फत उपन्यासमा प्रयुक्त विभिन्न पात्रहरू भाषाको स्तर, परिवेश, पात्रको सामाजिक, आर्थिक, मनोवैज्ञानिक स्तर देखिने अनि उनीहरूको पृष्ठभूमि उद्घाटित हुने हुनाले पात्रको बारेमा नजिकबाट बुझ्न सकिएको छ । समग्र रूपमा **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा प्रत्यक्ष र नाटकीय चरित्रचित्रणले उपन्यासको कथानक, घटना, परिवेश, भाषाशैलीको कारणले पात्रलाई बुझ्न सहज र सरल बनाएको छ ।

## ५.३ ब्रह्मपुत्रको छेउछाउ उपन्यासको पात्र चयनको औचित्य

उपन्यासले बोकेको कथानकमा समाजमा कुनै न कुनै प्रकारको सन्देश प्रवाह भइरहेको हुन्छ । उपन्यासको कथानकलाई विभिन्न घटना र पात्रको माध्यमबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उपन्यासकारले पुष्टि गर्ने प्रयास गरेको हुन्छ । यसै सन्दर्भमा **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको माध्यमबाट उपन्यासकारले प्रवासिने र प्रवासिएका नेपालीहरूको जीवन, नेपालको जातीय, आर्थिक तथा सामन्ती शोषण आदिका कारणबाट उठीबास हुनेहरूको समस्या, बाध्यतावश देश छाड्ने तथा प्रलोभित आकांक्षा र सपना साँचेर रोजगारको खोजीमा आसाम पुग्ने नेपालीहरूको दुर्दशा, उत्पीडनहरूको यथार्थलाई विभिन्न पात्रहरूको माध्यमबाट तत्कालीन अवस्थाको परिवेश र व्यक्तिहरूको बिम्ब बनाइ प्रस्तुत गरेका छन् । सामाजिक पृष्ठभूमिमा आधारित यथार्थवादी धारको **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा अनुकूल, प्रतिकूल, शिक्षित, बौद्धिक, निरक्षर, सचेत, असचेत, प्रमुख, सहायक, गौण, पुरुष, महिला, मञ्चीय, नेपथ्य, बद्ध, मुक्त, गतिशील, गतिहीन स्थीर, अन्तर्मुखी,

बहिर्मुखी आदि प्रायः सबै वर्ग र क्षेत्रको प्रतिनिधित्व गर्ने पात्रको उपस्थिति रहेको छ । उपन्यासकारले उपन्यासको घटना, कथानक, परिवेश एवम् वातावरण अनुरूपमा स्वभाविक पात्रहरूको चयन गरेका छन् । जसलाई उपन्यासकारले उनीहरूको योग्यता, क्षमता, अवस्था एवम् यथार्थता र तत्कालीन समयको सामयिक परिदृश्यलाई समान्यीकरण गरेका छन् ।

नेपालको पूर्वी पहाडी भाग र आसामको ब्रह्मपुत्र नदीको छेउछाउकोक्षेत्रलाई औपन्यासिक पृष्ठभूमिका रूपमा लिएर लेखिएको क्षेत्रीको यस उपन्यासमा गरिब प्रवासी नेपाली तथा सामन्तीवर्गका पात्रहरूलाई मुख्य रूपमा लिइएको देखिन्छ । गुमाने, जुरेली, मानवीर, घोर्साने काइँलो, डम्बरसिंह गुरुङ जस्ता गाउँले गरिब प्रवासी नेपालीहरू किसान वर्गका अनि डायरीवाला महाजनहरू, हरेन, कार्की, जुवाइँ, रतन माडे, कान्छा महाजन, श्रीमती काकती जस्ता सामन्ती वर्गका र अरू गौण पात्रहरू उपन्यासभित्र व्यवस्थित रहेका छन् ।

गुमाने सानो हुँदा जुरेली र मानवीरले डोको र पोको बोकी निरूदेश्य दिशातिर लम्कने क्रममा डायरीवाल महाजनसँग भेट हुन्छ र उनीसँगै आसामतिर आफ्नो चिर वासस्थान बनाउँछ । दुःखीको कर्ममा जता गए पनि दुःख नै लेखेको हुन्छ भनेझैँ मानवीरले पनि आसाममा गएर दुःखैदुःखमा जीवन बितायो । गुमानेले बाबु र आमा दुबैलाई गुमाएर टुहुरो जीवन बिताउनु पर्‍यो । डायरीवाला महाजनले गुमानलेलाई आजीवन भैँसी गोठालो बनाउने सोँचमा थिए तर काकतीबाबूले आफ्नै घरमा लगी शिक्षा दीक्षा दिए । श्रीमती काकती र हरेनको अत्याचारले गुमानेको जीवन रक्षाको लागि काकतीबाबूले स्कुलमा रात्रिको चौकीदार राखिदिन्छन् । जसबाट गुमानेले आफ्नो पढाइलाई निरन्तरता दिन्छ । गुमाने र मालती दुबैले म्याट्रिक परीक्षामा सफलता हात पारी उच्चशिक्षा हासिल गर्ने तरखर गर्छन् । मालतीले मामाकै घरमा बसेर बी.ए. सम्म पास गर्छे भने गुमानेले पनि दुःख र हन्डर खाँदै बी.ए.पास गर्छ र सैनिकमा लप्टनसम्म बन्छ । अङ्गभङ्ग र अपाङ्ग जीवन लिएर गुमाने घर फर्कन्छ तर मालतीको डाक्टरसँग बिहे भइसकेको हुन्छ । मालती डाक्टरसँगको बिहेमा सन्तुष्ट हुँदिन । गुमाने विधान सभा निर्वाचनको स्वतन्त्रपार्थीको रूपमा महखुटी समिष्टिबाट मनोनयन हुन्छ तर हरेनको चालबाजीले पराजित भई गाउँकै सेवामा सेवारत रहन्छ । काकतीबाबू पनि स्वाधीनता सङ्ग्राममा सेनानी थिए, पछि चुनावमा दुईचोटी हार खाएपछि गाउँमा नै सेवामुखी देखिएका छन् । मालती आफ्नै दाजु हरेनको कुकार्यले र आफ्नो वैवाहिक जीवनप्रतिको वितृष्णाले ब्रह्मपुत्र नदीमा जीवनको आशा

समाप्त पार्छ भने छोराछोरीको जीवनबाट सुखी र खुसी हुन नसकेका काकतीबाबू सारा सम्पत्ति गुमालेलाई सुम्पेर तीर्थ गर्न हिँड्छन् भने गुमाने चाहिँ काकतीबाबूको नाममा पुस्तकालय खोली गाउँमा शिक्षाको ज्योति बाल्न चाहन्छ । तसर्थ **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा गुमानसिंह प्रमुख पात्र रहको चरित्रले तत्कालीन सामाजिक प्रथाको, प्रवासी नेपालीहरूको अवस्थाको र सामन्ती शोषण व्यवस्थाको विरोध देखाइएकोले गुमानसिंह पात्रको चयन स्वभाविक, सार्थक र अर्थपूर्ण रहेको छ ।

## ५.४ निष्कर्ष

उपन्यास बृहत् आकारको हुने भएकाले यसमा पात्रहरू ज्यादै धेरै हुन्छन् । पात्र/चरित्र जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासित सम्बद्ध भएको हुनाले यसको अध्ययन गर्नु उपन्यासको अभीष्ट ठहरिन्छ । तसर्थ उपन्यासमा चरित्रको महत्व सर्वोपरि मानिन्छ । खण्डित वा अखण्डित रूपमा भए पनि मनुष्य वा प्राणी जगत्लाई बुझ्न उसको सामाजिक जीवन र वैयक्तिक अन्तस्थितिको विश्लेषण गर्ने काम उपन्यासले गर्दछ । मनुष्य वा प्राणी जातिमा आ-आफ्ना सामाजिक र भौगोलिक विशेषताले गर्दा असङ्ख्य विविधता पाइन्छ । यसरी चारित्रिक विविधता र विषमताले मनुष्य जीवन स्वयम् रोचक बनेको छ । उपन्यासमा पात्रको सहायताले जातीय विशेषताहरू, मानवीय शाश्वत सत्यहरू र व्यक्तिगत एवम् वर्गगत प्रवृत्तिगत विशेषताहरू उद्घाटित हुन्छन् । त्यसैले पात्रले प्रमुख तत्त्वको रूपमा स्थान पाएको छ । पात्रकै माध्यमबाट उपन्यासमा पात्रको अवस्था, क्रियाकलाप आदि पक्षले महत्व राख्ने हुँदा पात्रविधानले उपन्यासमा प्राथमिकता पाएको छ ।

पात्रलाई चरित्र पनि भनिन्छ । चरित्र मानवीय र मानवेतर हुन्छन् । यस संसारमा अथवा हामी बसेको समाजमा जसरी विभिन्न स्वभाव वा प्रवृत्ति भएका ठूलासाना मानिसहरू हुन्छन्, त्यसरी नै उपन्यास तयार पार्दा उपन्यासकारले विभिन्न प्रकारका मानिसहरूलाई पात्रका रूपमा राखेर तिनीहरूको चरित्रमा पाइने विशेषताहरूको चित्रण गर्ने गर्दछन् । मानिसहरू कोही उदारवादी हुन्छन् भने कोही सङ्कीर्णतावादी, कोही कट्टर राष्ट्रवादी हुन्छन् भने कोही राष्ट्रघाती, त्यसरी नै कोही चाहिँ मानवतावादी, सामाजिक र नैतिकतावादी पनि हुन्छन् । यसरी कुनै खास व्यक्तिको आन्तरिक परिचय जे हो, त्यसलाई त्यही रूपमा उपन्यासमा प्रस्तुत गर्ने विधि वा कलालाई नै चरित्रचित्रण भनिन्छ ।

उपन्यासकारले उपन्यासमा के भन्न चाहन्छ ? उसको जीवन दृष्टि कस्तो छ भन्ने कुराको प्रस्तुति र तिनबाट प्राप्त हुने शिक्षाबाट अवगत गर्न सकिन्छ । पात्रकै अस्तित्वले उपन्यासलाई आदिदेखि अनादिसम्म डोऱ्याएको हुन्छ । पात्रको छनोट, प्रस्तुति, निर्माण कला र सौन्दर्यसँग सम्बन्धित हुन्छ । पात्र र तिनका प्रकारहरू उपन्यास र पात्रको सन्दर्भमा बराबर चर्चामा आइरहने प्रसङ्गहरू हुन् । त्यसैले उपन्यासमा पात्रहरूको कति महत्वपूर्ण भूमिका रहेको हुन्छ । उपन्यासमा पात्रहरूको स्तर र मनोदसा अनुरूप उनीहरूको कार्यव्यापार यथार्थ र जीवन्त बन्छ । आधुनिक उपन्यासहरू प्रायःजसो पात्र केन्द्रित नै हुन्छन्। उपन्यासका पात्रहरू बाह्य परिस्थिति भन्दा आन्तरिक स्थितिबाट विकसित हुने गर्दछन् । पात्र केन्द्रित हुनु भनेको उपन्यासको विषयवस्तु फराकिलो हुनु हो । उपन्यासमा पात्रहरू विचार सम्प्रेषणका माध्यम हुने भएकाले पात्रविधान उपन्यासकारको कलाकारिताको चिनारी हो । पात्रहरू उपन्यासको सारतत्व एवम् विचारलाई सजीवन बनाउने माध्यम हुन् । उपन्यासबाट दिन खोजिएको सन्देश पात्रका माध्यमबाट अवगत गर्नुका साथै उनीहरूको विचार, गति, संवाद र उद्देश्यमा पनि विस्तार भएको हुन्छ । पात्रको विकास र विस्तार गर्ने सम्बन्ध उद्देश्यसित गाँसिएको हुनाले यसै अनुरूप सकारात्मक र नकारात्मक पात्रको उत्पत्ति र विकास हुन्छ । पात्र बीचको द्वन्द्वमा नै उनीहरूको चारित्रिक विकास र निर्माणको अवस्था भर पर्दछ । सजीव पात्रहरू गतिशील हुने भएकाले पाठकलाई आनन्द र शिक्षा प्रदान गर्दछन् । यसर्थ उपन्यासमा पात्रको विकास भन्नु नै कथानक र उद्देश्यको विकास हुनु हो । उपन्यासलाई जीवन बनाइ राख्न पात्रको महत्वपूर्ण स्थान रहेको छ ।

प्रस्तुत **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पात्रहरूले कुनै न कुनै पक्षको प्रतिनिधित्व गरेका छन् । नेपाली समाजमा र विदेशी भूमिमा देखा परेका विकृति, विसङ्गति, शोषण, दमन, भय र त्रासको स्थितिमा र परिस्थिति अनुरूप देश र जनतालाई अवसरवादी, गैर जिम्मेवार स्वार्थी व्यक्तिहरू, शोषण-दमन र शोषित पीडितले ब्रह्मपुत्रको छेउछाउको जञ्जालमा वा घेरामा फसाउन खोजेको प्रसङ्ग एवम् घटनाक्रमलाई छर्लङ्ग पार्नको लागि विभिन्न चरित्रको संयोजन गरिएको छ ।

औपन्यासिक कार्यगत आधारमा हेर्दा **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा जम्माजम्मी पचास (५०) जना पात्रहरूको उपस्थिति रहेको देखिन्छ । उपन्यासको प्रमुख पात्र गुमानसिंह गरिब नेपालीको छोरो हो । ऊ आफ्नो आमाबाबुसँग प्रवासिएर भारतको आसाममा पुग्दा

पनि समस्या ज्युँकात्युँ रहेको स्पष्ट हुन्छ । गुमानसिंह पढेर समाजलाई परिवर्तनमुखी बनाउन चुनावमा उमेदवारीसमेत पेश गर्छ तर समान्ती प्रथाले घुँडा नटेकुन्जेल गुमाने जस्तो इमान्दारी कर्तव्यपरायण र नैतिकतावान व्यक्तिको पराजय संभव देखिएको छ । गुमाने र काकतीबाबू विदेशिएर समस्याको समाधान हुन्छ कि भनेर समस्याको समाधान खोज्ने प्रयासमा निर्मित पात्रहरू हुन् भने अर्को समर्थनमा आदर्शतुल्य दृश्टान्त भई उपस्थित हुन्छ । सफलता-विफलता भनेको भविष्यले गर्ने निक्यौंल हो, त्यसबाट डराएर कुनै कुराको उत्तर दिन सक्तैनौं, समाधान निकाल्न सक्तैनौं । यसर्थ स्वअस्तित्वको पहिचानका साथै मानवीय मुक्तिको भावनाले सामाजिक संघर्षमा अग्रसर हुने गुमानलेलाई उठाइएको छ । गुमाने विफल हुन्छ, त्यस्तै विफल हुन्छ, काकतीबाबु पनि । यो विफलताले उनीहरूको प्रयत्नशील जीवनको सार्थक सोचाइ र जीवन्ततालाई धमिल्याइँदैन, न त अवमूल्यन गर्छ । बन्दै बिग्रँदै परिस्थितिसँग लाप्पा खेलेर दुबैले दुबैलाई हाँकिरहने प्रक्रियामा कहिले जितिन्छ, कहिले हारिन्छ । गुमानेको निष्फलताले स्वाभाविक र यथार्थसम्मत परिस्थितिलाई दिग्दर्शित गर्छ । त्यसरी नै इङ्गित गर्छ तत्कालीन सामाजिक परिप्रेक्षमा काकतीबाबूको पराजित जीवनले पनि । यति सहज, सुगम कहाँ हुन्छ समाजलाई बदल्नु, जसका निम्ति लडिन्छ, भिडिन्छ । देदीप्यमान सत्य त त्यसको बीजारोपण हो, जुन चेतना र न्यायका निमित्त मान्छे क्यै गर्ने साहस बटुल्छ । गुमाने त्यसको बिम्ब हो र अरू सबै गौण र तपशिलका पात्र हुन् ।

आसामका डायरीवाला महाजनहरू र हरेनहरू जस्ता जाली-फटाहा र शोषक मानिसहरू नेपालमा पनि रहेका कुरालाई नकार्न सकिँदैन । यस्ता शोषकहरूले गरिब तथा सोझासाझा इमान्दार मानिसहरूमाथि अन्याय र अत्याचार गरेका कारण गरिबहरूका जीवन झन कष्टकर बन्दै गएको पुष्टि हुन्छ । शोषित हुनेहरू नेपालमा मात्र होइन, अन्यत्र पनि छन् भने शोषक, गरिबमाराहरूको राइँदाइँ, सम्राज्य रहेको यस स्थितिमा जहाँ गए पनि तिनीहरूकै वशीभूत हुनुपर्ने बाध्यता र कर्मका हुतभागी बनेको शोषक वर्गको खोल ओडेका डायरीवाला महाजनहरू र हरेनहरू त्यसको बिम्ब हो । यिनीहरूले सम्पन्न, अवसरवादी, शोषकको प्रतिनिधित्व गरेका छन् ।

सूर्यप्रसाद, जयप्रसाद, टोपे, आसामेली जनता जस्ता पात्रले मध्यम वर्गीय समाजको र गुमाने, जुरेली, मानवीर, विष्णुबाबू, डम्बरसिंह गुरुङ जस्ता पात्रले निम्न वर्गीय समाजको

प्रतिनिधित्व गरेका छन् । यस्ता निर्धन र शोषित जनताहरूमाथि समाज र राष्ट्रलाई अँध्यारो खाडल एवम् जञ्जालमा धकेल्ने महाजनहरू र हरेनहरू शक्तिशाली देखिन्छन् ।

सिङ्गो समाज र जनतालाई मार्गनिर्देशन गर्ने शाषकहरू सही मार्गतर्फ उन्मुख भए पनि शक्तिको पहुँचको बलमा समाजका मानिसहरूलाई भय र त्रासमा बाँच्न बाध्य तुल्याइउने सीमित व्यक्तिको वर्चस्व रहेको देखिन्छ । एउटै घरमा रही एकै भान्सामा खाना खाएका शाषकहरू मानवीर, जुरेली, घोर्साने काइँलो जस्ता गरिबहरूमाथि रजाइँ गर्ने र श्रम शोषण गरी जीवनमा अघि बढ्न नसक्ने गरी घाँटी निमोठ्न गरिएको दमनले राष्ट्र र जनतामाथि दनम गरिएको ठहर्छ । त्यस्तै प्रकृति बह्मपुत्र नदीले पनि यिनै गरिबमाथि अन्याय गरिरहेको देखिएको छ । सामाजिक कुरीति, कुसंस्कार र अन्धविस्वासको उपन्यासकारले खिल्ली उडाएका छन् । प्रवासिएर मात्रै समस्या समाधान नहुने कुरालाई उपन्यासकारले जोड दिएका छन् । प्रवासिनुको मुख्य कारण अमानुषिकता, अविवेक, अज्ञान र अचेतनावस्था नै हो भन्दै आफ्नै देशमा बसी संघर्ष गर्ने प्रेरणा उपन्यासकार लीलबहादुर क्षेत्रीले हाम्रै समाजको बर्बर रूपलाई पाठक समक्ष प्रस्तुत गरी स्रष्टाको सत्य, यथार्थ, धर्म र कर्मको दायित्वलाई पूर्ण रूपमा निर्वाह गरेका छन् ।

ब्रह्मपुत्रको छेउछाउ उपन्यासका पात्रको भूमिकाको आधारमा वर्गीकरण

| क.सं. | पात्रको नाम | मूल पात्र | सहायक पात्र | गौण पात्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | गुमानसिंह | Õ | | | |
| २ | मालती | Õ | | | |
| ३ | केशव काकती | | Õ | | |
| ४ | डायरीवाला महाजन | | Õ | | |
| ५ | हरेन | | Õ | | |
| ६ | मानवीर | | Õ | | |
| ७ | श्रीमती काकती | | Õ | | |
| ८ | सूर्यप्रसाद | | Õ | | |
| ९ | चन्द्रमणि | | Õ | | |
| १० | देवीदत्त खरेल | | Õ | | |
| ११ | टोपे | | Õ | | |
| १२ | दण्डपाणि | | Õ | | |
| १३ | जयप्रसाद | | Õ | | |
| १४ | घोर्सानि काइँलो | | | Õ | |
| १५ | जुरेली | | | Õ | |
| १६ | मुना | | | Õ | |
| १७ | रतन माडे | | | Õ | |
| १८ | उप्रेती पण्डित | | Õ | | |
| १९ | डाक्टर | | Õ | | |
| २० | उर्मी | | | Õ | |
| २१ | माने | | | Õ | |
| २२ | जेठी महारानी | | | Õ | |
| २३ | कान्छी महारानी | | | Õ | |
| २४ | बमबहादुर लिम्बू | | | Õ | |
| २५ | नन्दलाल | | | Õ | |
| २६ | कान्छा महाजन | | | Õ | |
| २७ | पण्डित गेहनाथ | | | Õ | |
| २८ | बैदाङ्गे लामा | | | Õ | |
| २९ | मैमानसिंह | | | Õ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | प्रसाद बाबू | | Õ | | |
| ३१ | बसुमातारी | | | Õ | |
| ३२ | विष्णुबाबु | | | Õ | |
| ३३ | सिपाही पराजुली | | | Õ | |
| ३४ | नारायण (जेठा महाजन) | | | Õ | |
| ३५ | एस.डी.सी | | | Õ | |
| ३६ | ओ.सी. | | | Õ | |
| ३७ | मिजार | | | Õ | |
| ३८ | वीर लाछित | | | Õ | |
| ३९ | डाक्टर (वरुण वैश्य) | | | Õ | |
| ४० | माइला महाजन | | | Õ | |
| ४१ | दलवीरसिंह | | | Õ | |
| ४२ | भक्तबहादुर | | | Õ | |
| ४३ | सी. बी. | | | Õ | |
| ४४ | मन्त्री | | | Õ | |
| ४५ | धनसिंह | | | Õ | |
| ४६ | बजिराम थापा | | | Õ | |
| ४७ | रविलाल | | | Õ | |
| ४८ | मोहिराम | | | Õ | |
| ४९ | विष्णुलाल | | | Õ | |
| ५० | कादिरमियाँ | | | Õ | |

## ब्रह्मपुत्रको छेउछाउ उपन्यासका पात्रहरूको तालिकागत चरित्र वर्गीकरण

| क्र. | पात्रको नाम | कार्य | | | लिङ्ग | | स्वभाव | | आसन्नता | | आबद्धता | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स. | | प्रमुख | सहायक | गौण | पुलिङ्ग | स्त्रीलिङ्ग | गतिशील | गतिहीन | मञ्ची | नेपथ्यीय | बद्ध | मुक्त | व |
| १ | गुमानसिंह | Õ | × | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| २ | मालती | Õ | × | × | × | Õ | Õ | × | Õ | × | Õ | × | [illegible] |
| ३ | केशव | × | Õ | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| ४ | डायरी | × | Õ | × | Õ | × | × | Õ | Õ | × | Õ | × | [illegible] |
| ५ | हरेन | × | Õ | × | Õ | × | × | Õ | Õ | × | Õ | × | [illegible] |
| ६ | मानवीर | × | Õ | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| ७ | श्रीमती | × | Õ | × | × | Õ | × | Õ | Õ | × | Õ | × | [illegible] |
| ८ | सूर्यप्रसाद | × | Õ | × | Õ | × | Õ | × | Õ | | Õ | × | [illegible] |
| ९ | चन्द्रमणि | × | Õ | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| १० | देवीदत्त खरेल | × | Õ | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| ११ | टोपे | × | Õ | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| १२ | दण्डपाणि | × | Õ | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| १३ | जयप्रसाद | × | Õ | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| १ | उप्रेती पण्डित | × | Õ | × | Õ | × | Õ | × | Õ | × | Õ | × | [illegible] |
| १५ | डाक्टर | × | × | × | Õ | × | Õ | × | Õ | × | Õ | | [illegible] |
| १६ | प्रसाद बाबू | × | × | × | Õ | × | Õ | × | Õ | × | Õ | | [illegible] |

## परिच्छेद : छ

# निष्कर्ष

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासका रचयिता लीलबहादुर क्षेत्रीको जन्म वि.सं.१९८९ फागुन १८ गते भारतको पूर्वी राज्य आसामको गुवाहाटीमा भएको हो । स्वर्गीय पिता प्रेमबहादुर क्षेत्री र माता पवित्रादेवी क्षेत्रीका सुपुत्र लीलबहादुर क्षेत्रीले गुवाहाटी विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तरसम्मको शिक्षा आर्जन गरेका छन् । आसाम पुलिसका डी.एस.पी. भएका बाबुका छोरा भएका कारण क्षेत्रीको बाल्यकाल सुखसँग बित्यो भन्न सकिन्छ । सानैदेखि नेपाली साहित्य लेखनमा लागेका क्षेत्री नेपाली वाङ्मयका प्रायः सबै विधामा कलम चलाएर प्रसिद्धि कमाएका एकजना विशिष्ट प्रतिभा हुन् । कथा, निबन्ध, नाटक, कविता र उपन्यास जस्ता बहुविध विधामा परिपक्व देखिएका क्षेत्रीको बहुमुखी स्रष्टा व्यक्तित्वले यी विविध विधाहरू मध्ये उपन्यासको क्षेत्रमा बढी फस्टाउने मौका पाएको छ । उपन्यासकार क्षेत्रीले स्कुले विद्यार्थी जीवनमा सन् १९४९ मा बुललेटको रूपमा प्रकाशित 'शिवस्तुति' नामक कविता लेखनबाट सुरु भएको साहित्य यात्रा पछिल्लो समयमा आएर गद्य लेखनमा विकसित भएको देखिन्छ । गद्यलेखनमा उपन्यास विधामा सशक्त रूपमा कलम चलाएका लीलबहादुर क्षेत्रीका चारवटा उपन्यास प्रकाशित भएका छन् । वि.सं.२०१४ सालमा प्रकाशित **बसाइँ** उपन्यासद्वारा क्षेत्रीको विधिवत रुपमा औपन्यासिक यात्रा आरम्भ भएको छ । त्यस्तै वि.सं.२०२६ सालमा **अतृप्त**, वि.सं.२०४३ मा **ब्रह्मपुत्रको छेउछाउ** र वि.सं. २०६१ मा **प्रतिध्वनिहरू विस्मृतिमा** प्रकाशित उपन्यासहरू हुन् । सन् १९५२ सालमा **युगवाणी** पत्रिकामा प्रकाशित 'कर्तव्य' नामक कथाबाट उनको साहित्यिक गद्यलेखनको थालनी भएको पाइन्छ । हालसम्म **'कर्तव्य'** (सन् १९५२), **'सानीकी आमा'** (सन् १९५२), **'जीवनको बत्ती निभ्यो'** (सन् १९५५), **'गोठालोको सपना'** (सन् १९५५), **'वास्तविकता'** (सन् १९५६), **'मुगाको चोलो'** (सन् १९५६) कथाहरू र **'तीन दशक : बीस अभिव्यक्ति'** (सन् १९८३) कथासङ्ग्रह; **'जीवन चक्र'** (सन् १९५६) कविता; **'नेपाली साहित्यमा देशप्रेम'** (सन् १९६५), **'आसाममा नेपाली भाषाको साह्रो-गाह्रो'** (सन् १९६१), **पूर्वाञ्चल भारतीय नेपाली कथा साहित्य र पत्रकारिताको इतिवृत्त** (सन् १९९६), **तीज** (सन् १९६७), **आसामको नेपाली जनजीवन र भानुभक्त** (सन् १९६७), **कवि पद्मप्रसाद ढुङ्गाना र तिनका रचनाहरू** (सन् १९६७), **अलवेयर कामु** (सन् १९६७) निबन्ध र **पूर्वाञ्चलमा नेपाली पत्रकारिता** (हाम्रो ध्वनि,

वर्ष ६, अङ्क ५६) निवन्धसङ्ग्रह; **दोबाटो** (वि.सं. २०२४), **माँग** (सन् १९६७), **शुरूको शुरू** (वि.सं. २०४४), **पञ्चामृत** (सन् १९७२) नाटकहरू आदि क्षेत्रीका सफल कृतिहरू देखिन्छन् ।

आधुनिक नेपाली उपन्यासका क्षेत्रमा लीलबहादुर क्षेत्री आदर्शवादी उपन्यास लेखनका संस्थापक रूद्रराज पाण्डे, स्वच्छन्दतावादी उपन्यास लेखनका उपन्यासकार रुपनारायण सिंह एवम् यथार्थवादी उपन्यास लेखनका प्रवर्तक लैनसिंह बाङ्देल पछि देखा परेका उपन्यासकार हुन् । सामाजिक यथार्थवादी मान्यता बोकेर देखा परेका उपन्याकार क्षेत्री उपन्यास लेखनका दृष्टिले शङ्कर कोइराला, विजय मल्ल, इन्द्रबहादुर राई आदिका समकालीन रहेका छन् भने यस पछि देखा परेका परशु प्रधान, विनोदप्रसाद धिताल, इन्दिरा प्रसाई आदि उपन्यासकारहरू उत्तरवर्ती हुन् । यसरी नेपाली उपन्यास लेखन परम्परामा अध्यावधि आफ्नो कलम चलाइ रहेका क्षेत्री आसामका सर्वप्रथम र सर्वश्रेष्ठ नेपाली उपन्यासकारका रूपमा सम्मानित एवम् प्रतिष्ठित छन्। हालसम्म क्षेत्रीद्वारा लेखिएका चारवटा उपन्यासहरू प्रकाशित भएका छन् । यिनका अतिरिक्त कथासङ्ग्रह, नाटक, एकाङ्की आदि पनि प्रकाशित भएका छन् र आज पनि यो क्रम जारी नै रहेको छ । लीलबहादुर क्षेत्रीले **तीन दशक : बीस अभिव्यक्ति** कथासङ्ग्रह र **ब्रह्मपुत्रको छेउछाउ, प्रतिध्वनिहरू विस्मृतिमा** नामक तिन पुस्तकका लागि भारतका विधिन्न साहित्यिक संघसंस्थाहरूद्वारा पुरस्कार प्राप्त गरेका छन् । यसरी क्षेत्रीले आफ्नो मूर्त योगदान आफ्ना साहित्यिक कृतिहरूमा सुरक्षित राख्दै आएका छन् ।

उपन्यासकार लीलबहादुर क्षेत्रीका साहित्यिक सफलता **बसाइँ** (वि.सं. २०१४)को प्रकाशनपश्चात भएको पाइन्छ । हालसम्म चारवटा उपन्यास प्रकाशित गराएका क्षेत्रीको औपन्यासिक यात्राको कालावधिलाई मोटामोटी चार चरणमा भाग गरेर अध्ययन गरिएको छ । पहिलो चरणको उपन्यास **बसाइँ** पहिलो भएर पनि अत्यन्त चर्चित, सफल र लोकप्रिय बन्न पुगेको छ । विषयवस्तु शैली-शिल्पका दृष्टिले पनि यस उपन्यासले क्षेत्रीको उपन्यासलेखनलाई गहकिलो बनाएको छ । **बसाइँ**मा क्षेत्रीले नेपाललाई नै यसको औपन्यासिक पृष्ठभूमि बनाएका छन् । यस उपन्यासमा सात सालको क्रान्तिपूर्व र क्रान्तिउत्तरका पूर्वी पहाडी गाउँले गरिबहरू बीच के कस्ता समस्याहरू थिए भन्ने कुरालाई सङ्केत गर्दै नेपालीहरू प्रवाशिनुको कारण पहिल्याउने ध्येय उपन्यासकार क्षेत्रीको रहेको पाइन्छ । क्षेत्रीको दोस्रो उपन्यास **अतृप्त** चाहिँ नायकको रोगी मनको विश्लेषणमा आधारित

मनोवैज्ञानिक यथार्थवादी उपन्यास मानिन्छ । मानवीय मनोवृत्तिको यथार्थलाई उपन्यासकारले यस उपन्यासमा राम्रोसँग प्रस्तुत गरेका छन् । आत्मपरक शैलीको प्रभाव रहेको यो उपन्यास शैलीशिल्प र विषयवस्तुका दृष्टिले **बसाइँ**को तुलनामा उच्च रहेको छ ।

उपन्यासकार लीलबहादुर क्षेत्रीको औपन्यासिक लेखननको तेस्रो चरणका उपन्यास **ब्रह्मपुत्रको छेउछाउ** तेस्रो र सफल उपन्यासको रूपमा रहेको छ । यस उपन्यासमा चाहिँ क्षेत्रीले प्रवासी नेपाली खास गरेर भारतको आसाम राज्यमा बस्ने रैथाने नेपालीहरूको जीवनलाई समष्टिगतरूपमा हेर्न चाहेका छन् । यस उपन्यासमा आसामका नेपालीहरूको सामाजिक, आर्थिक, राजनैतिक, ऐतिहासिक तथा सांस्कृतिक आदि जस्ता पक्षहरूको वर्णन विश्लेषण निबन्धात्मक रूपमा उपन्यासकारले प्रस्तुत गरेका छन् । यसरी वर्णन र विवरणको प्रधानता रहेको **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा आसामे राजनीति, चुनाव, युद्ध आदि समस्याहरूले थिचेका नेपालीहरू ब्रह्मपुत्रका छेउछाउमा धेरै छन् भन्ने देखाउनु यसको अभीष्ट रहेको छ । यस उपन्यासमा स्थानीय भाषाको प्रयोग पनि गरिएको छ । विषयवस्तुको गहनता, शिल्प-शैलीको प्रधानता रहेको क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ** उनका चारवटै उपन्यासहरू मध्येको उत्कृष्ट र सफल उपन्यास ठहर्छ । 'भारतीय साहित्य अकादमी' पुरस्कारद्वारा पुरस्कृत यस उपन्यासले उपन्यासकार क्षेत्रीलाई एक सफल तथा विशिष्ठ उपन्यासकारका रूपमा स्थापित गरेको छ ।

उपन्यासकार लीलबहादुर क्षेत्रीको औपन्यासिक लेखनको चौथो चरणका उपन्यास **प्रतिध्वनिहरू विस्मृतिमा** (वि.सं.२०६१) आजसम्मको पछिल्लो र सफल उपन्यासको रूपमा रहेको छ । क्षेत्रीका आफ्ना पुज्य पिता स्व. प्रेमबहादुर र माता पवित्रादेवीको स्मृतिमा समर्पित मात्र होइन उनीहरूकै जीवनयुद्ध, जीवनचक्रमा आधारित यस उपन्यासका आफ्नै आधार र विशेषता रहेका छन् । नेपालको धनकुटाबाट प्रेमबहादुर आसाम पुगे, अनि गाईबस्तुको हेरविचार गर्दै पुलिसमा भर्ना भई झन्डै पैँतीस वर्ष लामो सेवामय जीवन व्यतीत गरेका सेवानीवृत्त सैनिक प्रेमबहादुरको वास्तविक जीवनीमा आधारित यथार्थ घटना हो । गुवाहाटीदेखि शिलाङसम्मका भौगोलिक, सामाजिक, ऐतिहासिह र सांस्कृतिक पक्षको विविध सन्दर्भलाई अनि त्यहाँसम्म पुग्दाका कथा र व्यथालाई साँच्चै नै केलाउने र चर्चा गर्ने काम उपन्यासमा भएको छ । यस उपन्यासको विषय सन् १९२१ देखि १९८०-८५ सम्मको सामाजिक धरातलमा आधारित छ । आसाममा पुगेर गाईवस्तु पाल्ने नेपाली, घरभवन आदि बनाउने नेपाली, भाषा संस्कृतिको जगेर्नामा सक्रिय बनाउने नेपाली अनि

संस्थाबद्ध हुँदै एकताबद्ध हुने नेपालीका स्वभाव, क्रियाकलापको वर्णन पनि यथास्थान यसमा गरिएको छ ।

यसरी वि.सं. २०१४ देखि उपन्यासको क्षेत्रमा उदाएका सशक्त उपन्यासकार लीलबहादुर क्षेत्रीले हालसम्म चारवटा उपन्यास लेखेर उपन्यासको क्षेत्रमा सफलता हात पारे । उनका चारवटै उपन्यास सामाजिक यथार्थवादी उपन्यास हुन् । समाजको वस्तुस्थितिलाई टपक्क टिपेर आफ्नो लेखनकालमा समेटेका हुनाले चारवटै उपन्यास हृदयश्पर्शी बन्न सफल भएका छन् ।

सामाजिक यथार्थवादी उपन्यासकार क्षेत्रीले आफ्ना उपन्यासहरूमा सामाजिक बेथितिहरू, शोषण, पीडन, सामाजिक तथा आर्थिक समस्याहरूका कारण विस्थापित नेपालीहरूको जीवन भोगाइलाई विषयवस्तु बनाएका छन् । मानव मनको यथार्थ चित्रणका साथै आत्मिक प्रेम, मित्रभाव आदि जीवनका विविध पक्षको प्रस्तुतीकरण पनि क्षेत्रीले आफ्ना उपन्यासहरूमा गरेका छन् । ग्रामीण तथा शहरीया दुबै परिवेशको चित्रण र सहज-सरल, कोमल भाषाशैलीको प्रयोग गर्नु क्षेत्रीको औपन्यासिक प्राप्ति रहेको छ ।

उपन्यासकार लीलबहादुर क्षेत्रीका उपन्यासहरूमा जीवन र जगत्को अनेकौं यथार्थको प्रतिनिधित्व गर्ने पात्रहरूको उपस्थिति रहेको देखिन्छ । त्यसैले प्रस्तुत शोधपत्रमा क्षेत्रीको 'भारतीय साहित्य अकादमी' पुरस्कारले पुरस्कृत र विभिन्न भाषामा अनुदित रहेको चर्चित उपन्यास **ब्रह्मपुत्रको छेउछाउ**मा प्रयुक्त पात्रहरूलाई काव्यशास्त्र र भाषाविज्ञानका समन्वयद्वारा निर्मित केही सिद्धान्तको आधारमा वर्गीकरण गरी तिनको अध्ययन विश्लेषण गरिएको छ । यस्ता आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धता गरी जम्मा सात वटा रहेका छन् । लिङ्गका आधारमा पुरुष र स्त्री, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवनचेतनाका आधारमा वर्गगत र व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र नेपथीय आबद्धताको आधारमा बद्ध र मुक्त गरी उपवर्गहरूमा विभाजन गरेर तिनका रूपछविको विश्लेषणात्मक अध्ययन गरिएको छ । यसरी अध्ययन गर्दा क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा स्त्री भन्दा पुरुष धेरै, प्रतिकूल र अनुकूल चरित्रहरू बराबर रहेका छन् । अनुकूल पात्रहरू सहभागी, त्यागी, इमान्दारी आदि सकारात्मक प्रवृत्तिका देखिन्छन् । गुमाने, केशव काकती, सूर्यप्रसाद, टोपे, डण्डपाणि अनुकूल चरित्र भएका पात्र हुन् भने प्रतिकूल पात्रहरू स्वार्थी परपीडक, व्यभिचारी, शोषक आदि

नकारात्मक प्रवृत्तिका रहेका छन् । हरेन, डायरीवाला महाजन, श्रीमती काकती आदि प्रतिकूल चरित्र भएका पात्र हुन्।

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासको प्रमुख पात्र गुमानेले शोषित पीडित जनता अनि मध्यम वर्गीय एवम् निम्न वर्गीय समाजको प्रतिनिधित्व गरेको छ । यस्ता निर्धन शोषित जनता र राष्ट्रलाई अँध्यारो खाडल एवम् अधोगतितर्फ धकेल्न हरेन, डायरीवाला महाजन, श्रीमती काकती हरेनका साथीहरू आदि पात्रहरू पाइन्छन् । यिनीहरू सम्पन्न, अवसरवादी एवम् भ्रष्ट व्यक्ति हुन् । जसले समाजमा विकृति र विसङ्गति फैलाउने काम गरेका छन् । समाज र जनताको चाहनाको बोध नभएका यी पात्रहरू सामूहिक चाहना भन्दा व्यक्तिगत चाहनामा रमाएका देखिन्छन् । सामाजिक, आर्थिक, राजनैतिक र प्रशासनिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिले राष्ट्र र जनतालाई गलत मार्गमा धकेलिरहेको र आफ्नो चङ्गुलबाट उम्कन नदिने षडयन्त्र गरेको छ । समाजका मानिसहरू दमन र त्रासबाट मुक्ति पाउन सरिक हुनुपर्ने बाध्यात्मक अवस्थाले कानुनी राज्य र मानवअधिकारको खिल्ली उडाएको देखिएको छ । सामाजिक, आर्थिक, राजनैतिक यथार्थताको विकृति र विसङ्गतिलाई सफल र सबल रूपमा **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा पस्केका उपन्यासकार क्षेत्रीले नेपाली नै नेपालीका शोषक हुन् भन्ने कुरा छर्लङ्ग पारेका छन् ।

**ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा अनुकूल पात्रहरू गुमानसिंह, केशव काकती, सूर्यप्रसाद, चन्द्रमणि, टोपे, दण्डपाणि, मालती, जयप्रसाद, देवीभक्त खरेल आदि रहेका छन् । उनीहरूको अनुकूल चरित्रको माध्यमबाट सकारात्मक विचारको सन्देश प्रवाह गरेका छन् । उपन्यासकार क्षेत्रीले तत्कालीन नेपाल र भारतको सामाजिक एवम् राजनैतिक परिवेश र अवस्थाको यथार्थ चित्रण तिनै पात्रको माध्यमबाट गरेका छन् । अनुकूल चरित्र बोकेका पात्रहरू गतिशील एवम् स्थीर स्वभावका रहेका छन् । अनुकूल चरित्र बोकेका पात्रहरू प्रतिकूल चरित्र बोकेका पात्रहरूबाट शोषित भएका छन् । **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासका प्रमुख पात्र गुमानसिंह र मालती माथि उल्लिखित अनुकूल प्रवृत्तिका सहायक पात्रहरूको चरित्र चयन तत्कालीन सामाजिक र राजनैतिक विकृति परिवेशको दृष्टिले सार्थक रहेको छ । माथि उल्लिखित पात्रहरूको चयनले उपन्यासको कथानकलाई अगाडि बढाउन, औपन्यासिक, राजनैतिक एवम् सामाजिक परिवेश निर्माण गर्न र अनुकूल चरित्र बोकेका पात्रहरू सकारात्मक विचार सम्प्रेशण गर्न सक्षम रहेका छन् । कार्यका आधारमा प्रमुख एवम् सहायक पात्र र कथानकीय कार्यव्यापारलाई गति दिएका कारण नै यस श्रेणीका पात्रको

चरित्र सबल रहेको छ । **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासमा प्रतिकूल प्रवृत्तिका पात्रहरू सहायक र गौण पात्रको रूपमा उपस्थित भएका छन् । प्रतिकूल चरित्रको माध्यमबाट उपन्यासकारले समाजमा नकारात्मक विचार प्रवाह गरेका छन् । सहायक प्रतिकूल चरित्र बोकेका यी पात्रहरू भूमिकाको दृष्टिले र औपन्यासिक कथानकको कार्यव्यापार गर्न र परिवेश निर्माणका प्रमुख रहेकाले यिनीहरूको चरित्र चयन सार्थक र औचित्यपूर्ण रहेको छ । अन्य प्रतिकूल चरित्र निर्वाह गरेका गौण पात्रहरू भने कथानकलाई अगाडि बढाउन, उपन्यासको परिवेश निर्माण गर्न र नकारात्मक विचारको सम्प्रेषण गर्न मात्र प्रयोग भएका छन् । यस्ता पात्रले उपन्यासमा खासै प्रभाव पारेका छैनन् । यसर्थ चरित्र चयनको दृष्टिले दुर्बल रेहका छन् । औपन्यासिक कथानकलाई विकास गराउने क्रममा प्रशस्तै मात्रामा गौण पात्रहरूको उपस्थिति रहेको छ । ऐतिहासिक शासकको रूपमा लालबहादुर शास्त्री, भारतकी प्रथम महिला प्रधानमन्त्री इन्दिरा गान्धी, दलवीरसिंह लोहार, विष्णुलाल उपाध्याय, मोहिराम, मुख्यमन्त्री र वनविभागका मन्त्री र सर्वसाधारण जनताहरू रेहका छन् । यिनीहरूको माध्यमबाट शासन सत्ता हत्याउने षडयन्त्र, देशको स्वाधीनताको चाहना भएका र देश स्वाधीन भइसकेपछि स्वाधीनतावादी जनताहरूको चित्रण भएको छ । यस्ता गौण पात्रहरूको चित्रण केवल उपन्यासको कथानकलाई गति दिन, रोचक बनाउन, औपन्यासिक परिवेशलाई फराकिलो पार्न र नकारात्मक एवम् सकारात्मक दुबै खालका विचारलाई सम्प्रेषण गर्न मात्र प्रयोग भएकाले यिनीहरूको भूमिकाले उपन्यासलाई केही फरक नपर्ने भएकाले यिनीहरूको चरित्र दुर्बल रहेका छ ।

उपन्यासकार क्षेत्रीको सामाजिक उपन्यास **ब्रह्मपुत्रको छेउछाउ**मा व्यक्तिगत जीवनको प्रतिनिधित्व गर्ने व्यक्तिगत चरित्र भएका पात्र भन्दा सामाजिक जीवनको प्रतिनिधित्व गर्ने वर्गगत चरित्रको प्रधानता रहेको पाइन्छ । हरेन, डायरीवाला महाजनहरू, श्रीमती काकती आदि व्यक्तिगत चरित्र भएका पात्र हुन् भने गुमाने, मालती, केशव काकती, सूर्यप्रसाद आजि वर्गगत पात्र हुन् । क्षेत्रीले धेरै जसो पात्रलाई कार्य व्यापारका लागि मञ्चमा उपस्थित गराएका छन् । सुब्बा, मन्त्रीहरू, रविलाल, मोहिराम जस्ता पात्रको नाममात्र उल्लेख गरेर नेपथ्यमै राखेका छन् । त्यसैले क्षेत्रीको यस उपन्यासका अधिकांश पात्रहरूको मञ्चमा प्रत्यक्ष रूपमा उपस्थिति रहेर कार्य गरेको देखिन्छ ।

लीलबहादुर क्षेत्रीले योग्याताको स्तर अनुसारको पात्रहरूको चयन गरेर चरित्रचित्रणमा जीवन्तता झल्काउने प्रयास गरेको देखिन्छ । त्यसैले उनको यस उपन्यासको

पात्रहरू यथार्थ धरातलमा उभिएको  अनुभव हुन्छ । कार्यव्यपार र बोलीचालीमा पनि पात्रहरूले यथार्थतालाई छुन सकेको भान हुन्छ । चरित्रहरू कथानकको गति अनुसार संचालित भएका पाइन्छन् । घटना र चरित्रलाई विश्वसनीय बनाउन वातावरणको पनि सजीव चित्रण गरेको देखिन्छ । क्षेत्रीको **ब्रह्मपुत्रको छेउछाउ** उपन्यासका पात्रहरूको कार्यथलो भारतको आसाममा पर्ने ब्रह्मपुत्र नदीको छेउछाउ नै हो । त्यसैले नेपालीहरूको आसामेली समाज र प्रकृतिलाई कतै चित्रात्मक, कतै दृश्यात्मक शैली प्रस्तुत गरेर क्षेत्रीले आफ्नो उपन्यासमा चित्ताकर्षक रूपमा स्थानीय रङ्गको सन्निवेश गरेको प्रतीत हुन्छ ।

निष्कर्षमा भन्नुपर्दा नेपाली साहित्यजगत्मा प्रवासबाट देखिएका बहुमुखी प्रतिभाका धनी उपन्यासकार लीलबहादुर क्षेत्री सामाजिक यथार्थवादी उपन्यासकार हुन् । क्षेत्रीले नेपाली उपन्यास साहित्यमा संख्यात्मक र गुणात्मक दुबै दृष्टिले सफल सामाजिक यथार्थवादी उपन्यास रचना गरी नेपाली साहित्यको भण्डार भर्ने काम गरेका छन् । साहित्यिक दृष्टिले सफल एवम् परिपक्व क्षेत्रीको योगदान नेपाली साहित्येतिहासमा महत्त्वपूर्ण र विशिष्ट ठहर्ने कुरा स्वतः स्पष्ट देखिन्छ ।

## सन्दर्भ सामग्री सूची

## सन्दर्भ पुस्तक सूची


अब्राहम्स, एम्.एच. **अग्लोसरी अफ लिटरेरी टमर्स**, ते.सं. (मद्रास : म्याकमिलन इण्डिया, इ.सं.१९९२), पृ. २०-२९ ।

**इन्साइक्लोपेडिया ब्रिटानिका** (भाग ५), (ब्रिटेन बिलियनम वेन्टन, प्रथम प्रकाशन, इ.सं. १७८६), पृ. २८२ ।

उषा, गोयल. **हिन्दी कहानी चरित्र, विकास**, (आदर्शनगर : दिल्ली रोड, इ.सं.१९८१), पृ. २० ।

क्षेत्री, लीलबहादुर. 'मेरो प्रयास' **बसाइँ**, (काठमाडौँ : साझा प्रकाशन, २०५६) ।

क्षेत्री, लीलबहादुर. **ब्रह्मपुत्रको छेउछाउ,** दो.सं, (काठमाडौँ : साझा प्रकाशन, २०५९) ।

गोउल्ड, आर्थर. एफ, **हड राइट फ्रिक्सन, द राइटर्स म्यानुअल** (भाग २), क्यालिफोर्निया : इ.टी.सी. प्रकाशन, इ.सं.१९७७), पृ. १२० ।

त्रिपाठी, वासुदेव. र अरू (सम्पा.), **नेपाली बृहत् शब्दकोश** , (काठमाडौँ : ने.प्र.प्र, २०५५), पृ. २७० ।

थापा, हिमांशु. **साहित्य परिचय**, चौ.सं. (काठमाडौँ : साझा प्रकाशन, २०५०), पृ. १७६ ।

**द एलिमेन्टस् अफ फिक्सन**, ते.सं. (अक्सफोर्ड युनिभर्सिटी प्रेस, इ.सं. १९८६) पृ. १२१ ।

द्विवेदी, राजेन्द्र. **साहित्यशास्त्रका पारिभाषिक शब्दकोश** (आत्माराम एण्ड सन्स : काश्मिरी गेट दिल्ली, इ.सं.१९५५), पृ.९३ ।

धनञ्जय, **दसरूपकम्** (बनारस : चौरवम्बा विद्याभवन), पृ. ४४ ।

निर्मम, हेमराज. **हिन्दी उपन्यासमे मध्यम वर्ग** (नई दिल्ली : मिभू प्रकाशन, इ.सं.१९६८), पृ. ६९ ।

नगेन्द्र (अनु), **अरस्तुका काव्यशास्त्र** (इलाहावाद : भारती भण्डार, इ.सं. १९८१), पृ. २ ।

प्रधान, कृष्णचन्द्र सिंह. **नेपाली उपन्यास र उपन्यासकार,** ते.सं, (ललितपुर : साझा प्रकाशन, २०५२), पृ. २६३-२७७ ।

बराल, ईश्वर. **झ्यालबाट** (काठमाडौँ : साझा प्रकाशन, २०५५), पृ. ५८ ।

बराल, ईश्वर. (सम्पा.), **नेपाली साहित्यकोश**, (काठमाडौँ : ने.रा.प्र.प्र, २०५५), पृ. १५०-१५१ ।

बराल, ईश्वर. र अरू (सम्पा.), **नेपाली साहित्यकोश** (काठमाडौँ : ने.प्र.प्र, २०५५), पृ. २७० ।

बराल, ऋषिराज **उपन्यासको सौन्दर्यशास्त्र** (काठमाडौँ : साझा प्रकाशन, (२०५७),पृ. ३३ ।

मार्क्स, कार्ल. फेडरिक एंगेल्स. **संकलित रचनाएँ**, (खण्ड १, भाग १) (बनारस : चौरवम्बा विद्यालय भवन, इ.सं.१९७०) ।

वमन, आप्टे. शिवराम, **संस्कृत हिन्दी कोश,** दो.सं. (बनारस : यस पब्लिकेसन प्रा.लि. दिल्ली, ई.सं. १९६९), पृ. ३७४ ।

विश्वनाथ, **साहित्य दर्पण**, (वनारस : चौरवम्ब संस्कृत सिरिज, इ.सं. १९९५), पृ.६५।

शर्मा, धीरेन्द्र. **हिन्दी साहित्य कोष,** (ज्ञानमण्डल : लिमिटेड बनारस, इ.सं. १९१५) पृ. ४४८ ।

शर्मा, मोहनराज. **समकालीन समालोचना सिद्धान्त र प्रयोग** (काठमाडौँ : ने.रा.प्र.प्र, २०५५), पृ. ४४२ ।

श्रेष्ठ, दयाराम. र शर्मा मोहनराज, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, (ललितपुर : साझा प्रकाशन, २०४३), पृ १११ ।

## शोधपत्र सूची

खुमराज, पाण्डे. “लीलबहादुर क्षेत्रीका आख्यानात्मक कृतिमा निहित सामाजिक यथार्थवाद”, (अप्रकशित शोधपत्र विद्यावारिधि, काशी हिन्दु विश्वविद्यालय, वाराणसी : २०६६), पृ. ८४ ।

शर्मा, कमलादेवी. “उपन्यासकार लीलबहादुर क्षेत्री र ब्रह्मपुत्रको छेउछाउको तात्त्विक विश्लेषण”, (अप्रकाशित शोधपत्र, विराटनगर : २०५५) ।

सेढाँई, देवीचरण. “लीलबहादुर क्षेत्रीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन”, ( शोधपत्र, नेपाली शिक्षण विभाग त्रि.वि.वि, कीर्तिपुर : २०४५), पृ. १ ।

## पत्रिका सूची

श्रेष्ठ, धीरकुमार. “उपन्यासकार लीलबहादुर क्षेत्री र ब्रह्मपुत्रको छेउछाउ समालोचना”, **गरिमा**, (वर्ष १६, अङ्क ३, पूर्णाङक १८३, फाल्गुन २०५४), पृ. ६५-६९ ।

क्षेत्री, लीलबहादुर. “बसाइँदेखि ब्रह्मपुत्रको छेउछाउसम्म”, **समकालीन साहित्य**, (वर्ष ३, अङ्क....पूर्णाङ्क ९, वि.सं. २०४९) ।

पराजुली, लक्ष्मीप्रसाद. “पूर्वाञ्चल भारतमा नेपाली साहित्यको विकास, चिन्तन”, **साहित्यिक सङ्कलन**, (वर्ष २, अंक २, (सन् १९६५), पृ. १०४ ।

भट्टराई, घटराज. “उपन्यासकार लीलबहादुर क्षेत्री र उनको पछिल्लो उपन्यास प्रतिध्वनिहरू विस्मृतिमा”**, समकालीन साहित्य**, (२०६१, वर्ष १५, अङ्क १, पूर्णाङ ५५, कार्तिक, मंसिर, पुस) पृ.१२७-१२९) ।